मानवका लागि मानवअधिकार
मानवअधिकारको लागि उपयुक्त संस्कृति

क्रान्ति

पणाङ्क २०
साउन २०५६

सचेतना त्रैमासिक



किन कोही छुत, कोही अछुत?

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष १, पूर्णाङ्क ३०, साउन २०५७

छुवाछूत विरोधी आन्दोलन विशेष

जातपात र छुवाछूत प्रथाका सन्दर्भमा विचारोत्तेजक लेख (**मोदनाथ प्रश्रित**), दलित मुक्ति अभियानमा थप एक पाईलाको रूपमा लिपिवद्ध लाहानको जातीय विभेद विरोधी संघर्षसंग सम्बद्ध रिपोर्ताज (**रमेशकुमार पौडेल**), नेपालका दलितहरू बीच गरीविका सम्बन्धमा अनुसन्धानमूलक लेख (**डा. शिव शर्मा**), दलित युवा नेता **विश्वेन्द्र पासवान**संगको अन्तरवार्ता, छुवाछूत विरूद्ध पाँच दशक लामो संघर्षको संघर्षशील व्यक्तित्व **भद्रमान घले** ।

थाँकी रह्यो अघ एउटै सम्झनाको दीयो– नेपालको मानवअधिकार आन्दोलनका अग्रणी योद्धा प्रकाश काफ्लेको स्मृति दिवसका सन्दर्भमा **सुशील प्याकुरेल, सुवोधराज प्याकुरेल, राजनारायण नेपाली र दशरथ बुढाथोकी**को स्मरण–लेख।

कमैया मुक्तिको घोषणापछि निम्तिएको कार्यान्वयनको समस्या र अन्य आगामी चुनौतिका सन्दर्भमा **कृष्ण गौतम**को लेख ।

जेलमा बलात्कृत मानवअधिकारको सन्दर्भमा सांसद **प्रकाश ज्वाला**, पाँच कटिया हत्याकाण्डको रिपोर्ट र **राजव**को व्यँग्य।

संस्थापक
सुशील–प्रकाश

सल्लाहकार
सुवोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
अग्निशिखा

उप–सम्पादक आत्माराम शर्मा

आवरण : किरण माली

ले–आउट : गोविन्द त्रिपाठी

व्यवस्थापन : प्रवल शर्मा

सहयोगी : गीता माली

फोटो : विमलचन्द्र शर्मा

मुद्रक
इन्द्रेणी अफसेट, बागबजार

पत्राचार
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन – २७०७७०/२७८७७०

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
द्वारा प्रकाशित

Web : www.insec-nepal.com

जारी रहनुपर्छ आन्दोलन भोलिका दिनहरूमा पनि

'र, जब त्यो शक्ति संगठित रुपमा ज्वालामुखी बन्छ र विष्फोटन हुन्छ तब मालिकहरुको साम्राज्यमा भुईचालो जानबाट कसले रोक्न सछ ?' कमैया- आन्दोलनको सन्दर्भमा गताङ्कमा 'प्राची'को उदगार यस्तै थियो । नभन्दै जब सुदूर पश्चिमको हुरी राजधानीसम्म हुन्हुनाउँदै आयो । राजधानीको सडक-सडकमा गर्जन थाल्यो । र, सहस्र गलाबाट मुक्तिको माग उर्लन थाल्यो । तब सरकार कमैया मुक्तिको घोषणा गर्न बाध्य भयो । विरोध प्रदर्शन मुक्तिको उत्सवमा फेरियो ।

तर पनि भन्नुपर्ने हुन्छ नै- हर्षको आँसु बगाउने वेला अझै भएको छैन । गद्गद् भएर एक अर्कालाई अंगालो मार्ने वेला अझै भएको छैन । चौबाटो र चौराहाहरुमा नाच्ने वेला अझै भएको छैन । र, ढुक्क भएर सुस्ताउने वेला अझै भएको छैन । हो, यो घोषणाले मालिकहरुको साम्राज्यमा भुईचालो गएको छ । हो, यो घोषणाले कमैया मुक्तिको आन्दोलनमा थप एक उपलब्धि प्रदान गरेको छ । तर पनि यो घोषणाले सम्पूर्ण मुक्ति प्रदान गरेको छैन ।

जमीन माथिको कमैयाहरुको अधिकारलाई यो घोषणाले स्थापित गर्न सकेको छैन । कर्मयोगी कमैयाहरुलाई छानो उपलब्ध गराउने बारे यो घोषणा केही बोलेको छैन । रोजगारीको ग्यारेन्टीबारे यो घोषणा मौन छ । सरकारको यो घोषणाले कमैयाहरुलाई सुनिश्चित जीवनको ग्यारेण्टी दिन सकेको छैन । र, आफ्नै घोषणाको कार्यान्वयन कसरी गर्ने हो ? त्यसको संयन्त्र समेत पेश गर्न सकेको छैन । 'तथास्तु' भन्दैमा समस्या समाधान हुनेवाला छैनन् ।

गर्न त दास-दासी मोचनको घोषणा उहिल्यै चन्द्र शम्शेरले गरिसकेका थिए । तर पनि दास-दासीहरु विभिन्न रुपमा रहीरहे । कमैयाहरुका कैयन बराजु विते, बाजे विते, बाउ विते । माथिसँगै कैयन मालिकहरु फेरिए । अर्थात कमैयाको पुस्तौं-पुस्ता बन्धक नै रह्यो । चन्द्र शम्शेरपछि कैयन राणा प्रधानमन्त्री भए । विभिन्न व्यवस्था आए । एक दशक अघि जनआन्दोलन भयो । र, त्यसले सार्वभौमसत्ता जनताको हातमा थमायो । तर कमैयाहरुको जीवन बाँधा नै रह्यो । शायद 'सार्वभौम सत्ता सम्पन्न' बाँधा जीवन !

यस मुलुकमा कमैयाहरु छन्, तिनीहरु बाँधा जीवन विताउन बाध्य छन् र मध्य युगिन दासताको बन्धनमा छन् । यति तथ्य मात्र पनि बुझ्न र पत्ता लगाउनमा समेत चन्द्रशम्शेर पछिका सात दशक विते । एक युग नै वित्यो । तब के ग्यारेण्टी छ कि मुक्ति अब पनि अल्मलिने छैन, अब पनि भड्खारोमा पर्ने छैन ? के ग्यारेण्टी छ कि मुक्ति अब पनि घुमाउरो पारामा सुटुक्क लुटिने छैन, सुटुक्क अपहरण हुने छैन ?

बुकुरोमा ताल्चा मारिन थालिसकेका कमैया, सडकमा फ्याँकिन थालिसकेका कमैया, धम्की र त्रासमा पर्न थालिसकेका कमैया, मुक्तिको घोषणासँगै अनिश्चित जीवनको डीलमा घचेटिन थालेका कमैया- यो अनिश्चयलाई सरकारले अविलम्व समाप्त पार्नुपर्छ । र, मालिकहरुबाट कमैयालाई पूर्ण रुपमा मुक्त गर्न सरकारले सम्बन्धित जिल्लामा अनुगमनको व्यवस्था गर्नुपर्छ- ताकि मुक्त भनिएका कमैयाहरु फेरि पनि मालिकहरुकै शरणमा जानुपर्ने बाध्यता नआओस् ।

कमैया-मुक्तिको शिलान्यास गर्ने इन्सेक यसतर्फ सचेत छ । यस अर्थमा जारी रहनुपर्छ आन्दोलन भोलिका दिनहरुमा पनि । स्वयं कमैयाहरु, तिनका मुक्तिका समर्थक पार्टीहरु, गैर सरकारी संघ-संस्थाहरुले आफ्ना आवाज विसाउने वेला भइसकेको छैन, आफ्ना कदम विसाउने वेला भइसकेको छैन र आफ्ना निशाना विसाउने वेला भइसकेको छैन ।

जातपात र छुवाछूत प्रथा : शास्त्रीय सन्दर्भ, वर्तमान स्थिति र समाधानको प्रक्रिया

– मोहनाथ प्रश्रित

भारत, नेपाल र हाम्रा केही छिमेकी मुलुकहरूमा हजारौं वर्षदेखि जातपात र छुवाछूतको जुन प्रथा चलेर आएको छ र अहिले पनि समाजलाई प्रभावित पारिरहेको छ, यस्तो प्रथा विश्वका अरू देशमा कहीं पनि थिएन र छैन । यो प्रथा चलेका भारत, नेपाल जस्ता देशमा बस्ने मानिसहरूले हजारौं वर्षदेखि ठूलो सामाजिक भेदभाव, घृणा र अपमान सहनु परेको छ । त्यसैले यो प्रथा यी मुलुकमा मानव जातिको कलंक बनेको छ । यसलाई हटाउन पहिलदेखि नै धार्मिक र सामाजिक आन्दोलनहरू पनि चल्दै आएका छन्, अहिले यी देशमा त्यसलाई नमान्ने संविधान र कानूनहरू पनि बनेका छन् र राजनीतिक र सामाजिक संस्थाहरू सुधारवादी र क्रान्तिकारी बुद्धिजीवीहरू यसलाई हटाउने प्रयासमा पनि लागेका छन् तर पनि समाजमा गहिरो जरा गाडेको यो प्रथा सहज रूपले हट्न मानिरहेको छैन । त्यसैले आज हामीले यसको उत्पत्ति र विकास कारण र आधारहरूको राम्रो अध्ययन गरी समाधानका उपायहरू खोज्ने र लागू गर्ने काममा अथक प्रयत्न गर्नुपर्ने भएको छ ।

कुनै कुनै धार्मिक ग्रन्थहरूले यो प्रथा मानव जातिको आदिम उत्पत्ति संगै (सृष्टिको शुरूवातसंगै) प्रारम्भ भएको भन्ने कुरा गरेका छन् र धार्मिक मानिसहरूले त्यसैलाई आधार मान्ने गरेका छन् तर शास्त्रीय ग्रन्थहरू र ऐतिहासिक तथ्यहरूको गहन विश्लेषण गर्दा वास्तविकता त्यस्तो थिएन भन्ने कुरा छर्लङ्ग देखिन्छ । भारतीय उपमहाद्वीपको आदि समाजमा "वर्णव्यवस्था" (जातपात र छुवाछूत) थिएन र त्यो पछि मात्र शुरू भएको हो भन्ने कुरा निम्न शास्त्रीय सन्दर्भहरूबाट स्पष्ट हुन्छ ।

आदिम समाजमा जातपात र छुवाछूतको भेदभाव नभएको कुरा वर्णन् गर्ने सन्दर्भमा सुप्रसिद्ध ग्रन्थ महाभारत भन्दछ :

"जात्या च सदृशाः सर्वे कुलेन सदृशास्तथा ।"

(शान्तिपर्व १०७ ।३०)

(आदिम समाजका मानिसहरू जात र कुलमा सबै समान थिए, अर्थात् त्यहाँ मानिस मानिसबीच असमानता र भेदभाव थिएन ।)

पहिले समाजमा वर्णव्यवस्था थिएन, त्यो

पछि मात्र शुरू भएको हो भन्ने कुरा वाल्मिकी रामायण बताउँछ:

"ततस्त्रेतायुगं नाम मानवानां बपुस्मताम्
क्षत्रियाः यत्र जायन्ते पूर्वेण तपसान्विताः ।

अपश्यन्तस्तु ते सर्वे विशेषमधिकं ततः
स्थापनं चक्रिरे तत्र चातुर्वर्णस्य सम्मतम् ।"
(उत्तर काण्ड ७४/११/१५)

(सत्ययुगपछि त्रेतायुग आयो र त्यहाँ बलवान् क्षत्रीयहरूले ब्राम्हणहरूले जस्तै तपस्या गर्न थाले । त्यसपछि (मनु आदि ऋषिहरूले) ब्राम्हण र क्षत्रीयहरूमा केही फरक नदेखेर चार वर्ण भएको समाज व्यवस्था कायम गरे ।

यसै कुराको पुष्टि गर्दै वर्णव्यवस्था पहिले कतै नभएको बेला भारतवर्षको दक्षिणी भागमा शुरू भएको थियो भनी लिंग पुराण भन्दछ :

"वर्णाश्रम व्यवस्था च त्रेताप्रभृति सुव्रताः
भारते दक्षिणेवर्षे व्यवस्था नेतरेहवथ ।"

(पूर्वार्ध ८९/९५)

(वर्णाश्रम व्यवस्था पहिले अन्त कतै थिएन । यो व्यवस्था त्रेतायुगबाट दक्षिणी भारतमा शुरू भएको हो ।)

सत्ययुग, त्रेतायुग आदि काल्पनिक हुन् या वास्तविक? तिनको समय कति लामो वा छोटो थियो भन्नेजस्ता कुरा विवादास्पद हुन सक्छन् । तर माथिका भनाइले वर्णव्यवस्था आदिम समाजमा नभएको र पछि मात्र त्यसको थालनी भएको हो भन्ने कुरालाई राम्ररी पुष्ट्याउँछन् ।

अहिलेको हिन्दू धर्मको पूर्वरूप वैदिक धर्म थियो । वैदिक समाजका शुरूका आर्यहरूले गाउने गरेका गीत वा ऋचाहरूबाट पनि त्यसबेला समाजका मानिसहरू समान थिए र त्यहाँ जातपातको भेदभाव थिएन भन्ने स्पष्ट हुन्छ -

"समानोमन्त्रः समितिः समानी,
समानं मनः सहचित्तमेषाम् ।"

"समानी वः आकूतिः समानी
हृदयानि वः समानमस्तु वो मनो यथा
वः सुसहासति ।"

(ऋग्वेद १०/१९/३/४)

(तिमीहरूका मन्त्र, समिति, मन र चित्त समान होऊन् । तिमीहरू एउटै कामना एउटै भावना र बुद्धिले सुसंगठित भएर समान काम गर ।)

"समानं प्रपा सहवोन्नभागः ।"

(अथर्व, पैप्पलाद ५/१९६)

(तिमीहरूको खाने र प्यूंने कुरा सबै बराबर होस् ।)

ऋग्वेद वैदिक आर्यहरूको मात्र हैन, संसारभरकै सबभन्दा पहिलो संकलित ग्रन्थ हो । त्यसैले यो सिंगै मानव जातिकै निम्ति ऐतिहासिक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण छ । खोजकर्ता र विश्लेषकहरूले यस ग्रन्थलाई हजारौं वर्षको अवधिमा रचिएका ऋचाहरूको संकलन भनेका छन् र यसको रचनाको अवधि ई. पू. ३०००-१००० मानेका छन् ।

ऋग्वेदमा दश मण्डल छन् । तर शुरूका मण्डलहरूमा कतै पनि वर्ण विभाजनबारे कुनै उल्लेख छैन । एक ठाउँ अलि अस्पष्ट रूपमा पाँचौं वर्ण निषाद हो भन्ने उल्लेख छ तर अरू वर्णहरूको स्पष्ट उल्लेख छैन । दशौं मण्डलको अन्ततिर वल्ल स्पष्ट शब्दमा यसरी चार वर्णको उल्लेख गरिएको छ ।

"ब्राह्मणोस्यमुखमासीत् बाहू राजन्यःकृतः
ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रो अजायत ।"

(ऋग्वेद १०/९०/१२)

(त्यस विराट् पुरुषको मुख ब्राह्मण, हात क्षत्रीय, जाँघ वैश्य र खुट्टा शुद्र थिए ।)

दशम मण्डलका ऋचाहरूको रचनाकाल ई. पू. १५००-१००० को बीच अन्दाज गरिएको छ । यसबाट के स्पष्ट हुन्छ भने अनेकौं वैदिक जन (कवीला) हरू मध्ये कुनै कुनैमा ई. पू. १२०० को आसपास प्रारम्भिक रूपमा भएका श्रमविभाजन अनुसार चारखाले श्रमका आधारमा समाजलाई चार वर्णमा छुट्याउन थालिएको थियो । ती यस प्रकारका थिए-

- पुरोहित, ज्ञान, शिक्षा आदि बौद्धिक काम गर्ने ब्राह्मण (बौद्धिक र धार्मिक क्षेत्र)
- सैनिक, शासकीय र खेतपातिका काम गर्ने क्षेत्रीय (राजनीतिक क्षेत्र)
- पशुपालन, खेती र बन्दव्यापारका काम गर्नेहरू वैघश्य (आर्थिक क्षेत्र)
- कठिन श्रम, शिल्पकारी र सेवाको काम गर्नेहरू शूद्र (श्रम क्षेत्र)

तर ऋग्वेदमा यी चार वर्ण बाहेक उत्तर वैदिककालमा देखा पर्ने अरू जातहरू र अछूत प्रथाको उल्लेख कतै पाइन्न ।

वर्ण शब्दको अर्थ रङ्ग हो । वैदिक आर्यहरू गोरो वर्णका र आर्यपूर्वका भारतका बासिन्दा कालो, पहेंलो र रातो वर्णका हुनाले शुरू शुरूमा वर्णको यही भिन्नता देखाउने क्रममा वर्ण शब्दको प्रयोग शुरू भएको अन्दाज केही विद्वानहरूले गरेका छन् । ऋग्वेदमा कतै "रातो वर्णका शत्रुको दमन" (१/२/७) र कतै "काला शत्रु मारेको" (४/२/१६) आदि जस्ता सन्दर्भ देखिंदा विद्वानहरूको उक्त अन्दाज आधारयुक्त नै भएको स्पष्ट हुन्छ । तर पछि-पछि वर्ण शब्दले रंगको अर्थ दिन छाडेर श्रम विभाजनको अर्थ दिंदै गएको कुरा पनि स्पष्टै देखिन्छ ।

शुरू-शुरूमा उपयुक्त चार खाले श्रमविभाजन कुनै-कुनै वैदिकजनहरूभित्रै देखा परेको थियो तर एउटै मान्छेले ती मध्ये कुनै पनि काम फेरेर गर्न सक्थ्यो । काम अनुसारको योग्यता हासिल गरेपछि वैश्य र शूद्रहरू पनि माथिल्ला वर्णको काम गरी सम्मान पाउन सक्थे । यो चलन वैदिक कालमा मात्र हैन, अनेकौं जातपात र छुवाछूतप्रथा समेत जन्मिसकेको स्मृतिकाल र पुराणकालमा समेत कायम थियो । महाभारतमा भनिएको छ-

"शूद्र योनौ हि जातस्य सद्गुणानुपतिष्ठतः
वैश्यत्वं लभते ब्रह्मन् क्षत्रियत्वं तथैव च
आर्जये वर्तमानस्य ब्राह्मण्यमभिजायते ।"

(पन पर्व २११/११-१२)

(शूद्र कुलमा जन्मेको मानिस पनि यही वर्ण अनुसारको गुण र योग्यता हासिल गर्दछ भने वैश्य, क्षत्रीय र ब्राह्मण पनि बन्न सक्तछ ।)

शुरू-शुरूमा चारै वर्णका मान्छे र नारीहरूले पनि वेद पढ्न र यज्ञ गर्न पाउँथे । अनेकौं नारीहरूले त वेदका ऋचा पनि रचेका थिए । त्यसैले त्यस बेलाको वर्णव्यवस्थाको आधार वेद पढ्नु, यज्ञ गर्नु, अरू काम गर्नु मात्र नभई मुख्य रूपले वर्णअनुसारको आचरण (चरित्र) सँग जोडिएको थियो । यो स्थिति पुराणकालसम्म पनि कायमै रहेको देखिन्छ । ब्रहमपुराण भन्दछ :

"शुद्रोप्यागम सम्पन्नो द्विजो भवति संस्कृतः
ब्राह्मणे वाप्यसद्वृत्तः ..... शूद्रो भवति तादृशः ।"

(२२३/५३-५४)

(वेद आदि शास्त्र पढेको र सुसंस्कृत आचरणको छ भने शूद्र पनि ब्राह्मण आदि माथिल्ला वर्णमा चढ्न सक्छ । यदि आचरण खराब छ भने ब्राह्मण पनि त्यसरी नै शूद्र वर्णमा झर्दछ) । यस स्थितिलाई भगवद्गीतामा भनिएको थियो :

"चातुर्वर्ण्यं मया सृस्टं गुण कर्म विभागशः"

(मैले मानिसको गुण र कर्मका आधारमा चार वर्णको सृष्टिगरेको हुँ ।)

यसै नियम अनुसार शूद्र वा अरू "तल्ला र निन्दित कूल र कोखमा" जन्मेका व्यक्तिहरू पनि सम्मानित ऋषि, ब्राह्मण आदि बनेका र "उच्च" वर्णका मान्छेहरू "तल" झरेका प्रशस्त उदाहरण प्राचिन ग्रन्थहरूमा पाइन्छन् । "बज्रसूची उपनिषद्" अनुसार पुराण प्रसिद्ध ऋषिहरूमध्ये परासर चाण्डाल्नीबाट, वशिष्ट वेश्याबाट, विश्वामित्र छेत्रिनीबाट, भारद्वाज शूद्रस्त्रीबाट र नारद दासीबाट जन्मे तापनि "माथि" पुगेका थिए । मातंग चाण्डाल थिए तर तपोबलले महात्मा ऋषि बने (पाली पिटक, सुत्त निपात) ।

त्यसैगरी नै "पशुपाल्ने, व्यापार गर्ने, दासता अंगाल्ने, व्याज खाएर जीविका चलाउने, ब्राह्मणसित शूद्र सरह व्यवहार गर्ने" (मनु: ८/१०२) चलन पनि थियो ।

नेपालको इतिहासमै पनि त्यसरी जातपातमा माथि लैजाने र तल झार्ने जस्ता धुप्रै उदाहरण पाइछन् । पृथ्वीनारायणले शत्रुपक्षका जैसी बाहुनहरूबाट पुरोहित पेशा खोसेको, जुद्ध शमशेरले राम्री केटी रखौटी बनाउन तेली (नेवार) हरूको पानी चलाएको आदि ।

शुरू-शुरूमा भारतीय उपमहाद्वीपका सबै आर्य मूलका जनजातिहरूमा समान रूपले वर्ण व्यवस्था देखा परेको थिएन । आर्य मुलकै विदेह, शाक्य, कोलीय, लिच्छवी, मल्ल आदि जनजातिहरूलाई सिंगो रूपमा क्षेत्रीय मात्र भनेको देखिन्छ । अर्थात् तिनीहरूभित्र ब्राह्मण, वैश्य आदि वर्णहरूको स्पष्ट विभाजन भएको उल्लेख पाइन्न अर्कातिर असुर जातिका "वृत्त" लाई मार्दा इन्द्रलाई ब्रहम हत्या (ब्राह्मणहत्या) गरेको पाप लाग्यो भन्ने पौराणिक प्रसंगबाट गैर आर्य मूलका जनजातिहरूमा पनि प्रारम्भिक वर्ण व्यवस्था रहेको देखिन्छ ।

स्वर्गलोक पनि पृथ्वीलोक र मानव समाजकै कल्पित प्रतिबिम्ब हुनाले पृथ्वीमा चार वर्णको जन्म भएपछि त्यसको कल्पना स्वर्गमा बस्ने देवताहरूमा पनि आरोपित भयो र देवताहरूमा पनि वृहस्पति ब्राह्मण, इन्द्र क्षेत्रीय, वसु, रूद्र वैश्य, पुषण शूद्र आदिको रूपमा वर्ण व्यवस्था रहेको कुरा सुनाउन थालियो । यस उपमहाद्वीपमा वर्ण व्यवस्था अन्तरगत थरि थरिका जातपातको संख्या बढ्दै जानु र जटिलता थपिदै जानुमा दुईटा प्रमुख कारण देखिन्छन् । एउटा समाज विकासको क्रममा आर्यजनहरूभित्रै विभिन्न व्यवसायहरूको विकास हुनु, दासप्रथा बढ्नु र व्यावसायिक श्रमविभाजनका आधारमा जातपातको संख्या बढ्दै जानु । अर्को, आर्यजनहरू र गैर आर्यजनहरूका बीचको लामो द्वन्द र त्यसपछिको सामन्जस्यबाट विवाह र रक्त मिश्रणको समस्या बढ्न गई वर्ण र जातपातमा झन् झन् जटिलता थपिदै जानु र छुवाछूत प्रथाको शुरूवात हुनु ।

आर्यजनहरूमा दासप्रथा जन्मेर बढ्दै गएपछि पहिलेदेखि श्रम, शिल्प र सेवाका काम गर्दै आएका शूद्र वर्णका मान्छेहरू पनि दासहरूकै स्तरका मानिन थाले । केही शूद्रहरूले पछिसम्म पनि स्वतन्त्र श्रम र शिल्पकारीद्वारा आफूलाई दासताबाट बचाएका पनि थिए तर क्रमशः सबैजसो शूद्रहरूसित दास सरह नै व्यवहार गर्न थालियो । यसै पछिल्लो स्थितिबारे मनुस्मृति भन्दछ-

"शूद्रं तु कारयेद्दास्यं क्रीतमक्रीतमेव वा
दास्यायैव हि सृष्टोसौ ब्राह्मणस्य स्वयंमुना ।"

(८ ।४१३)

"शूद्रलाई, त्यो किनिएको होस् वा त्यसै पाइएको, दास बनाएर राख्नु । किनभने विधाताले ब्राह्मणको दास हुनका निम्ति नै शूद्रको सृष्टि गरेका हुन् ।"

"शूद्रहरू अरूका भृत्य (कमारा-कमारी) नै हुन् र स्वेच्छाले तिनीहरूलाई राख्न र निकाल्न सकिन्छ । तिनीहरूलाई मार्नसम्म पनि सकिन्छ ।"

(ऐतरेय ब्राह्मण ....)

"मालिकले त्याग गरे पनि शूद्र जाति दासताबाट छुट्न सक्तैन किनभने कमारो बन्नु नै त्यसको स्वाभाविक कार्य हो । त्यो कसरी छुट्न सक्छ ।"

(मनुस्मृति ८ ।४१४)

पहिले वैदिक आर्यजनहरूभित्रैको श्रमविभाजनबाट शूद्र वर्ण पनि देखा परेको उल्लेख भइसकेको छ । तर पछि-पछि युद्धवन्दीहरू शूद्र र दासको स्थितिमा राखिन थालेपछि आर्यजनका मानिसहरूले सकेसम्म शूद्र व्यवसाय छोड्न

थाले । त्यसपछि गैर आर्यमूलका गरीब श्रमजीवीहरू र युद्धवन्दीहरूलाई विभिन्न किसिमले शूद्रमा दास बनाउँदै गएको देखिन्छ ।

कौटिल्यको अर्थशास्त्रमा भनिएको छ :

"म्लेच्छानामदोषः प्रजां विक्रेतुमाधातुं वा न त्वेवार्यस्य दासभावः ।" (३ ।१३)

(गैर आर्यहरूले आफ्ना सन्तान बेच्दा वा बन्धक राख्दा कुनै दण्ड हुँदैन तर आर्यमूलको मान्छे दास हुन सक्तैन ।)

कतिपय शास्त्रीय सन्दर्भहरूमा "बाध्यतावश आर्य दास बनिहाले पनि उसका सन्तान आर्य नै रहन्छन्" भनेको पनि पाइन्छ ।

यसरी क्रमशः शूद्रवर्णका व्यवसायहरू दासताका तहमा खस्दै गएपछि र गैर आर्यमूलका विजित मानिसहरू त्यसमा सामेल गरिदै गएपछि शूद्र वर्णका मान्छेले त्यो पेशा छोडेर ब्राह्मण, क्षेत्रीय आदिका पेशा अंगाल्ने स्थिति खतम हुँदै गयो । त्यति मात्र हैन, शूद्र या दासहरूले गर्ने फलाम, छाला, माटो आदिको काम, सडक, नाली आदिको सफाइको काम, मासु काट्ने, बेच्ने, मसानघाट कुर्ने आदिका कामलाई नीच काम मानिन थाल्यो । ती काम गर्नेहरूलाई एकदमै घृणा र अपहेलनाको दृष्टिले हेरिन थाल्यो । कठिन निन्दित मानिएका ती काम छोडेर अरू वर्णका काम गर्न खोज्ने शूद्र (दास) हरूलाई त्यसो गर्न नदिने नियमहरू बन्दै गए र ती नियम मिच्नेहरूलाई कठोर दण्डदिने र मार्ने समेत गर्न थालियो । त्यसका केही प्राचिन शास्त्रीय बान्कीहरू हेरौं :

"न शूद्रायमतिं दद्यात् ..... नचास्य व्रतमादिशेत्" (मनु ४ ।८०)

(शूद्रलाई बुद्धि नदिनू र कुनै धर्म र व्रतको उपदेश पनि नदिनू ।)

"बाध्यो राज्ञा सर्वे शूद्रो जप होम परश्च यः
यतो राष्ट्रस्य हन्तासौ यथा बन्हेश्व वै जलम् ।"

(अत्रि संहिता-१९)

(ब्राह्मणले गर्ने जप, होम आदि काम गर्न खोज्ने शूद्रलाई राजाले मृत्युदण्ड दिनू किनभने पानीले आगो निभाए झैं जप, होम आदि गर्ने शूद्रले सम्पूर्ण राष्ट्रलाई नष्ट गर्दछ ।)

"अथाहास्य वेदमुपशृण्वतस्त्रपु जतुभ्यां श्रौतपरिपुरणम्
उदाहरणे जिह्वाच्छेद : धारणे शरीर भेद :
आसन शयन वाक्पशिषु समप्रेप्सुर्दण्डय : शतम् ।"

(गौतम सूत्र- १२)

(शूद्रले वेद सुनेमा सीसा र लाहा पगालेर उसको कानमा हालिदिनू, वेदको मन्त्र उच्चारण गरेमा जिभ्रो काटिदिनू, वेदमन्त्र कण्ठस्थ गरेमा ज्यानै मारिदिनू । उसले आसन, बिस्तरा, बाटो आदिमा उच्च जातिसित दाँजिन खोजे १०० पण दण्ड गर्नु ।)

यस्तै सन्दर्भहरूमा नै रामले शम्बूकलाई, बलरामले लोमहर्षक सूतलाई मारेका थिए र द्रोणाचार्यले गुरू दक्षिणाको निहुँमा एकलव्यको दाहिने हातको बुढी औंला काटेका थिए ।

शूद्रहरूलाई कत्तिको हेला गरिन्थ्यो भन्ने कुरा यस सन्दर्भले बताउँछ-

"उच्छिष्टमन्नं दातव्यं जीर्णानि बासनानि च
पलकाश्चैव धान्यानां जीर्णाश्चैव परिच्छदाः ।"

(मनु १० ।१२५)

(शूद्रलाई जुठो अन्न, पुराना कपडा, ओछ्याउन पराल र ओढ्न भुत्ला भुत्लै दिनू ।)

शुरूमा श्रमको विभाजनबाट शुरू भएको वर्णव्यवस्था पछिसम्म पनि गुण, योग्यता र क्षमताका आधारमा फेरिनसक्ने जुन स्थिति थियो आर्य र गैर आर्यहरूको संघर्ष र पराधिन व्यक्ति र जातिलाई नै शूद्र र दासमा परिणत गर्ने परिस्थिति आएपछि त्यो स्थिति पूरै फेरिदै गयो । अनि "कामका आधारमा जात" तय हुने कुरा हराउँदै जन्म र वंशको आधारमा जातपात चल्ने स्थिति आयो । यस नयाँ स्थितिमा अरू जातिका सम्पन्न वर्गका मानिसहरूसित सम्बन्ध बढाउन आर्यहरूले उनीहरूलाई कतै क्षत्रीय र कतै वैश्य जस्ता वर्णको स्थान दिन थाले । तर एक समय यस्तो पनि आयो जहाँ वैश्यहरू (पशुपालन, खेती र व्यापार पेशा गर्नेहरू) लाई पनि "तल्लो जात", "पाप योनि" भनेर हेप्ने दबाउने चलन चल्यो ।

पहिले समाजमा नारीको स्थान मर्यादित थियो । वर्णव्यवस्था जन्मेपछि नारीहरूको मर्यादा पनि आ-आफ्नो वर्ण अनुसार हुँदै गयो । पहिले ब्राह्मण र क्षेत्रीय वर्णका नारीहरू वेद जस्ता शास्त्र पढ्ने मात्र हैन,तिनको रचनामा समेत सहभागी थिए । तर समाजमा पितृसत्ता, दासप्रथा, वर्णव्यवस्था बढ्दै गएपछि "माथिल्लो" वर्णका नारीहरूको स्थिति र मर्यादा पनि खस्कँदै गयो र उनीहरूलाई विद्या, धन, सामाजिक मर्यादा आदिबाट तल झारिदै गयो । भगवद् गीतामा नारी, वैश्य र शूद्रलाई "पाप योनी" भनिएको छ । (९ ।३२)

"विष्णु रहस्य" मा वैश्यलाई "नीच काम गर्ने" (जघन्य कर्मा वैश्य) भनिएको छ ।

वैश्यशूद्रो प्रयत्नेन स्वानि कर्माणि कारयेत्
तौ हि च्युतौ स्वकर्मेभ्यः क्षोभयेतामिदं जगत् ।"

(मनु ८ ।४१८)

(राजाले वैश्य र शूद्रलाई आ-आफ्ना काममा कज्याउने प्रयत्न गर्नुपर्छ किनभने तिनीहरूले आ-आफ्नो काम छोडे भने जगतलाई व्याकुल पार्न थाल्छन् ।)

स्वास्नी, छोरो र दासको कुनै नीजि धन हुँदैन । किनभने तिनीहरूले कमाएको धनमा तिनीहरूका लोग्ने, बाबु या मालिककै अधिकार हुन्छ ।

(मनुस्मृति ८ ।४१६)

यसरी वैश्य, शूद्र र नारीको स्थिति तल खसेर उनीहरू ज्यादै उत्पीडित हुने स्थिति आयो । तर मध्यकालतिर आएपछि वैश्यहरूको स्थिति फेरी सम्मानित हुँदै गयो । नारीहरूको स्थिति झन्-झन् खस्कँदै गयो र शूद्रको स्थिति त भनी नसक्नु दयनीय हुँदै गयो ।

छुवाछूत प्रथाको शुरूवात

समाजमा जति-जति नयाँ-नयाँ व्यवसायहरू बढ्दै गए र गैर आर्यमूलका मानिसहरूसित आर्यहरूको सम्पर्क बढ्दै गई उनीहरूसित पनि वर-व्यवहार गर्नु पर्ने स्थिति आयो, त्यस अवस्थामा आर्यमूलका उच्च वर्ण र सत्ताधारी वर्गहरूले आ-आफ्नो श्रेष्ठता देखाउन र समाजमा हैकम जमाउन श्रमिक, दास, शूद्रहरूमाथि दमन नियन्त्रण झन्-झन् चर्काउँदै गए । त्यसपछि रीस उठेका, मन नपरेका वा घीन लाग्ने काम गर्न विवश भएका शूद्रहरूलाई शूद्रभन्दा पनि झन् तल "हीन जाति" को स्थितितिर धकेल्ने, उनीहरूलाई समाजबाट वहिष्कार गरी ज्यादै अपमान गर्ने र अछूत सरह व्यवहार गर्न समेत थालियो । अनि समाजमा शूद्रहरूका पनि दुई श्रेणी देखापरे- (१) आर्य मालिकहरूकै घरमा बसेर काम गर्ने छूत शूद्र र (२) समाजबाटै तिरस्कृत भएर अछूत व्यवहार गरिने, हिन जाति अछूत शूद्र । विष्णु पुराणको यस श्लोकले त्यस स्थितिको शुरूवात देखाउँछ-

प्राणानथांस्तथा दारान् ब्राह्मणार्थे निवेदयेत्
सशूद्र जातिर्मोज्यस्यादभोज्यः शेष उच्यते ।
(५ ।११)

(जुन शूद्रहरूले आफ्नो प्राण, धन तथा स्वास्नीलाई ब्राह्मणको सेवामा अर्पण गर्दछन्, त्यस्ता शूद्रको अन्न (या तिनीहरूले छोएको कुरा) खान हुन्छ, अरू शूद्रको अन्न खान हुँदैन ।)

ब्राह्मण, क्षत्रीय आदि वर्णका मालिकहरूले अरू जाति र तल्ला वर्णहरूसित रगतको छ्यास्मिस नहोस्, खासगरी तल्ला वर्णवालाहरूले माथिल्ला वर्णकी स्वास्नी छोरीहरूसित प्रेम र यौन सम्बन्ध नगरून् भन्नका लागि अनेकौं प्रतिबन्ध र दण्डका व्यवस्था गर्दै गए । तर मानवीय प्रकृति र उत्पीडित वर्णहरूको प्रतिशोधात्मक र विद्रोही भावनाले ती बन्देजहरू भत्कँदै गए । खासगरी ब्राह्मण, क्षत्रीयहरूले तल्लो वर्णका स्त्रीहरू लैजान हुने तर तलकाले माथि भने ताक्नै नहुने कुराले शूद्र वर्णमा झारिएकाहरूलाई रीस उठ्नु र ती प्रतिबन्ध तोड्ने प्रयास गर्नु स्वाभाविकै थियो । यसै नयाँ स्थितिले प्रेम, यौन सम्बन्ध र सन्तान उत्पादनमा छ्यास्मिस रूप लिंदा अनेकौं

नयाँ वर्णसंकर (विभिन्न वर्णमा छयास्मिस भै जन्मेका) जातजातिहरू देखा परे । जस्तै-

ब्राह्मणले वैश्य कन्याबाट जन्माएको सन्तान अम्वष्ठ ।

ब्राह्मणले शूद्र कन्याबाट जन्माएको सन्तान निषाद या पारवश ।

क्षत्रीयले ब्राह्मण र शूद्र कन्याबाट जन्माएको सन्तान सूत ।

वैश्यले क्षत्रीय कन्याबाट जन्माएको सन्तान मागध ।

शूद्रले वैश्यकन्याबाट जन्माएको सन्तान आयोगव ।

शूद्रले क्षत्रीय कन्याबाट जन्माएको सन्तान क्षत्ता ।

शूद्रले ब्राह्मण कन्याबाट जन्माएको सन्तान चण्डाल ।

(मनुस्मृति अ. १०)

यस प्रकार सबभन्दा पहिले शूद्रले ब्राह्मण क्षत्रीय ... कन्याबाट जन्माएका आयोगव, क्षत्ता, चण्डाल आदिलाई हीन जाति भनेर समाजबाट वहिष्कृत गरी "अछूत" मान्न थालियो ।

"व्यास स्मृति" ले निम्न लिखित जाति र पेशाका मानिसहरूलाई अछूत श्रेणीमा राखेको छ-

"वणक्किरात-कायस्थ-मालाकार-कुटुम्बिनः

वेरटो मेद-चाण्डाल-दास श्वपच कोलकाः

एतेन्त्यजाः समाख्याताः ये चान्ये च गवाशनाः

एषां सम्भाषणात्स्नानं दर्शनादर्क वीक्षणम् ।"

(१ ।११-१२)

(वणिक -व्यापारी), किराँत, कायस्थ, माली, बाँसको काम गर्ने, बरेट, कंजर, कुकुर खाने जात) चाण्डाल, दास, मेत्तर, कोलकहरू र 'अरू गायइखाने सबै जातहरू अन्त्यज हुन् । तिनीहरूसित बोलेको दोष नुहाएर मेटिन्छ । तिनीहरूलाई देखेको दोष सूर्यलाई हेरेपछि मेटिन्छ ।)

स्पष्ट छ, यसमा वैश्य, किराँत (मंगोल जाति) आदिलाई पनि "अछूत" श्रेणीमै राखिएको छ । तर यिनीहरूलाई उसबेला र पछि पनि सबैतिर अछूत सरह व्यवहार गरेको भने देखिन्न । त्यसैले भारतका कुनै क्षेत्रमा, आर्यहरूका कुनै समूहले तिनलाई अछूत सरह मानेको हुनुपर्छ ।

त्यसताका एउटै गोत्रका पुरूष र स्त्रीबाट जन्मेका वा नजिकको हाड नाता र रगत सम्बन्धमा बिग्रेर जन्मेका सन्तानलाई पनि सामाजिक बहिष्कार गरी चाण्डाल, अछूत बनाउने चलन रहेको उल्लेख "यम स्मृति" मा पाइन्छ ।

बौद्धपिटकहरूमा चण्डाल, निषाद, पुक्कस, वेण र रथकारलाई "हीन जाति" या "नीच कुलमा उत्पन्न" भन्ने उल्लेख छ । ("मज्झिम निकाय" र अंगुत्तर निकाय ।)

हीनजाति या "अछूत" भनिनेहरूमा चण्डालको स्थिति सबभन्दा दयनीय थियो । तिनीहरू समाजबाट सबभन्दा तिरस्कृत थिए । तिनीहरूलाई अछूत त मानिन्थ्यो नै । उनीहरूसित छोइएको हावा पनि दूषित मानिथ्यो (जातक-३) "आपस्तंव धर्मसूत्र" ले चण्डाललाई अछूत र "हेर्न समेत नहुने" (२ ।१ ।८) भनेको छ । "मनुस्मृति" मा चाण्डाल र मेत्तरले (पोडे, च्यामेहरू) गाउँ र शहरबाट बाहिर बस्नुपर्ने, माटाका भाँडा मात्र प्रयोग गर्नुपर्ने, आफन्त नभएकाहरू मर्दा मसानघाट लगेर पोल्नुपर्ने, मृत्युदण्ड पाएकाहरूलाई मार्नुपर्ने र तिनका कपडा, बिस्तरा, गहना लिएर प्रयोग गर्नुपर्ने जस्तो ज्यादै अपमानजनक नियमको उल्लेख छ । (१० ।५१-५६)

"अछूत" कसलाई मान्ने भन्नेबारे उपमहाद्वीपका विभिन्न राज्य, विभिन्न प्रान्त र गाउँहरूमा समेत फरक-फरक चलन पाइन्छ । जस्तो नेपालको पहाडी समाजमा कामी, दमाई, सार्की, वादी र गाइनेलाई अछूत मान्ने गरेको देखिन्छ । तर तराईमा "लोहार" (कामी) लाई अछूत मानिन्न । पूर्वी नेपालमा कुमाललाई छुत, पश्चिमका केही जिल्लामा अछूत मानिन्छ ।

नेपालको तराई र उत्तरी भारतका धेरै ठाउँमा सुँडी (अन्न व्यापार गर्ने), तेली (तेल पेल्ने), कलवार (रक्सी पार्ने), कानू (भुजा बनाउने), डोम, हलखोर, दुसाध, नट, झाँगर, बाँतर आदि थुप्रै जाति "अछूत" श्रेणीमा छन् ।

नेवार समाजमा पोडे, च्यामे, कसाही .... आदिलाई त्यस श्रेणीमा राखिएको छ ।

पश्चिमी नेपालका केही जिल्लामा एउटा "अछूत" भनिने जातले पनि अर्को अछूत भनिनेलाई अछूतै मानेर छोएको नखाने चलन पनि कतै कतै छ ।

भारत र नेपालमा गाईखाने हुनाले इसाइहरू र मुसलमानहरूलाई पनि "अछूत" मान्ने चलन रहेको छ । इतिहासमा चाहे जुनसुकै कारण र निहँमा शुरू भएको होस् अछूतप्रथा मानव जातिको इतिहासमा लागेको सबभन्दा ठूलो कलंक हो । मानिसको यहाँभन्दा ठूलो अपमान अरू केही पनि हुन सक्दैन । यस्तो ज्यादै नै निन्दनीय र घृणित प्रथामा उपमहाद्वीपका लाखौं करोडौं जनताले विगत झण्डै तीन हजार वर्षदेखि अत्यन्तै अपमानित र उत्पीडित जीवन बिताउनु परेको छ । मानवीय संवेदनाको गहिराईमा पुगेर सोच्दा त्यसबाट मानिसले भोग्नु परेको अकथनीय पीडाबारे कल्पना गर्न समेत सकिदैन ।

यसरी "अछूत" प्रकारबाट पीडित मानिसहरूको संख्या भारतमा अहिले झण्डै १४ करोड छ भनिन्छ । नेपालमा त्यो संख्या झण्डै पच्चीस लाख (झन्नै जनसंख्याको १३ प्रतिशत) भएको अन्दाज गरिएको छ ।

के विश्वका अरू देशमा वर्णव्यवस्था थियो ?

विश्वका अरू कतिपय देशमा पनि इतिहासका विभिन्न चरणमा कतै श्रमविभाजनको आधारमा कतै जातिहरूको विभाजनको आधारमा, कतै छालाको रंगको आधारमा एक प्रकारको वर्ण भेद रहेको देखिन्छ । चीनमा खान राजवंशको पाला (ई. ९६०-१३६८) मा विभिन्न जातिलाई फूट पारेर शासन गर्न ४ श्रेणीमा बाँडिएको थियो ।

सबभन्दा उच्च श्रेणी मंगोल ।

दोस्रो श्रेणी - सेमू (स्या, उइगुर आदि पश्चिमबाट आएका जाति) ।

तेस्रो श्रेणी - हान -हान, न्चीचन, खित्तन, पोहाए आदि जाति)

र चौथो र सबभन्दा तल्लो श्रेणी- दक्षिण चीनबासीहरू (जसमा दक्षिणमा रहेने हान र अरू जातिका मानिस थिए ।)

(चीन संक्षिप्त इतिहास)

प्राचीन चिनियाँ समाजलाई पुरोहित, किसान, व्यापारी र शिल्पकार भनेर चार भागमा बाँडिएको थियो । त्यसमा सम्पत्ति र सामान्य मर्यादाको अन्तर थियो तर त्यहाँ छुवाछूत प्रथा थिएन ।

तिब्बतमा कतै-कतै कामी, कसाही जस्ता कतिपय पेशा लिनेहरूलाई "अछूत" मान्ने चलन मध्ययुगमा थियो । तर त्यो सायद तिब्बतकै उब्जनी नभई भारत नेपालतिरबाट पुगेको हुनको प्रभाव हुनसक्छ ।

प्राचीन यूनानमा पनि समाजलाई श्रमको आधारमा विभिन्न श्रेणीमा बाँडिएको थियो । तर जातीय भेदभाव र छुवाछूत प्रथा थिएन ।

अहिले पनि पूरै यूरोप र अमेरिकामा गोरो छाला बाहेक अरू रंगको छाला हुनेहरू र विशेषगरी निग्रो मूलका मानिसहरूप्रति हेला र घृणाभाव प्रशस्तै छ । तर अछूत प्रकारको स्तरमा भने त्यो झरेको छैन ।

इतिहासको विशिष्ट स्थिति र खासगरी भारतीय उपमहाद्वीपको उर्वर माटो र न्यानो रसिलो भूभागमा विश्वका धेरै जाति जनजाति आएर ठुल्ठुला संघर्षहरूमा भिडी छयास्मिस् भई बस्नु परेको स्थितिले, इतिहासको दुर्भाग्यपूर्ण घटनाको रूपमा जातपातको भेदभाव र छुवाछूत प्रथा जन्मेर ज्यादै जटिल रूप लिन पुग्यो, जुन आजको विज्ञान, प्रजातन्त्र र समाजवादको आधुनिक युगसम्म पनि एकदमै जटिल रूपले जकडिएर बाँचिरहेको छ ।

यसले वर्णव्यवस्था मान्ने वैदिक वा हिन्दू धर्मभित्रका मान्छेलाई विभाजित गरेर त सताएकै छ तर त्यसभन्दा बढी जो आर्यमूलका पनि हैनन् र जो हिन्दू धर्म र वर्णव्यवस्था पनि मान्दैनन्

उनीहरूले पनि, अर्थात् मंगोलमूल वा आष्ट्रिक मूलका विभिन्न जनजातिहरू (राई, लिम्बू, तामाङ, सतार आदि) ले पनि वर्णवादीहरूका बीचमा अनाहकमै तल्लो जात भनेर अपमानित हुनु परेको छ। गुरूङहरूका बीचमा ४ जाते र १६ जाते भन्ने भेदभाव छ, मगरहरू, थारू र तराईका अनेकौं जनजातिहरू हिन्दूधर्मका सामेल गरिएका छन् तर स्वयं उनीहरूभित्र त्यस्तो जातीय भेदभाव अछूत प्रथा छैन। तैपनि उनीहरूले जातीय पीडा भोग्नु परेको छ।

वास्तवमा नेपालका यी जनजातिहरू (विशेष गरेर मंगोल मूलका जनजातिहरू) लाई वर्णव्यवस्थामा पनि कुन वर्ण अन्तरगत राखिएको हो स्पष्ट छैन। यिनीहरूलाई कतै क्षत्रीय भनिएको छ, कतै वैश्य, कतै शूद्र र कतै अछूत।

"मनुस्मृति" मा "किराँत (मंगोलहरू), चीन, दरद खस, शक, यवन, कम्बोज, द्रविड आदि पहिले क्षत्रीय थिए तर तिनीहरू ब्रतबन्ध आदि संस्कार छोड्नाले र ब्राह्मणहरूबाट टाढा पुग्नाले तल खसी वृषल (शूद्र) भए (१० ।४३-४४) भनेको छ। यसबाट हाम्रा राई, लिम्बू, मगर, गुरूङ आदिका पूर्खा किराँतहरूलाई एकपटक क्षत्रीयको दर्जा र अर्कापटक शूद्रको दर्जा दिएको देखिन्छ। यी जातिहरूले पशुपालन, कृषि, व्यापार समेत गर्ने हुनाले यिनलाई कतै-कतै वैश्य भनेका सन्दर्भहरू पनि पाइन्छन्।

यसै लेखमा माथि "व्यासस्मृति" ले किराँत, कायस्थ आदिलाई चाण्डालको पंक्तिमा राखेर "अछूत" भनिएको उल्लेख पनि भइसकेको छ। किन यो लटरपटर अस्पष्टता ? वास्तविकता के हो?

वर्णव्यवस्था र छुवाछूतको समाधानको बाटो

यो वर्णभेद (जातिभेद) र छुवाछूत प्रथा खराब र हानिकारक कुरा हो भनी समाजका विद्वान, चिन्तक र सुधारकहरूले हजारौं वर्ष पहिलेदेखि नै ठम्याएर त्यसको विरोध शुरू गरेका थिए। आजको पच्चीस सय वर्ष पहिले गौतम बुद्ध र महावीर जैनले त्यसका विरूद्ध ठूलो सुधारवादी आन्दोलन चलाएका थिए। त्यस आन्दोलनलाई सम्राट अशोकले झन् अगाडि बढाएका थिए। तर पछि वर्णवादीहरूले उपमहाद्वीपमा बौद्ध आन्दोलनको ठूलो दमन गरेर यस जातिभेद र अछूतप्रथालाई झन् चर्काएर लगे।

वैस्णव सम्प्रदायहरूले पनि जातिभेद र छुवाछूत विरोधी आन्दोलन चलाउँदै आएका छन्। भारतमा सन्त कबीर, महात्मा गान्धी, अम्बेडकर आदि जातिभेद र खासगरी अछूत प्रथा विरोधी आन्दोलनमा अग्रणीरहेका छन्। आर्य समाजी आन्दोलनले पनि यसको विरोध गरेको छ। कम्युनिष्ट आन्दोलन त स्वतः यसको विरोधमा छ।

नेपालमा पनि बुद्धबाट शुरू भएको यो आन्दोलन मध्यकालमा कमजोर भएर बौद्ध समाजमा धिकिर-धिकिर बाँचे पनि यता डेढ दुई सयवर्षबाट फेरि ब्यूँझेको छ। सन्त शशिधर (वि.सं. १८०४-१९०६), सन्त ज्ञान दिलदास (वि.सं. १८७८-१९४०) र जोसमनी परम्पराका अनेकौं सन्तहरूले यसको विरोध गरेका थिए।

त्यस यता अनेकौं व्यक्ति, विचार र पार्टीहरू जातिभेद र छुवाछूत उन्मूलन गर्न कृतसंकल्प छन्। कम्युनिष्टहरू, नेपाली कांग्रेस र राजाको संयुक्त समझदारीबाट बनेको २०४७ को संविधानले सिद्धान्ततः संविधान एवं कानूनद्वारा जातिभेद र अछूत प्रथा रहन नदिने स्वीकारेको छ। वी. पी. कोइराला पनि जातिभेद र अछूतप्रथाका विरोधी थिए। पुष्पलालदेखि अहिलेसम्मका कम्युनिष्टहरू, थुप्रै कवि लेखक र विद्वानहरू यसका विरूद्ध अभियानमा लागेका छन्।

अहिले त यस भेदभावपूर्ण अछूतप्रथाका विरूद्ध, आन्दोलन गर्नकै लागि "उत्पीडित दलित जातीय मुक्ति समाज" ... आदि संस्थाहरू जन्मेका छन् र लाखौं सदस्य बनाएर क्रियाशील समेत छन्।

आजको विज्ञान प्रविधि, यातायात, होटल, क्लब, सिनेमा, सार्वजनिक कलधारा, तयारी खाद्यान्न उत्पादन आदि आदिले जातिभेद र अछूतप्रथाका आधार भत्काउँदै लगेका छन्। हामीले विचारधारा, दृष्टिकोण, शिक्षा, संस्कृति आदिका क्षेत्रमा वैज्ञानिक, क्रान्तिकारी सच्चा प्रजातन्त्रवादी, मार्क्सवादी विचारहरूलाई सामेल गर्दै शहरका टोल टोल र गाउँ गाउँमा आन्दोलन, गोष्ठी, प्रवचन, प्रकाशन, गीत, नाटक, व्यंग्य आदि पुऱ्याई दीर्घकालीन रूपले अनेकौं नयाँ नयाँ प्रयोगहरू सहित अघि बढेमा क्रमशः यो समस्या समाधान हुँदै जानेछ र मानिसहरू समान मानवीय भाइचारा भावले मिलेर बस्ने अवस्था आउन सक्नेछ।

नेपालमा वर्णव्यवस्था

वर्णव्यवस्था जातपात-छुवाछूतको शुरूवात नेपालबाट होइन, भारतबाटै भएको हो र त्यो पछि नेपालमा आएको हो। ई. पू. १००० तिर मिथिला क्षेत्र (नेपालको पूर्वी तराई) मा बस्ने विदेह जनकवंशीहरूलाई क्षत्रीय भनिएको र राजर्षी जनकले "ब्रह्मसभा" बोलाएको कुराले त्यसै बेलाबाट तराईमा वर्ण व्यवस्था प्रवेश गरेको देखिन्छ। तर शीरध्वज जनकले भेट्टाएकी केटी सीतालाई रघुकुलका रामले विहे गरेकाले त्यसबेला वर्ण व्यवस्था कुलमा आधारित र जटिल नभइसकेको प्रष्ट हुन्छ।

ई. पू. छैटौं शदीका बुद्धले वर्ण व्यवस्था विरोधी आन्दोलन नै शुरू गरेका र स्वयं शाक्यवंशीहरू क्षत्रीय भनिएकाले त्यसताका नेपालको पश्चिमी तराईमा पनि वर्ण व्यवस्था शुरू भएको प्रष्टै छ।

त्यसताका वाग्मती उपत्यका र अरू पहाडी क्षेत्रतिर किराँतहरूको बाहुल्य थियो। त्यसैले यतातिर वर्ण व्यवस्थाको उदय भएको थिएन। वाग्मती उपत्यका र पहाडी क्षेत्रमा शाक्य, कोलीय मल्ल र लिच्छवीहरूको आगमनको साथसाथै नै क्रमशः वर्णव्यवस्था आउँदै गयो र ईसाको पाँचौं शदीमा लिच्छवी राज्यको विस्तार संगसंगै त्यो पनि फैलिदै गयो।

लिच्छवी राजाहरूमध्ये वृषदेव (मानदेव प्रथम (इ. ४६४-५०५ का) बराजू) मात्र बुद्धमार्गी थिए अरू सबैले वैदिक "हिन्दू" धर्म र वर्ण व्यवस्थालाई अँगालेका थिए। राजा मानदेवले चाँगुनारायणको मन्दिर बनाएकोबाट र उनका विभिन्न शिलालेखहरूबाट उनी वर्ण व्यवस्थाका अनुयायी भएको स्पष्ट छ। उनका नाति वसन्तदेव (ई. ५०६-५३२) को थानकोट अभिलेख (ई. ५०६) मा जयपल्लिका गाउँका ब्राह्मण लगायत अठारै जातका गृहस्थीहरूलाई कुशलमंगल लेखिएबाट त्यसबेला नेपालमा "चारवर्ण अठार जात" रहेको अन्दाज हुन्छ। अंशुवर्मा (ई. ५८८-६२१) तिर टिष्टुँ अभिलेख (ई. ६०७) मा "अनति वृत्तार्य मर्यादा सेतु" (आर्य मर्यादा अर्थात् वर्ण व्यवस्थालाई उल्लंघन हुन नदिने) लेखिएको छ।

त्यसपछि मध्यकालमा उपत्यकाका मल्ल राजाहरूले बनाएका सयौं हिन्दू देवताका मन्दिरहरू र जयस्थिति मल्ल (ई. १०९७-११२४) सम्म रहेको जातपातको पंजीकरण प्रथा, गोर्खाका राजा रामशाह (ई. १३०५-३६) ले गरेको वर्ण व्यवस्थामा आधारित समाज संगठन, कर्णाली क्षेत्रमा ई. १३३८ तिरबाट बढ्दै गएको वर्ण व्यवस्था आदिले मध्यकालमा अहिले नेपाल रहेको विभिन्न क्षेत्रमा वर्ण व्यवस्था झन् झन् फैलिदै गएको देखिन्छ।

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेपछि नेपाललाई "असरी हिन्दूस्थाना" भन्दै वर्ण व्यवस्थालाई प्रोत्साहन दिए। राणाकाल भरि त्यसले झन् प्रोत्साहन पायो। पंचायती व्यवस्थामा नेपाललाई "हिन्दू राज्य" समेत भन्न थालिएको र २०४७ को संविधान बनाउँदा पनि अनेकौं प्रपञ्च गरेर हिन्दूराज्यकै अवधारणा कायम गरिएको छ।

अहिलेको नेपालमा वर्ण व्यवस्था अन्तरगत आमरूपमा "चारवर्ण छतीस जात" भन्ने गरे तापनि त्यो पहाडी क्षेत्रको मोटामोटी गणना जस्तो देखिन्छ। नेवारी समाज र तराईको समाजमा छतीसभन्दा धेरै जात रहेको देखिन्छ।

●

लाहानको जातीय विभेद विरोधी संघर्ष

दलित मुक्ति अभियानमा थप एक पाइला

– रमेश कुमार पौडेल

२०५६ साल चैत्र ४ गते राति सिराहाको लाहान स्थित पद्म नारायण चौधरीको घरमा एउटा पाडो मऱ्यो । चौधरीहरूले सिटाहा मोची, फगुनी राम, सियावती देवी दुर्गीदेवी राम, र दुःखी लगायतका चमारहरूलाई मरेको पाडो फ्याँक्नको लागि अह्राए, तर केही समय अघि लाहानका चमारहरूको एक बैठकले सिनो नफ्याँक्ने निर्णय गरेको हुनाले उनीहरूले उक्त सिनो फ्याँक्न अस्वीकार गरे ।

यस घटनाबाट पद्म नारायण चौधरी लगायतका व्यक्तिहरू क्रुद्ध भई २०५६ चैत्र ९ गते का दिन पद्म नारायण चौधरीको अगुवाईमा एक बैठक बसी चमारहरूको विरूद्धमा सामाजिक बहिष्कार गर्ने निर्णय गरियो । बहिष्कारलाई सफल बनाउन पूर्णबहादुर खड्काको अध्यक्षतामा सोही दिन एक चमार बहिष्कार समिति पनि गठन गरियो । चैत्र १० र ११ गते माइकिङ्ग तथा पोष्टरद्वारा चमार जातिलाई मजदूरी गर्न नदिने, पैंचो सापट र ऋण नदिने, इनार, धारा र पोखरी, चापाकल प्रयोग गर्न नदिने, कुल्ली काममा लागेका चमारहरूलाई कामबाट निकाल्ने र पसलमा सामान नदिने र औषधि किन्न समेत नदिने कुरा सार्वजनिक गरियो । यसपछि कथित बहिष्कार समितिका मानिसहरूले यी माथिका नाकाबन्दीको अतिरीक्त चमार महिलाहरूलाई दिशा पिसाब गर्न नदिने, चमार जातिले राखेको टेलिफोन बुथ हटाउने कामहरू गरे ।

दलितहरूले उजुरी दिए

चैत्र ११ गते चमार जातिहरू आफूविरूद्ध लगाइएको नाकाबन्दीको विरोधमा प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी लिएर गए र इलाका प्रहरी कार्यालयमा धर्ना दिए । वार्ताको नाटक गरियो । नाकाबन्दी खोल्ने सहमति गरियो । तर सो दिनभर बजारमा माइकिङ्ग गराई नाकाबन्दी लगाउने काम गरियो ।

लाहान काण्डको विरूद्ध प्रधानमन्त्री समक्ष माग प्रस्तुत

चैत्र १३ गते दलित मानव अधिकार तथा जातीय भेदभाव सरोकार केन्द्र तथा अन्य दलित संघ संस्थाहरूको पहलमा काठमाण्डौमा एक जुलुसको आयोजना गरी सम्माननीय प्रधानमन्त्री समक्ष लाहानमा भएको चमार जाति बहिष्कार काण्डका दोषीहरूमाथि कारबाही तथा सो घटनाको बारेमा उच्च स्तरीय छानविन समिति गठन लगायतका पाँच सुत्रीय माग पेश गरियो ।

संयुक्त संघर्ष समिति निर्माण

लाहानमा भएको चमार जाति बहिष्कार विरूद्ध प्रशासन समक्ष उजुरी पत्र दिंदा पनि टालटुले किसिमको निर्णय गरियो । दोषीहरूमाथि कारबाही गर्ने तर्फ कुनै तदारूकता देखाइएन । यस घटनाको बारेमा सरकारको ध्यान आर्कषण गर्नका लागि विभिन्न मानवअधिकार संघ संस्थाहरू, दलितहरूका संघ संस्थाहरूले संयुक्त रूपमा काठमाण्डौमा विरोध प्रदर्शन गरे । तर यति गर्दा पनि दोषीमाथि कारबाही नभएपछि चैत्र १६ गते नेपाल उत्पीडित जातीय मुक्ति समाजका केन्द्रीय सदस्य बिश्वेन्द्र पासवानको संयोजकत्वमा लाहान चमारजाति बहिष्कार काण्डको विरूद्ध एउटा संयुक्त संघर्ष समिति निर्माण गरियो ।

२०५६ चैत्र १८ गते नेपाल उत्पीडित जातिय मुक्ति समाजको पहलमा र संयुक्त संघर्ष समितिको आह्वानमा काठमाण्डौमा एक विरोध च्यालीको आयोजना गरियो । सोही दिन सम्माननीय प्रधानमन्त्री समक्ष ज्ञापन पत्र बुझाइयो र एक पत्रकार सम्मेलनको पनि आयोजना गरियो ।

यसरी लाहान काण्डले राष्ट्रकै ध्यान केन्द्रित गरेपछि सो घटनाको यथार्थ बुझ्नका लागि चैत्र महिनाको तेस्रो सातातिर राष्ट्रियसभा सामाजिक न्याय समितिको एउटा टोली लाहान तर्फ गएको थियो ।

जाहेरी दर्ता

लाहान काण्डका दोषीहरूमाथि कानूनी कारबाहीलाई समेत अगाडि बढाउने उद्देश्यले सिराहा जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालयमा एउटा सर्वदलीय बैठक बसी चमार जाति बहिष्कार काण्डका संयोजक पूर्णबहादुर खड्का लगायतका दोषीहरूमाथि कारबाही गर्ने निर्णय भयो । सो निर्णय बमोजिम संघर्ष समितिका संयोजक विश्वेन्द्र पासवानले पीडितहरूका तर्फबाट २०५६ चैत्र २५ गते स्थानीय इलाका प्रहरी कार्यालयमा जाहेरी दरखास्त बिनुभयो ।

बिना उपलब्धी धर्ना तोडाइयो

२०५६ चैत्र ३० गते देखि २०५७ बैशाख ६ गतेसम्म विभिन्न विरोध कार्यक्रमहरू भए । नेपाली कांग्रेस लाहान नगर समितिले इलाका प्रहरी कार्यालयमा धर्ना दियो । यसैक्रममा काठमाण्डौबाट भूमिसुधार तथा व्यवस्था मन्त्री गोपाल राई लाहान गई पीडित पक्षबाट दर्ता गरिएको सार्वजनिक अपराध विरूद्धको मुद्दा खारेज गराई नेपाली कांग्रेसको धर्ना तोडाउनु भयो ।

विरोध सभा र चक्का जाम

२०५७ बैशाख १० गते मानवअधिकार तथा जातीय भेदभाव सरोकार केन्द्रको तर्फबाट पत्रकारहरू संलग्न गराई घटनाको यथार्थ बुझ्ने काम भयो । बैशाख ११ गते दलित गैर सरकारी संस्था महासंघ पूर्वाञ्चलको आयोजनामा सो घटनाका बारेमा लाहानमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । बैशाख १२ गते संयुक्त संघर्ष समितिको आव्हानमा एउटा ठूलो जनसमूहले इलाका प्रहरी कार्यालयमा धर्ना दिने काम सम्पन्न गऱ्यो । धर्नापछि एक विरोध सभा र चक्का जाम कार्यक्रम गरियो ।

लाहानको जातिय विभेद विरोधी संघर्षमा इन्सेकको भूमिका

लाहानको घटनालाई लिएर अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को पहलमा २०५७ बैशाख १६गते काठमाण्डौमा मानव अधिकार तथा दलित संघ संस्थाहरूको संयुक्त बैठक बस्यो । बैठकमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल मानव अधिकार संगठन, नेपाल मानव अधिकार तथा शान्ति समाज, यातना पीडित सरोकार केन्द्र, नेपाल उत्पीडित जातीय मुक्ति समाज, दलित मानवअधिकार तथा जातीय भेदभाव सरोकार केन्द्र लगायतका संस्थाहरू सहभागी थिए । बैठकले चमार जाति बहिष्कार विरूद्धमा लाहानमा बैशाख २३ गते एक विरोध

कार्यक्रमको आयोजना गर्ने, यो विरोध कार्यक्रममा विहान स्थानीय चमार लगायत दलित जनसमुदायसंग सहभोज गर्ने, १० बजे देखि दिउँसो २ बजे सम्म इलाका प्रशासन कार्यालयमा धर्ना दिने र २ बजे देखि ५ बजे सम्म ऱ्याली एवं विरोध सभा गर्ने निर्णय गऱ्यो । सो विरोध कार्यक्रममा काठमाण्डौस्थित सबै संस्थाहरूको जिम्मेवार तहका पदाधिकारीहरू सहभागी हुन जाने पनि निर्णय गऱ्यो ।

बैशाख २३ गतेको सहभोज तथा विरोध कार्यक्रम

लाहानमा आयोजना गरिएको विरोध कार्यक्रमका लागि २२ गते काठमाण्डौबाट हिंडेको मानवअधिकार तथा दलित संघ संस्था, पत्रकारहरूको ३७ जनाको टोली २३ गते विहान लाहान पुग्यो । लाहान पुगेको टोलीलाई सर्वप्रथम नेपाल उत्पीडित जातिय मुक्ति समाजका केन्द्रिय सदस्य तथा चमार जाति बहिष्कार विरूद्ध गठित संयुक्त संघर्ष समितिका संयोजक विश्वेन्द्र पाशवानले लाहान काण्डको यथार्थ जानकारी गराउनुभयो । यस पश्चात विहान ९ बजे चमार जातिको आत्मावल उठाउन तथा उनीहरूप्रति सम्मान जगाउनका लागि आयोजना गरिएको सहभोजमा काठमाण्डौबाट आएको टोली र स्थानीय चमार, विश्वकर्मा, डोम, आदि सामेल भएका थिए । यस सहभोजमा उपल्लो जात र तल्लो जात भनिएकाहरू संलग्न थिए ।

सहभोज पश्चात् काठमाण्डौबाट गएको टोली स्थानीय गैर सरकारी संघ संस्था, मानवअधिकारवादी संस्था, दलितहरूको साथमा १० बजे देखि २ बजेसम्म लाहानस्थित इलाका प्रशासन कार्यालयमा लाहानमा भएको चमार जाति बहिष्कार काण्ड र जातिय विभेदको विरूद्धमा लेखिएका नाराहरू भएका व्यानरहरूसहित धर्ना कार्यक्रममा सामेल भयो । करिब १५० जनाको संख्यामा रहेका धर्नाका सहभागीहरूले प्रमुख जिल्ला अधिकारी कार्यालयमा अनुपस्थित भएको हुनाले कार्यालयका प्रतिनिधि समक्ष आफ्ना मागहरू बारे प्रष्ट पारे । आफ्ना मागहरूको बारेमा कार्यालयको प्रतिक्रिया जान्न खोज्दा सहायक प्रमुख जिल्ला अधिकारीले चमार बहिष्कार काण्ड साँचो भएको स्वीकार गर्दै सो मुद्दाको उठान लगायतको विधि नपुगेको तथा प्रतिबादीहरूले सार्वजनिक अपराध गरेकै हो भन्ने विश्वास गर्नसक्ने अवस्था नभएको कारण खारेज भएको बताउनुभयो । त्यसैगरी प्रहरी उपरीक्षकले पनि प्रहरीले कानून बमोजिम काम गरेको तथा जाहेरी सम्बन्धमा अनुसन्धान गर्दा कोही दोषी देखा नपरेको बताउनुभयो ।

यसरी स्थानीय प्रशासनले दोषीमाथि कारबाही गर्ने काममा गम्भीर चासो नलिएको अरू प्रष्ट भएपछि धर्नाकारीहरू आफ्नो पूर्व निर्धारित कार्यक्रम अनुसार २ बजे देखि जुलुस प्रदर्शनमा सहभागी भए । "दोषीमाथि कारबाही गर, दलित एकता जिन्दावाद" लगायत्का नाराहरू लगाउँदै नगर परिक्रमा गरेर आमसभामा परिणत भयो । आमसभालाई नेपाल मानवअधिकार संगठनका सभापति प्रा. कपिल श्रेष्ठ, मानवअधिकार तथा शान्ति समाजका कृष्ण पहाडी, इन्सेकका कार्यक्रम निर्देशक देविकानन्द तिमिल्सिना, दलित मानवअधिकार तथा जातीय भेदभाव सरोकार केन्द्रका अध्यक्ष मनबहादुर विश्वकर्मा, नेपाल दलित संघका महासचिव मीन विश्वकर्माले सम्बोधन गर्नु भएको थियो । संयुक्त संघर्ष समितिका संयोजक विश्वेन्द्र पाशवानको सभापतित्वमा सम्पन्न सो विरोध सभामा नेपाल

उत्पीडित जातीय मुक्ति समाजका महासचिव जीतु गौतम, महिला पुनर्स्थापना केन्द्रका बाबुराम गौतम लगायतका मानवअधिकार कार्यकर्ता तथा उत्पीडित जातिका संस्थाहरूका प्रतिनिधिहरूले सभामा मन्तव्य व्यक्त गर्नु भएको थियो । वक्ताहरूले चमार बहिष्कार काण्डका कारण नेपाल विश्वमै लज्जित हुनुपरेको, मानवताको उपहास भएको, मानवताको विरूद्ध गम्भीर अपराध भएको कुरा उल्लेख गर्दै सरकारले दोषीहरूमाथि तत्काल कारवाही गर्ने सदाशयता देखाउनु पर्ने कुरामा जोड दिनुभयो । यदि दोषीहरूमाथि कारबाही नभए संघर्ष अरू चर्कदै जाने कुरा बताइयो ।

लाहानको संघर्षमा निम्न संघ संस्था तथा पत्रकारहरू सामेल थिए:-

१. अनौपचारिक क्षेत्र सेवा केन्द्र
२. नेपाल मानवअधिकार संगठन
३. मानवअधिकार तथा शान्ति समाज
४. नेपाल दलित संघ
५. समाज विकास छात्रावास विद्यार्थी युनियन
६. नेपाल दलित पत्रकार मञ्च
७. जन उत्थान प्रतिष्ठान
८. नेपाल स्वतन्त्र दलित विद्यार्थी संगठन
९. दलित मानवअधिकार तथा जातीय भेदभाव सरोकार केन्द्र
१०. दलित गैर सरकारी संस्था महासंघ
११. जातीय समता समाज
१२. महिला पुर्नस्थापना केन्द्र
१३. ग्रामीण पुनर्निर्माण केन्द्र
१४. अखिल नेपाल महिला संघ, सिराहा
१५. नेपाल कल्याण समाज, सिराहा
१६. दलित शिक्षक संघ
१७. यातना पीडित सरोकार केन्द्र
१८. अखिल नेपाल युवक संघ, उदयपुर
१९. नेपाल परियार संघ
२०. सरस्वती सामुदायिक विकास मञ्च, तरहौता, सप्तरी
२१. दलित सेवा संघ
२२. नेपाल राष्ट्रिय राम कल्याण समाज, सिराहा
२३. नेपाल पत्रकार महासंघ
२४. बुधवार साप्तहिक
२५. हिमालय टाइम्स
२६. गोरखापत्र

समीक्षा बैठक

बैशाख २३ गते लाहानमा भएको विरोध कार्यक्रमको समीक्षा तथा आगामी कार्यक्रमहरूका वारेमा छलफल गर्नका लागि २०५७ जेठ १० इन्सेक केन्द्रीय कार्यालयमा एक समीक्षा बैठकको आयोजना गरियो । बैठकले भावी कार्यक्रम तय गर्न इन्सेकको संयोजकत्वमा पाँच सदस्यीय संयुक्त कार्यदल निर्माण गऱ्यो । यसमा इन्सेक, मानव अधिकार तथा शान्ति समाज, दलित मानव अधिकार तथा जातीय भेदभाव सरोकार केन्द्र, नेपाल उत्पीडित जातीय मुक्ति समाज र दलित गैरसरकारी संस्था महासंघका प्रतिनिधिहरू थिए ।

समितिको बैठक जेठ १२ र १५ गते बस्यो । बैठकले जेठ १९ गते देखि जेठ २६ गते सम्मका लागि विभिन्न कार्यक्रमहरूको आयोजना गऱ्यो ।

जुलुस र ज्ञापन पत्र

२०५७ जेठ १९ गते इन्सेक, सिविन लगायत मानवअधिकार संघसंस्थाहरू र दलित मानव अधिकार तथा जातीय भेदभाव सरोकार केन्द्र, नेपाल उत्पीडित जातीय मुक्ति समाज, दलित सेवा केन्द्र, जन उत्थान प्रतिष्ठान लगायतका १८ वटा संस्थाहरूको उपस्थिति रहेको एक विरोध जुलुसले नगर परिक्रमा गरी सम्माननीय प्रधानमन्त्री समक्ष ज्ञापन पत्र बुझायो ।

धर्ना कार्यक्रम

कार्यदलले लाहान काण्डको विरूद्धमा जेठ २० देखि २५ सम्म देशका विभिन्न राजनीतिक दलहरूको कार्यालयहरूमा धर्ना दिने कार्यक्रम अघि सारेको थियो । जसमध्ये जेठ २० गते नेपाली कांग्रेसको कार्यालयमा, जेठ २३ गते नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी) को कार्यालयमा, २४ गते राष्ट्रिय प्रजातन्त्र पार्टीको कार्यालयमा, जेठ २५ गते नेपाल सद्भावना पार्टी कार्यालयमा धर्ना कार्यक्रम सम्पन्न गरियो ।

पत्रकार सम्मेलन

२०५७ जेठ २६ गते लाहानमा भएको चमार जाति बहिष्कार काण्ड भएदेखि यता भए गरेका घटनाहरूका वारेमा जानकारी दिने उद्देश्यले काठमाण्डौमा एक पत्रकार सम्मेलनको आयोजना गरियो ।

विश्व एक्काइसौं शताब्दीमा प्रवेश गरिसक्दा पनि हाम्रो देशका विभिन्न भागहरूमा यस किसिमका राष्ट्रकै निधारमा कलंकको टीका लाग्ने घटनाहरू घटिरहने गरेका छन् । कहिले पँधेरामा, कहिले दुग्ध संकलन केन्द्रहरूमा त कहिले घरघरमा देखा पर्ने गरेको छ । समाज कै भित्री तहसम्म जरा गाडेर बसेको यो समस्या त्यति सजिलै समाधान हुन सक्ने देखिँदैन । बरू यसका विरूद्ध एउटा निरन्तर अभियान नै संचालन गर्नु आवश्यक हुन्छ । अभियान संचालन गर्नका लागि समस्याको गहिऱ्याईमा नै पुग्नु आवश्यक हुन्छ ।

जातिय विभेदको सुरूआत कसरी भयो ?

आदिम कालमा भारत वर्षमा जातिय विभेद थिएन । जातपात छुवाछुत, प्रथा हिन्दूधर्म भित्रै एउटा विकृतिको रूपमा फष्टाएको भएपनि वास्तवमा सिंगो हिन्दूधर्म ग्रन्थहरू मध्ये एउटा प्रमुख ग्रन्थ ऋग्वेदले जातपात प्रथालाई मान्यता दिएको छैन । यसमा भएका ऋचाहरूमा तत्कालिन समाजका मानिसहरू समान थिए जातिय भेदभाव थिएन भनेर प्रष्टसंग उल्लेख गरिएको छ । ऋग्वेदका ऋचाहरूमा "तिमीहरूका मन्त्र, समिति, मन र चित्त समान होउन्, तिमीहरू एउटै काममा एउटै भावना र बुद्धिले सुसंगठित भएर काम गर, तिमीहरूको खाने र प्युने कुरा सबै बराबर होस्" जस्ता भावनाहरू पाइन्छ ।

समाज विकासको क्रममा समाजमा जनसंख्या बृद्धि, नयाँ नयाँ पेशा व्यवसायहरू बद्दै गए । आदिम युगको पछिल्लो कालमा उत्पन्न सामाजिक जटिलताहरूको कारणबाट विस्तारै दास युगको सुरूवात भयो । संगसंगै नै मानिस मानिसमा वर्ग विभाजन भयो । यो वर्ग विभाजनले मानिसहरूलाई दास मालिक र दास दुई वर्गमा विभाजन गऱ्यो । दास मालिकहरू र दासहरू वीच हुने व्यवहारमा हुने विभेदले स्थायी रूप लियो । यसले समाज विकासका प्रत्येक चरणमा आफ्नो रूप बदल्दै गयो । दास युगमै सुरूवात भइसकेको वर्ग विभाजन र वर्गीय शोषणले सामान्ती युगमा आएर विभिन्न रूप लिदै गयो ।

मानिसको आवश्यकता पूरा गर्नका लागि आर्य मूल र अनार्य मूलका मानिसहरूसित घुलमिल हुनु पर्ने स्थितिको सिर्जना भयो । तर सत्ताको पकड भएका आर्य मूलका मानिसहरूले आफूलाई अरू भन्दा श्रेष्ठ भएको देखाउनका लागि सामाजिक रीतिथितीलाई व्यवस्थित बनाउने नाममा समाजलाई ४ वर्णमा विभाजन गरे । त्यस बेलाको विभाजन अनुसार लेखापढी गर्ने, बौद्धिक काम गर्ने बाहुन, सैनिक र राजनीतिक काम गर्ने क्षेत्री, खेती र बन्द व्यापारको काम गर्ने वैश्य र शिल्पकारी, सेवामूलक व्यवसाय तथा कठिन श्रम गर्ने शूद्र भनिए ।

वैदिक कालमै श्रमको प्रकृतिका आधारमा श्रम विभाजन गर्ने परम्पराको थालनी भएको थियो । प्रारम्भमा समाजमा भएको थितिलाई व्यवस्थित गर्ने नाममा यो श्रम विभाजन गरिए पनि पछि यही विभाजनको पृष्ठभूमिबाट नै जातिय विभेद प्रथा मौलाएर गयो । वास्तवमा मानव मानवमा भएको यो कृत्रिम विभाजनले श्रमजीवीहरूलाई कमजोर बनायो, सामन्तहरूलाई बलियो बनायो ।

यो विभेदलाई पछिल्लो अवधिमा लेखिएका धर्मग्रन्थहरूमा स्थान दिइन थालियो । मनु ऋषिले आफ्ना स्मृति (लेख) हरूमा अझ हिन्दू धर्म शास्त्र

कै अभिन्न अंगको रूपमा प्रस्तुत गरे यो विभेदलाई अझ चर्कोसंग स्थापित गर्नका लागि अनेकौं कडा भन्दा कडा नियमहरू बनाई श्रमजीवीहरूको विरूद्धमा जेहाद छेडे । यसले श्रमजीवीहरूको जीवन अत्यन्त कष्टप्रद बनायो ।

भारतीय उपमहाद्वीपमा हुर्किएको यो विभेदले यस क्षेत्रका राष्ट्रहरूलाई प्रभाव नपारी छाडेन ।

नेपालको इतिहासलाई पल्टाएर हेर्दा प्राचीनकालका राजा मानदेव, अंशुवर्मा आदि राजाहरूले पनि वर्णाश्रम व्यवस्था कै आधारमा समाजको थिति बाँधेका थिए ।

हिन्दू धर्मकै आडमा फस्टाएको जातिय विभेदलाई मध्यकालमा आएर राजा जयस्थिति मल्ल (इ.१३६०-१३९५) ले मनुस्मृतिमा भएका वर्ण व्यवस्था तथा त्यसको आधारमा बनाइएका सामाजिक रीतिथितीलाई स्थापित गरे । यहाँसम्म की तल्ला जात भनिएका मानिसहरूले खाने, लाउने, बस्ने ठाउँ, भेष भुषा, आदि कुरा माथिल्ला जातका मानिसहरू सरह उपयोग गर्न नपाइने भए । यसै गरी गोरखाका राजा रामशाह (१६०५-१६३६)ले पनि मनुस्मृति कै नियमहरूको अनुसरण गरेका थिए ।

यसरी विश्लेषण गर्दा जातिय विभेदरूपी चिन्तनको विकासको पछि निम्न कारणहरू रहेको पाइन्छ:

१. विभिन्न जाति-जनजातिहरूको आपसी शत्रुता र विद्वेष

२. छालाको रंग अर्थात वर्णको आधारमा मान्छेलाई ठूलो र सानो ठान्ने अविवेकी भावना

३. समाजमा श्रमको विभाजनबाट जन्मेको वर्गीय असमानता

४. वर्ग संघर्ष र त्यसलाई दमन गर्नका लागि अपनाइएको फुटाउ अनि राज्ज गर भन्ने शासक वर्गको नीति

५. आफूलाई विशिष्ट कुल घराना र अरूलाई नीच वा तुच्छ ठान्ने सोच

६. विदेशी वा अरू धर्म र संस्कृतिका अनुयायीहरूप्रतिको डर र धृणा

नेपालमा कुन कुन जातिहरूलाई अछुत जातिको रूपमा लिइन्छ ?

१. गरगहना, हातहतियार, भाँडा वर्तन आदि निर्माण गर्ने जस्तै : कामी, सुनार, लोहार, विश्वकर्मा, वि.क., वि.के, सोम, स्नेही, रसाइली

२. लुगा सिलाउने र बाजा बनाउने, बजाउने पेशामा संलग्न समुदाय जस्तै: सूचीकार, सुजि, दमाई, ढोली, हुड्को, नगर्ची, दर्जी, परियार ।

३. छालाको काम गर्ने समुदाय जस्तै : सार्की, मिजार, कर्चकार, भुल चमार, गोथे चुडाल, तोलाङ्गी, मग्राती, बभरेल रोक्का लम्जेल, रम्तेल, लम्साल आदि

४. गीत गाई हिड्ने समुदाय जस्तै : गाइने (गन्धर्व) नेपाली, कालीचन गोसाई, जोगी आदि

५. बादी समुदाय : जात नभएर (पेशा मात्र)

६. कुमार समुदाय : भाड, कुमाल, प्रजापति

७. लुगा धुने समुदाय : राजधोवी धोवी ।

८. तराईमा पाइने उपभेद : किच्चक, मोची, हरिजन, चिडीमार, डुम, धाँगर, तन्मा, ताती दुसाध, धुतिया, चमार, तेली

९. नेवारी समाजभित्र अछुत पारिएकाहरू : कसाई, च्यामे, पोडे, हजाम, नापित, कपाली, कुसुले, च्याय खःल ।

दलितहरूको वर्तमान अवस्था

"डडेलधुरा अमरगढी न. पा. ५ बागबजार स्थित एक होटलमा असार १२ गते चिया नास्ता गर्न गएका हेमबहादुर सार्की, नन्दे सार्की र पारस जैरूलाई तल्लो जातिका मानिसहरूले होटलमा किन प्रवेश गरेको भनी नर्वदी गुरागाई, पुष्पा गुरागाई, ज्वाला गुरागाई र सुधिर थापा लगायतका व्यक्तिहरूले कुटपीट गरे । असार १३ गते विहान हेमबहादुर सार्की र नन्दे सार्कीलाई बाटोमा हिडिरहेको बेला उपल्लो भनिने जातिका नर्वदी गुरागाई, पुष्पा गुरागाई, ज्वाला गुरागाई र सुधिर थापाले कुटपिट गर्दै पक्रेर जिल्ला प्रहरी कार्यालयमा बुझाए । उनीहरूलाई हाल प्रहरी हिरासतमा राखिएको छ । यस अघि असार ७ गते युनिसेफको सहयोगमा खानेपानी तथा सरसफई सम्बन्धी सडक नाटक देखाएर बागबजार स्थित सनलाईट होटलमा नास्ता खान जाँदा नारद जैरू, अन्जू गैरी, पारस जैरू र रसुता जैरू लगायतका व्यक्तिहरूलाई होटेल मालिक करण सिंह भण्डारीले तल्लो जातिका मानिसहरूलाई यहाँ नास्ता छैन भनी फर्काएका थिए । यी घटनाहरूलाई लिएर दलित संघ र इन्सेक आवद्ध संस्था हुवेसले जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएका थिए ।" (घटना सूचना संख्या २२, १३ असार ०५६) यस्ता घटनाहरू जानकारीमा आएका सूचना मात्र हुन् । जानकारीमा नआएका यो भन्दा पनि गम्भीर प्रकृतिका घटनाहरू भइरहेका छन् । देशव्यापी रूपमा रहेको जातिय विभेदको समस्या केही विशेष स्थानहरूमा देखा पर्ने गरेका छन् ।

जातिय विभेद हुने प्रमुख स्थानहरू कुन कुन हुन् त ?

१. खाने पानी संकलन गर्ने वा खानेपानीको स्रोत भएको ठाउँमा (मुहान, धारा, कुवा, इनार आदि)

२. चिया पसल र रेष्टुराँहरूमा (सहरतिरका भन्दा खासगरी गाउँ तिरका पसलमा यो समस्या बढी चर्को छ ।)

३. पसलभित्र पसेर सामान किन्न दिइँदैन । सामान किनेपछि पैसा लिंदा वा दिंदा अलग्गै किसिमले व्यवहार गरिन्छ ।

४. गाई भैंसीको गोठमा गाईवस्तु छोइन्छ भनेर पस्न दिइदैन (सबैतर समान ढंगले विभेदको यो व्यवहार लागुभएको पाइदैन) ।

५. प्रायः सबैको घरभित्र दलितहरूलाई प्रवेश गर्न दिइदैन । तर अपवाद स्वरूप केही उदार व्यक्तिहरूको घरमा भने यो विभेद गरिदैन ।

६. विद्यालयहरूमा पनि यो समस्या गम्भीर रूपमा देखा पर्ने गरेको छ । कतिपय गाउँतिरका विद्यालयहरूतिर अछुत मानिएका विद्यार्थीहरूलाई कक्षामा अलग्गै राखेर पढाइने गरिन्छ । खानेपानीको गाग्रो वा बाल्टी आदि छुन दिइदैन, खाजा खाँदा पनि संगै बसेर खान दिइदैन ।

७. चाडपर्व वा भोजभतेरहरूमा सकेसम्म नबोलाइने, बोलाइए पनि अलग्गै बसेर मात्र खान दिइन्छ ।

८. कामकाजमा पनि भेदभाव गरिन्छ ।

९. हिन्दू धर्म संस्कार अनुसार काजक्रिया गर्दा पनि भेदभाव हुने गरेको छ ।

१०. दुग्ध संकलन केन्द्रहरूमा यो समस्या देखा पर्ने गरेको छ ।

११. प्रायः सबै ठाउँका मन्दिरहरूमा प्रवेश गर्न वर्जित गर्ने गरिन्छ ।

१२. घरमा भाँडा कुँडा माझेर पखाली सफा गरिसकेपछि पनि चोख्याउने गरिन्छ ।

जातिय विभेदको व्यवहारबाट दलितहरूमा परेका नकारात्मक असरहरू

१. आत्मवल कमजोर हुनु

२. अवसरहरूबाट वञ्चित हुनुपरेको हुनाले माथिल्ला जातिहरूको तुलनामा सधैं पछौटे हुनु

३. जातिय हीनताबोधले ग्रसित हुनु

४. शिक्षा एवं चेतनाको कमी

५. कुलत र अन्धविश्वासको सिकार हुनु

६. गरीबी

७. दलित दलितहरू वीच पनि विभेद हुनु

८. राजनीतिक अधिकार उपभोग गर्ने अवसर नपाउनु

९. कुनै पनि निर्णायक महत्व राख्ने पदहरूमा दलितहरू पुग्न नसक्नु

१०. संस्कृत शिक्षा आर्जन गर्न नपाउनु

११. परम्परागत सिपको भरमा मात्र गुजारा चलाउन बाध्य हुनु

१२. अस्वस्थ्यकर वातावरणमा काम गर्न बाध्य हुनु ।

यी माथिका नकारात्मक प्रभावहरू कुनै वढाइ चढाई गरेर प्रस्तुत गरेको नभई वास्तविक भएको कुरा तलको तथ्यांकले पनि पुष्टी गर्छ :

- ☐ ८० प्रतिशत दलितहरू गरीबीको रेखामुनी छन् ।
- ☐ दलितको प्रतिव्यक्ति आय ३९.६ डलर छ । जबकि राष्ट्रियस्तरमा प्रतिव्यक्ति आय २१० डलर छ ।
- ☐ दलितको संपूर्ण खेती योग्य जग्गाको १ प्रतिशत भागमा मात्र स्वामित्व छ ।
- ☐ २० लाख भूमिहीन कृषिकर्मि मध्ये ७५ प्रतिशत दलितहरू नै छन् ।
- ☐ छुवाछुतको कारण दलितहरूले पानीबाट बन्ने चीज र दूध समेत बेच्न पाउँदैनन् ।
- ☐ बालीघरे प्रथा र खलाखाने प्रथाबाट दलितहरूले आफ्नो जीवन गुजारी रहेका छन् ।
- ☐ उद्योग, आय आर्जन, रोजगारी कुनै कुरामा सरकारबाट संरक्षण,विकास र सहयोग छैन ।
- ☐ छुवाछुतले नै दलितहरूलाई गरीब बनायो । (श्रोत : नवौं योजनामा दलितको स्थान)
- ☐ दलितहरूको साक्षरता १०.७ प्रतिशत रहेको छ ।
- ☐ दलित महिलाहरूको साक्षरता ३.२ प्रतिशत रहेको छ ।
- ☐ संस्कृत विद्यालय तथा महाविद्यालयमा पढ्न रोक लगाइएको छ ।
- ☐ सरकारले हालसम्म दलित छात्रवृत्ति कोष खडा गरेको छैन ।
- ☐ दलितहरूको शैक्षिकस्तर उठाउन प्राथमिक शिक्षा देखि उच्च शिक्षासम्म आरक्षण र सहयोग छैन ।
- ☐ नेपालमा दलितको संख्या ४० लाख रहेको छ तर प्रतिनिधि सभामा एकजना पनि निर्वाचित भएर आएका छैनन् ।
- ☐ अहिलेको राष्ट्रिय सभामा ४ जना दलित सांसदहरू छन् जसलाई नेपाली कांग्रेस, नेकपा एमाले र राजाबाट नियुक्ति गरेर ल्याइएको छ ।
- ☐ प्रतिनिधि सभामा महिलालाई ५ प्रतिशत आरक्षण छ तर दलितहरूलाई छैन ।
- ☐ जिविस सभापति,उपसभापति, नगरप्रमुख, उपप्रमुखमा कुनै जिल्लामा दलितहरू निर्वाचित छैनन् ।
- ☐ दलितहरूको सरदर आयु ४२ वर्षको छ (केयर नेपाल) जब की अन्य नेपालीको सरदर आयु ५६ वर्ष रहेको छ ।
- ☐ दलित केटाकेटीहरूमध्ये केवल २० प्रतिशतले मात्र स्कोप लगाएको देखिन्छ । (युनिसेफ)
- ☐ उपल्लो जातको घरभित्र कुनै दलितहरू जानाजान पसेमा हकारपकार पार्ने, कहिलेकाहीं कुटपिट समेत गरिन्छ र हिन्दूधर्म अनुसार शान्ति स्वस्ती गरी घर चोख्याउने गरिन्छ ।

माथिको तथ्याङ्कले दलितहरूको हृदयविदारक चित्र प्रस्तुत गर्छ । वास्तवमा एउटा मानवले निर्बाध रूपमा मानव अधिकारहरू उपभोग गर्न नपाउँदा कस्तो असर गर्दो रहेछ भन्ने कुराको प्रत्यक्ष प्रमाण नै माथिको तथ्य हो ।

परापूर्व कालदेखि रहेको यसप्रकारको कुप्रथाको विरूद्धमा लड्नको लागि दलितहरूले के कस्तो प्रयासहरू गर्दै आएका छन् भन्ने कुरा तल प्रस्तुत छ :

दलित मुक्ति अभियानको सिलसिलामा स्थापना भएका संस्थाहरूको क्रमसूचि

१. २००७ साल अघि यथास्थितिवादी ब्राह्मणवाद विरोधी अभियानको रूपमा जोसमनी सम्प्रदायले अछुत प्रथा र जातभात मान्ने जस्ता घृणित परम्परा विरूद्ध सशक्त आवज उठायो ।

२. २००४ मा सर्वप्रथम सर्वजीत विश्वकर्माले धवलागिरी अञ्चलको बाग्लुङ्ग जिल्लामा "विश्व सर्वजन संघ" को स्थापना गरेका थिए ।

३. २००४ मा जादुवीर वि.क. ले कोशी अञ्चल सुनसरी जिल्लाको धरानमा "निम्न समाज सुधार संघ" गठन गरेका थिए ।

४. २००४ सालमा नेपालमा सहर्षनाथ कपालीको पहलकदमीमा दलितहरूको संगठन टेलर युनियन स्थापना गरियो ।

५. २००७ सालको परिवर्तन पछि दलितहरूकै अर्को संस्था निम्न समाज सुधार संघ र टेलर युनियन मिलेर नयाँ संस्था बन्यो ।

६. २००८ सालमा टेलर युनियन र निम्न समाज सुधार संघ मिलाएर "जाती तोड मण्डल" स्थापना गरियो ।

७. २०११ सालमा गणेश योगीको सक्रियता र सहर्षनाथ कपालीको नेतृत्वमा पशुपतिनाथ मन्दिर प्रवेश आन्दोलन भयो । त्यसपछि सबै जातिका हिन्दूहरूलाई पशुपतिनाथको मन्दिर खुला गरिएको थियो ।

८. २०१२ सालमा अछुत महिलाहरूको हित गर्ने उद्देश्यले मिठाईदेवी विश्वकर्माको पहलमा "परिगणित नारी संघ" स्थापना भयो ।

९. २०१४ सालमा "नेपाल राष्ट्रिय परिगणित परिषद्" स्थापना भयो । यसमा हिरालाल विश्वकर्मा, रिपलाल वि.क., टि.आर. वि.क. संलग्न भएका थिए ।

१०. २०१५ सालको आम निर्वाचन पछि बनेको संसदको राष्ट्रिय सभामा सहर्षनाथ कपाली श्री ५ बाट मनोनित भए । उनी नै दलितहरूका पहिलो सांसद हुन् ।

११. २०२४ सालमा "नेपाल राष्ट्रिय दलित जन विकास परिषद्" स्थापना भयो । जसको महासचिव हिरालाल विश्वकर्मा बने ।

१२. सन् १९५६ मा भारतका प्रख्यात दलित नेता डा. भिमराज अम्बेडकर नेपाल आई नेपाली दलितहरूमा आत्मविश्वास र साहसको संचार गराउने काम भयो ।

१३.२०२९ जेठ २९ गते नेपाल राष्ट्रिय दलित जन विकास परिषद्को दलित आन्दोलनका इतिहासमा महत्व राख्ने पहिलो भेला भयो । यो क्षण अत्यन्त महत्वपूर्ण थियो ।

१४. २०२५ सालमा काठमाडौंको विजेश्वरीमा दलित छात्रावासको स्थापना गरियो ।

१५. २०३४ सालमा "नेपाल दलित जन विकास परिषद" भन्ने संस्थाको नामबाट दलित शब्द हटाई "नेपाल जन विकास परिषद" को नाम राखी सामाजिक सेवा समन्वय परिषद्मा दर्ता गरियो ।

१६. २०३६ सालमा केही दलितहरू मिलेर "समाज सुधार मञ्च" नामक संस्थाको स्थापना गरे ।

१७. २०३७ सालमा कोशी अञ्चलको मोरङ्गमा "पछौटे जाति सुधार संघ" दर्ता गरियो ।

१८. २०३७ पौष मसान्तमा सहर्षनाथ कपालीको मृत्यु भयो ।

१९. २०३८ मा "नेपाल अति पिछडिएको जन विकास परिषद्" को स्थापना भयो ।

२०. २०४४ मा "उत्पीडित जातीय विभेद उन्मूलन मञ्च" को स्थापना भयो ।

२१. २०४५ मा "उत्पीडित जातीय उत्थान मञ्च" को स्थापना भयो ।

२१. २०४९ भाद्र १ गते "नेपाल राष्ट्रिय राष्ट्रिय जन विकास परिषद्" र उत्पीडित जातीय उत्थान मञ्च एकिकृत भई २०४९ चैत्र ७ गते "नेपाल उत्पीडित, दलित जातीय मुक्ति समाज" नामको संस्था स्थापना गरियो ।

जातीय उत्पीडन विरूद्ध तथा आ-आफ्नो अधिकार स्थापना गर्नका लागि संचालन गरिएका महत्वपूर्ण दलित आन्दोलनहरू :

(१) २०११ सालमा दलितहरू सहर्षनाथ कपाली र गणेश योगीको अगुवाइमा बनेको "पशुपति संर्घष समिति" को संयोजकत्वमा संगठित रूपमा पशुपतिनाथको मन्दिरमा प्रवेश गरियो । तत्कालिन सरकारको दमनका बाबजुद पशुपतिनाथको मन्दिर अगाडिपट्टि राखिएको "अछुतहरूलाई प्रवेश निषेध" लेखिएको बोर्ड हटाउने काममा दलितहरू सफल भएका थिए ।

(२) २०२१ सालअसोज २९ गते भोजपुर स्थित दलित जातिहरूका लागि प्रवेश निषेध गरिएको सिद्धकाली मन्दिरमा पद्म सुन्दास र लालकुमारीको अगुवाइमा गएको दलितहरूको समूहले मन्दिर प्रवेश गरेको थियो ।

(३) २०४७ सालमा नवलपरासी जिल्लाको माकर

गा.वि.सको दोविल्ला भन्ने ठाउँमा रहेको मन्दिरमा चन्द्रबहादुर विश्वकर्मा राम नवमीका दिन मन्दिरभित्र प्रवेश गर्दा उच्च जातिहरूले गरेको कुटपिट विरूद्ध मानव अधिकार संरक्षण मंच, राजनीतिक पार्टीहरू तथा उत्पीडित जाति उत्थान मञ्चद्वारा गरिएको विरोध कार्यक्रमको फलस्वरूप पीडक पक्ष माफी माग्न बाध्य भएको थियो ।

(४)२०५० सालमा चितवनमा स्थानीय कृषक चन्द्रबहादुर वि.क.ले ल्याएको दूध नचल्ने भनेर लिन अस्विकार गरेपछि चितवनको दुग्ध विकास संस्थानमा उत्पीडित जातिय मुक्ति समाजको चितवन शाखाले गरेको विरोधपछि दोषीले माफी माग्नुका साथै दूध स्वीकार गर्न बाध्य भएको थियो ।

(५)२०५० सालमा स्याँजा जिल्लाको उदियाचौर स्थित भगवती दुग्ध संकलन केन्द्रमा दलित जातिहरूले ल्याएको दूध लिन अस्वीकार गरेपछि त्यसको विरूद्ध एक विरोध सभाको आयोजना गरिएको थियो । सो विरोध सभामा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को तर्फबाट निवर्तमान अध्यक्ष सुशिल प्याकुरेलले संबोधन गर्नु भएको थियो । नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको अगुवाईमा भएको विरोध सभामा सांसदहरू , अन्य दलित संस्थाहरू र मानवअधिकार संस्थाहरूले ऐक्यबद्धता जनाएका थिए ।

(६) २०५० फागुन ७ गते अछुतहरूको लागि जान बर्जित गरिएको गोरखकाली मन्दिरमा ठूलो जनसमूहसहित मन्दिर प्रवेश गर्ने कार्यक्रम गरिएको थियो । सोही साल माघ १ गते गोरखास्थित गोरखकाली मन्दिरमा उत्पीडित जातिका व्यक्तिहरू पूजाआजाको लागि प्रवेश गर्दा मन्दिर संरक्षकद्वारा प्रवेश गर्न रोक लगाइयो । प्रहरी प्रशासनको आडमा प्रवेश गर्न रोक लगाएपछि त्यस विरूद्ध आयोजित मन्दिर प्रवेश कार्यक्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का तत्कालिन निर्देशक तथा निवर्तमान अध्यक्ष सुशिल प्याकुरेल, वर्तमान महासचिव सुबोध प्याकुरेल सरिक हुनुभएको थियो । यसका अतिरिक्त सो कार्यक्रममा नेपाल उत्पीडित दलित मुक्ति समाजका अध्यक्ष पद्मलाल विश्वकर्मा लगायतका व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

(७)२०५० फागुन २१ गते सिन्धुपाल्चोक जिल्लाको सिपा पोखरीमा दलित र बाहुन क्षेत्रीहरूको अलग अलग कुवाबाट पानी खाने चलनको विरूद्धमा नेपाल उत्पीडित दलित मुक्ति समाजका अध्यक्ष पद्मलाल विश्वकर्माको पहलमा आयोजना गरिएको "कुवा पानी उघाउ कार्यक्रम" मा सांसद मनबहादुर विश्वकर्मा, मोदनाथ प्रश्रित लगायतका राष्ट्रिय स्तरका नेताहरू सहितको ठूलो जनसमूहले त्यहाँको उपल्ला जातिका कुवाबाट पानी उघाएर खाए ।

(८)२०५६ असोज ९ गते स्थानीय विकास मन्त्रालयबाट काठमाण्डौ बुढानिलकण्ठमा संचालित सिपमुलक तालिममा स्थानीय परियार थरकी महिलालाई तालिम लिनबाट बञ्चित गरिएको सम्बन्धमा दलित मुक्तिका लागि काम गर्ने संगठनहरू र मानवअधिकार संगठनहरूले विरोध जनाइरहेका छन् ।

(९)२०५६ चैत ४ गते सिराहाको लाहानमा नेपाली कांग्रेसका नेता तथा पूर्व उद्योग राज्यमन्त्री पद्म नारायण चौधरीको घरमा मरेको पाडो फ्याँक्नका लागि सिटाहा मोची, फगुनी राम, सियावती देवी, दुर्गीदेवी राम, र दुःखी लगायतका चमारहरूलाई अह्राएका थिए । तर चमारहरूले एक भेला गरी आफ्नो पुरानो अपमानजनक पेशा छोडी अर्कै पेशा अपनाउने निर्णय गरेका थिए । सोही निर्णय अनुसार उनीहरूले पाडो नफालेको कारण चौधरीहरूले चैत्र १० गते पद्म नारायणको उपस्थितीमा पूर्ण बहादुर खड्का को संयोजकत्वमा एक चमार बहिष्कार समिति बनाई लाहान न.पा. वडा नं. १ स्थित मार्टीअर्वा टोलका सम्पूर्ण चमारहरूको विरूद्धमा सामाजिक बहिष्कार गर्ने काम गरे । सो घटनाको विरूद्ध अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), मानव अधिकार शान्ति समाज लगायतका मानव अधिकार संस्था, दलित संघ संस्थाहरू, स्थानीय मानवअधिकार संस्थाले लाहानमा संयुक्त रूपमा विरोध कार्यक्रम गरेका थिए । कार्यक्रम चमार जाति बहिष्कार विरूद्ध गठन गरिएको संयुक्त संर्घष समितिको आयोजनामा गरिएको थियो । यसको साथै यसै घटनाको विरूद्धमा निरन्तर विरोध कार्यक्रमहरू संचालन गरी दोषीहरूमाथि कानूनी कारबाहीको माग गरिएको छ ।

दलित मुक्ति अभियानका लागि अन्तर्राष्ट्रिय प्रतिवद्धता

विश्वभरि विभिन्न रूपमा रहेका जाति, वर्ण, लिंग, भाषा, धर्म आदिका नाममा रहेका विभेदहरू विरूद्ध जनताका अधिकारहरूलाई स्थापित गर्नका लागि निम्न अन्तराष्ट्रिय संयन्त्रहरू निर्माण भएका छन् :

१. मानवअधिकारको विश्वव्यापी घोषणा १९४८

घोषणापत्रमा जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अरू विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै हैसियतको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ भन्ने कुरा प्रष्टसंग उल्लेख गरिएको छ । यसको अतिरिक्त चाहे कुनै देश् स्वतन्त्र होस् वा संरक्षित, स्वशासनरहित वा परिमित प्रभुसत्ता भएको होस् त्यहाँका व्यक्तिहरूमा राजनीतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा कानूनको आधारमा भेदभाव गरिने छैन भनिएको छ ।

२. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १११ (रोजगार र पेशाका सम्बन्धमा बिभेद सम्बन्धी महासन्धि, १९५८)

यस महासन्धिले मजदूर वा श्रमिक वर्गमा गरिने सबै खाले विभेद विरूद्ध व्यवस्था गरेको छ । त्यसैले रोजगार र पेशाको क्षेत्रमा हुने विभेदको सम्बन्धमा यसले समानता कायम राख्न खोजेको छ । त्यसैले अगाडि भनिएको छ "फिलाडेल्फियाको घोषणा पत्रले जाति, आस्था वा लिंग जेसुकै भए पनि सम्पूर्ण मानिसहरूको स्वतन्त्रता र प्रतिष्ठा, आर्थिक सुरक्षा र समान अवसरको अवस्थामा आफ्ना भौतिक कल्याण र आध्यात्मिक विकास दुवै गर्ने अधिकारलाई पुष्टि गरेको कुराको विचार गर्दै" यो महासन्धि तयार गरिएको उल्लेख छ ।

३. औपनिवेशकि देश र जनतालाई स्वतन्त्रता प्रदान गर्ने घोषणापत्र १९६०

यसको धारा २ मा लेखिएको छ- सबै जनजाति आत्मनिर्णयको अधिकार छ, त्यस

अधिकारका कारणले गर्दा तिनीहरू स्वतन्त्रतापूर्वक आफ्ना राजनैतिक अधिस्थान सुनिश्चित गर्दछन् र स्वतन्त्रतापूर्वक आफ्ना आर्थिक, सामाजिक र सांस्कृतिक विकासलाई अघि बढाउँछन् ।

४. सबै प्रकारका जातीय भेदको उन्मूलन सम्बन्धी राष्ट्र संघीय घोषणापत्र १९६३

सम्पूर्ण मानिसहरू स्वतन्त्र जन्मेका हुन् र प्रतिष्ठा तथा अधिकारमा समान छन् । कानूनका अगाडि सबै समान छन् । जातीय भेद अथवा उच्चताको कुनै पनि सिद्धान्त वैज्ञानिक रूपमा असत्य छ, भन्ने कुराको उल्लेख गरेको छ । यस घोषणापत्रको प्रस्तावना र सम्पूर्ण धाराहरूले माथिका कुराहरूको स्पष्ट व्याख्या गर्दै जातीय भेदभावको समाप्तिका लागि व्यवस्था गरेको छ ।

५. शिक्षामा भेद विरूद्धको महासन्धि १९६०, युनेस्कोको साधारण सम्मेलनमा पारित

यस महासन्धिले शिक्षामा वा शैक्षिक क्षेत्रमा हुने कुनै पनि प्रकारको विभेदको अन्त्य हुनु पर्दछ भनेको छ। यसको धारा १ मा लेखिएको छ- यस महासन्धिको उद्देश्यका लागि विभेद भन्ने शब्दले जाति, रंग, लिंग, भाषा, धर्म, राजनीति वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, आर्थिक अवस्था वा जन्ममा आधारित, शिक्षामा र खासगरी देहायका कुरामा समानताको उपचारलाई प्रोत्साहित गर्ने वा रोक लगाउने उद्देश्य वा प्रभाव भएको कुनै पनि भिन्नता, निष्काशन, सीमा वा प्राथमिकतालाई समावेश गर्दछ।

६. सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी महासन्धि १९६५

उक्त महासन्धिलाई नेपालले ३० जनवरी १९७० मा अनुमोदन गरी १ मार्च १९७१ देखि लागु गऱ्यो।

सबै प्रकारका जातीय विभेद उन्मूलन गर्ने सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रमा अन्तर्निहित सिद्धान्तहरूको कार्यान्वयन गर्न र त्यस दिशामा व्यवहारिक उपायहरूको सिघ्रतम ग्रहणलाई निश्चित गर्ने अभिलाषाले स्वीकार गरिएको छ, भनी प्रस्तावनामा टुंग्याइएको छ।

जातिय विभेद र राष्ट्रिय कानून

१.नेपाल अधिराज्यको संविधान २०४७

जन आन्दोलन पछि प्राप्त संविधान भएकाले जातीय उत्पीडनमा परेका नागरिकहरूको कानूनी उपचारका लागि यसले विशेष ख्याल गरेको देखिन्छ। यस संविधानको राज्यको निर्देशक सिद्धान्तमा भनिएको छ, "सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात, जाति, भाषा, वर्ण र समुदायका बीच सामन्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ।"

यसैगरी यस संविधानको धारा ११ मा "समानता सम्बन्धी व्यवस्था गरिएको छ" धारा ११ को उपधारा १ मा भनिएको छ" "सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट बंचित गरिने छैन।"

यसैगरी सोही धाराको उपधारा २ मा "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन" उल्लेख छ।

यस्तैगरी उपधारा ३ मा "राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन" लेखिएको छ।

त्यस्तै उपधारा ४ मा "कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछूतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट बंचित गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ" भनेको छ।

२. मुलुकी ऐन २०२०

मुलुकी ऐन २०२० को अदलको महल १९ मा "कसैले कसैलाई जातिपातिको आधारमा छुवाछूत तथा भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट बंचित गरेमा एक वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुन सक्नेछ" भनिएको छ।

माथिका कानूनका अतिरिक्त जातिय विभेदका विरूद्धमा विकास समिति ऐन २०१३, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति (गठन) आदेश २०५४,श्री ५ को सरकार मन्त्री परिषद्, स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, श्रम मन्त्रालय, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति जस्ता संयन्त्रहरू पनि निर्माण भएका छन्।

दलित मुक्ति अभियानमा इन्सेक

२०४६ साल भन्दा अगाडि देखि नै देशमा भएको निरंकुशताको विरूद्धमा संघर्षरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले आफ्नो संस्थाको उद्देश्य समतामूलक समाजको स्थापना गर्ने राखेको छ। यो उद्देश्य प्राप्तिका लागि मानवअधिकार स्थापित गर्ने महान् कार्यको लागि एउटा अभियान नै संचालन गर्दै आएको कसैबाट छिपेको छैन। मानव अधिकारको चरम उल्लंघन भएको क्षेत्रलाई केन्द्रित गर्दै संचालन गरिएका अभियानमध्येको एउटा अभियान जातिय विभेद मुक्ति अभियान पनि हो। इन्सेकले देशका विभिन्न भागहरूमा हुने गरेका जातियं विभेदको विरूद्धमा भएका संघर्षहरूमा ऐक्यवद्धता जनाउँदै आएको र कतिपय संघर्षहरूमा आफै संलग्न हुँदै आएको छ। देशमा प्रजातन्त्रको पुनर्स्थापना पछि भएका जातिय विभेद विरोधी आन्दोलनहरूमा इन्सेक सरिक हुँदै आएको छ। यस अभियानको क्रममा इन्सेकले खेलेका भूमिकाहरू निम्न प्रकार छन्:

१. इन्सेकले पहिल्याएका मानव अधिकार उल्लंघनका विशिष्ट क्षेत्रहरू मध्ये जातिय छुवाछुत वा विभेद पनि एक हो। यसैले खास गरी ग्रामीण क्षेत्रमा विकराल रूपमा रहेको यो समस्याको वारेमा सचेतनता अभिवृद्धि गर्ने उद्देश्यले इन्सेकद्वारा संचालन गरिने प्रत्येक साक्षरता तथा सचेतन कक्षाहरूमा जातिय विभेदलाई छलफलको एक प्रमुख विषय बनाइने गरेको छ।

१. २०५० सालको स्याङ्जाको दूध काण्ड विरोधी आन्दोलनमा इन्सेकको तर्फबाट तत्कालिन अध्यक्ष सुशील प्याकुरेलले भाग लिनुभएको थियो।

२. २०५० सालमा दलित जातिहरू गोरखा जिल्लाको गोरखकाली मन्दिर प्रवेश गर्ने कार्यक्रममा इन्सेकका तत्कालिन अध्यक्ष सुशील प्याकुरेल सहभागी हुनु भएको थियो।

३. जातीय भेदभावका बारेमा सचेतनता-अभिवृद्धि गर्ने उद्देश्यले इन्सेकले २०५३ जेठमा "नेपालमा जातीय छुवाछुत" पुस्तक प्रकाशन गऱ्यो।

४. जातीय विभेदका बारेमा विद्यमान अवस्थालाई प्रकाशमा ल्याउनका लागि २०५३ मंसीर महिनामा इन्सेकले पाँचैवटा विकास क्षेत्रमा "नेपालमा जातीय छुवाछुत समस्या र समाधान" विषयक क्षेत्रस्तरीय विचार गोष्ठीको आयोजना गरेको थियो।

५. यसैगरी २०५४ मा सप्तरी जिल्लामा उत्पीडित जन जाति अनुसन्धान कार्यक्रम संचालन गरेको थियो।

६. २०५६ चैतमा भएको लाहानको चमार जाति बहिष्कार काण्डको विरूद्धमा संचालित अभियानलाई अझ सशक्त रूपले अगाडि लैजान इन्सेकले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

इन्सेकले जातीय विभेद विरोधी अभियानलाई अब कसरी अगाडि बढाउने सोचाइ बनाएको छ?

१. ग्रामीण इलाकामा संचालन गरिने साक्षरता तथा सचेतन कक्षाहरूमा छलफल गरिने विषयहरूमध्ये एउटा प्रमुख विषय जातीय विभेद सम्बन्धी समस्यालाई बनाउने क्रम जारी राखिने छ।

२. इन्सेकले जातिय विभेद विरोधी अभियानलाई प्रभावकारी ढंगबाट अगाडि बढाउनका लागि २०५६।०५७ मा संचालन गरिने आफ्ना प्रमुख कार्यक्रमहरू मध्येको एउटा कार्यक्रमको रूपमा लिएको छ। यस वर्ष देखि बैतडी, बझाङ, डोटी र डडेलधुरामा जातीय विभेद उन्मूलन कार्यक्रम संचालन गर्दैछ। यस अन्तरगतको एउटा कार्यक्रम अभियान कार्यक्रम हो। यसमा जिल्लामा घट्ने समसामयिक छुवाछुत विरोधी जातिय विभेद अभियान, सामाजिक कुरीति, महिला तथा बालबालिका विरूद्ध हुने भेदभाव, महिला तथा बालबालिका बेचविखन र ओसारपसार जस्ता विषयहरूलाई लिएर भेला, गोष्ठी, दबाबमूलक कार्यक्रमहरू जस्तै: जुलुस, सभा, पत्रकार सम्मेलन, ज्ञापन पत्र, धर्ना आदि आयोजना गरिने छ।

दोस्रो उत्पीडित जाति मुक्ति कार्यक्रम कानूनी सहयोग कार्यक्रम, तेस्रो उत्पीडित जाति सभा, चौथो सचेतन भेला/संगठन निर्माण र पाँचौं महिला अधिकार सम्बन्धी गोष्ठी रहेका छन्।

उस्तै शरीर उस्तै रगत उस्तै छ जीवन!
मानव-मानव बीचको छुवाछुत कहिलेसम्म?

अन्न चल्छ, सिप चल्छ, अछूतहरूको रगत चल्छ
तर किन समाजमा उनीहरूको पानी चल्दैन ?
दन्ने, सार्की, कामी, प्याने, बाहुन क्षेत्री जे भने नि
मानिस हुन् सबै, एकै दूलो सानो जे भने नि
जातले मै कोही दूलो कोही सानो कसरी भो ?

भाग्यको यो खेल हैन मानिसकै भेल हो यो
समाजका टाठाबाठा ठालुहरूको खेल हो यो
मानिसले मानिसकै शोषण गर्ने रीतसंगै
छुवाछूतको थीति चल्यो शोषणको जालसंगै
मानिसको रूपरंग स्वभाव चाहिं अनेक हुन्छ
तर सुन संसारमा मान्छेको जात एउटै हुन्छ
भन्ने कुरा बुझ्न बाली दलित हो पीडित हो

अन्न चल्छ, सिप चल्छ, अछूतहरूको रगत चल्छ
तर किन समाजमा उनीहरूको पानी चल्दैन ?

– शार्दूल [illegible]

कहिलेसम्म?

नेपालका दलितहरू बीच गरीबि

- डा. शिव शर्मा

विषय प्रवेश

प्रजातन्त्रको पुनर्स्थापनापछि राजनैतिक तथा आर्थिक क्षेत्रमा भएका सीमित उपलब्धीहरू पनि थिचोमिचोले गर्दा समानरूपमा वितरित छैनन्। गरीब तथा विपन्न, त्यसमा पनि दलितहरू निरन्तर थिचोमिचोमा बाँचिरहेका छन् । दलित जातिहरूबारे वस्तुपरक र योजना-उपयोगी अनुसन्धानहरू कमै भएका छन् । यो टिपोटमा दलितको संख्या र त्यसको वितरण तथा आर्थिक, सामाजिक स्थिति बारेको विश्लेषण प्रस्तुत छ । सरकारी तथा गैर सरकारी संस्थाहरू तथा दलितहरूका संगठनहरू दलित उत्थानका लागि कटिबद्ध देखिएको बेला यो टिप्पणीले वस्तुपरक रूपमा निर्णयहरू गर्न सघाउने आशा गरेको छु।

दलित कति र कहाँ ?

अनुसन्धान प्रयोजनको लागि दलितको परिभाषा यसरी गरिएको छ : सामाजिक रूपमा अपहेलित, अशुद्ध भनेर संसर्ग/सम्पर्क नगरिने र पानी वारिने जातिहरू । पहाडे मूलका दमाई, कामी, सार्की, गाइने र वादी, मधेसी मुलका मुसहर, चमार, खतवे, दुसाद, धोवी र कानुलाई यो पत्रमा दलित जातिमा गणना गरिएको छ। राष्ट्रिय जनगणना २०४९ ले यी जातिको जिल्ला अनुसारको तथ्यांक उपलब्ध गराएको छ । काठमाडौं उपत्यकाका पोडे, च्यामे र कुसले, मधेसी मुलका डोम, हलखोर र ततमाको पनि पानी वार्ने चलन यद्यपि पाइन्छ। तर यी जातिहरू कहाँ कति छन् भन्ने तथ्यांक उपलब्ध छैन ।

नेपालमा कूल जनसंख्याको करीब १२.३ प्रतिशत दलित जातिका छन् । पहाडे मुलका दलित करीब ८.८ र मधेसी मूलका दलित करीब ३.५ प्रतिशत छन् । २०४९ सालमा दलितको जनसंख्या करीब २३ लाख थियो । २.५ प्रतिशत वार्षिक रूपमा जनसंख्या वृद्धिदर मान्ने हो भने अहिले २०५७ सालमा दलितको जनसंख्या करीब २८ लाख पुगेको हुनुपर्दछ । करीब ५.५ जनाको परिवार गणना गर्दा अहिले दलितहरू करीब ५ लाख परिवार भएको अनुमान गर्न सकिन्छ ।

दलितको संख्या तथा सम्बन्धित जिल्लाको जनसंख्याको प्रतिशत जिल्लै पिच्छे फरक-फरक रहेको छ । संख्याको हिसाबले र प्रतिशतको हिसाबले अत्याधिक दलितहरू भएका १०-१० जिल्लाहरू तालिका- १ (नक्सा १ र २) मा लेखिएको छ । संख्याको हिसाबले सुर्खेत बाहेक अरू सबै जिल्ला मधेशमा छन् । मधेशका जिल्लाहरूमा पनि कैलाली बाहेक अरू जिल्ला मध्य र पूर्वी मधेशका छन् । सबभन्दा बढी दलित भएको जिल्ला सप्तरी हो । यी जिल्लाहरूमा मधेशी दलितको अत्यधिक चाप छ, र पहाडे दलित पनि बसाइ सरेर थपिने क्रम जारी छ । पहाडे मूलका दलित पहाडी जिल्लामा र मधेशी मूलका दलित मधेशका जिल्लामा बढी हुनु स्वाभाविकै भएपनि, पहाडे मूलका दलित बसाइ सरेर मधेश आउने तर मधेशी मूलका दलित पहाड नजाने भने वास्तविकता हो ।संख्याको

तालिका १

अत्याधिक दलित भएका जिल्लाहरू

संख्या अनुसार

सप्तरी	८५१२१
सिराहा	८११८५
सर्लाही	७८३१७
धनुषा	७३४६३
महोत्तरी	६७८४२
रौतहट	६७१२८
पर्सा	६६१६१
बारा	६६१०४
सुर्खेत	५९१७४
कैलाली	५५८६४

प्रतिशत अनुसार

जाजरकोट	२८.१
अछाम	२६.८
सुर्खेत	[illegible]
दैलेख	२५.०
कालिकोट	२३.८
बाजुरा	२२.०
बाग्लुङ	२१.२
म्याग्दी	२१.१
डोटी	२०.६
रुकुम	२०.५

स्रोत : जनगणना २०४९

हिसाबले मधेशका जिल्लामा दलितहरू अत्यधिक भएपनि जिल्लाको जनसंख्याको प्रतिशतको हिसाबले भने पहाडी जिल्लाहरूमा बढी चाप छ। जिल्लाको जनसंख्याको अत्यधिक प्रतिशत दलित हुनुले पेशागत अवसरको कमी रहने तर्फ पनि औंल्याउछ । संख्याको हिसाबले सबभन्दा कम दलितहरू मनाङमा छन् (१२२ जना), प्रतिशतको हिसाबले सबभन्दा कम भक्तपुरमा छन् (२.० प्रतिशत) । जिल्ला भित्रै पनि गाविस अनुसार दलितहरूको अनुपात त्यसैगरी फरक फरक रहेका उदाहरण छन् । दैलेख जिल्लाको खड्कावाडा गाविसमा कूल जनसंख्याको ४३ प्रतिशत दलित छन् भने कालिका गाविसमा ४ प्रतिशत मात्र छन् । दैलेखको ५५ गाविस मध्ये २० गाविसमा दलितको प्रतिशत ३० वा बढी छ। (एन. एल. ए. २०५७)

शैक्षिक परिसूचकहरू

दलित जनसंख्या बीच साक्षरताको दर अति नै न्यून छ। मधेशका मुसहर, दुसाद र चमार सबभन्दा कम साक्षरता दर भएका दलित जातिहरू हुन्। मधिशे मूलका अन्य जातिकै तुलनामा पनि मधेशी मूलका दलितहरू अत्यन्तै पिछडिएका छन्- साक्षरताको हिसाबले। पहाडे मूलका दमाई, कामी र सार्कीहरू बीच साक्षरता दर केही उच्च त छ (करीब २५ प्रतिशत) तर अन्य पहाडे मूलका जातिभन्दा साक्षरता दर झण्डै आधि नै छ।

महिला- पुरूष साक्षरताको सवालमा मधेशी मूलका दलितहरू बीच प्रत्येक १०० जना पुरूष साक्षर हुँदा महिला करीब १० देखि १५ मात्र साक्षर छन्। पहाडे मूलका दलितहरू बीच भने प्रत्येक साक्षर १०० जना पुरूष हुँदा २० देखि ४० महिला साक्षर छन्।

दलित जाति र गरीबि

गरीबि सम्बन्धी अनेकन अध्ययन भए तापनि दलित जातिहरू बीच गरीबिको स्थिति आँकलन गर्ने आधारहरू एकदमै थोरै छन्। "दलित गरीब हुन्छन्" भन्ने अवधारणाले गर्दा पनि यसो भएको हुनुपर्दछ । तथापि गरीबिको स्तर, प्रकृति र प्रक्रियाको ज्ञान आवश्यक छ । यी आधारको अभावमा गरीबि विरूद्धको अभियानले दलित जातिलाई नछुन सक्ने डर रहन्छ।

दलितहरू बीच गरीबिको स्थितिको छलफल गर्दा दुई कुराले अति महत्व राख्दछन्। पहिलो हो, कतिपय दलित जाति पेशागत हुन् र त्यो पेशाको स्थिति कस्तो छ भन्ने सवाल। पहाडे मूलका दलितहरू आ-आफ्ना पेशाबाट टाढिदै गएको सुक्ष्म अध्ययनहरूले देखाएका छन् । एउटा अध्ययनले (क्षेत्री १९९९) करीब ४० प्रतिशत दलित कामदारहरू आफ्नो पुरातन पेशामा नरहेको तथ्यांक दिएको छ। २५ देखि ३० प्रतिशत जनसंख्या दलित भएका जिल्लामा जाति अनुसारको पेशामा संलग्न भैरहनु संभव हुने कुरै पनि भएन। मधेशी मूलका दलितहरू पनि पेशागत हिसाबले आफ्नै पेशाले जिवन धान्न सक्ने स्थितिमा छैनन्। वास्तवमा सबै दलितको मुख्य पेशा भनेको कृषि श्रमिकको रूपमा काम गर्नु हो। कृषि श्रमिक भएर परिवार धान्नु पर्ने आवश्यकता दलित परिवारहरूसित खेतीको जग्गा नभएर पनि हो। पहाडे दलितहरू जग्गाको विषयमा केही सुविधामा छन्। एक अध्ययन अनुसार ३४ प्रतिशतसित ५ रोपनीभन्दा बढी जग्गा छ, करीब ५० प्रतिशत सित ५ रोपनीभन्दा कम जग्गा छ र करीब १६ प्रतिशत पहाडे दलितसित जग्गै छैन। मधेशका दलित त्यति पनि सुविधाको स्थितिमा छैनन्। मधेशका दलितहरू मध्ये करीब ९५ प्रतिशतसित कत्ति पनि जग्गा छैन वा घर उभ्याउने जग्गा मात्र छ। (इन्सेक १९९८)

कृषि श्रमिकको रूपमा काम गर्ने जग्गाविहीन दलितहरू प्रायः बँधुवा कृषि श्रमिकको रूपमा काम गर्ने गर्दछन्। मधेशका हरूवा, जन, चरूवा तथा पहाडका हलि, गोठालो भएर काम गर्ने अधिकांश दलित जातिका श्रमिकहरू हुन्। बाबु बाजेले वा आफैले खाएको ऋणको भासमा परेका

बाकस १ : बाँधा श्रम सम्बन्धमा झरीराम

वैतडीको मेलौली गाविसमा दलितहरूको सानो गाउँ कोलेउडा छ, झरीरमा त्यहीं बस्छन्। मालिकलाई तिर्नुपर्ने रकम रू. ३००० छ र त्यो ऋण फच्चे नहुन्जेल हलीया भएर काम गरिरहने छन्। उनको जहान, दुई छोरा र तीन छोरीहरू छन्. दुई रोपनी जग्गा छ र सानो घर छ। उनको मालिकको ५० रोपनी जग्गा छ र आफू सरकारी जागिरे छन्।

खान नपुगेपछि ऋण काढ्नु पर्‍यो, भन्छन् झरीराम। ऋणको व्याज तिर्नु पर्दैन तर खेतिपातिको जोत्ने, गोड्ने, बाली थन्काउने सबै काम गरिदिनु पर्दछ। वर्षको आठ महिना जति खेतीको काम हुन्छ। अरू बेला पनि वरिपरि नै रहनु पर्दछ। कहिले भारी बोकि दिनु पर्दछ, कहिले परेका अरू काम गर्नु पर्दछ। दुई छाक खान दिन्छन् र बाली भित्र्याउँदा ४०-५० किलोको एकबोरा अन्न पनि दिन्छन्। अन्त ज्यालामा काम गर्न जान पाइदैन। "मेरो ऋण चुक्ता गर अनि जहाँ जान्छस् जा" भनी हाल्छन्। काम नगर्ने हो भने महिनाको सयकडा ५ तिर्नु पर्दछ- कहाँबाट ल्याउनु त्यत्रो पैसा। मालिक त वेशै छन् माया पनि गर्छन्। परिपाटी नै ठीक छैन, ऋणले र आफ्नै जातको कारणले यो सब बुहानि खप्नु परेको हो- झरिराम भन्छन्।

स्रोत : रवर्टसन र मिश्र (१९९७)

दलित कृषि श्रमिकहरूको ज्याला थोरै हुन्छ, एकजनाको ज्यालामा परिवारका अरूले पनि मालिक कहाँ काम गर्नुपर्ने हुन्छ र ऋणको कारणले एउटै मालिक कहाँ काम गरिरहनु पर्ने हुन्छ। बँधुवा श्रमिकको कुरा उठान गर्दा पश्चिमका जिल्लाहरूमा विद्यमान कमैया प्रथाको विषयमा अनुसन्धानहरू भएका भए पनि दलितले बँधुवा काम गर्ने गरेको विषय आफै गौण नै रहेको छ। नेपालमा करीब तीन लाख हलि/हरूवा, चरूवा/गोठाला छन् र ती मध्ये अधिकांश दलित जातिका भएको अनुमान छ (शर्मा १९९९)। बँधुवा भएर काम गर्ने दलितहरू विकासे प्रयासहरूबाट पनि वंचित रहने कुरा निर्विवादै छ। बाकस १ मा बँधुवा झरीरामको कथा प्रस्तुत छ।

हालसालै केन्द्रीय तथ्यांक विभागले उपलब्ध गराएको "जीवनस्तर मापन सर्वेक्षण" को तथ्यांक प्रयोग गरी नेपालका विभिन्न जातिहरू बीच गरीबिको स्तर निर्धारण गर्दा दलितका तीन जाति- कामी, दमाई र सार्की बीच गरीबिको स्तर राष्ट्रिय औसत ४२ प्रतिशत भन्दा डेढ गुना बढी रहेको छ। प्रत्येक १०० जना दलितहरू मध्ये ६५ देखि ६८ जना गरीबिको रेखामुनि बाँच्न बाध्य छन्। मधेशी दलित जातिहरू बारे यस्तो तथ्यांक उपलब्ध छैन, तर जग्गा विहीनता र निरक्षरताको आधार लिएर उनीहरू बीच गरीबिको स्थिति झनै जटिल भएको अनुमान गर्न सकिन्छ।

दलितलाई उत्थान गर्ने प्रयासहरू

दलितहरू बीच विद्यमान गरीबि सामाजिक थिचोमिचो (छुवाछूतको माध्यमबाट), जग्गाविहीन हुनु र श्रम सम्बन्धमा मिचिनुबाट मौलाएको हो। यिनै स्थिति विद्यमान रहिरहेसम्म दलितहरूको उत्थानको लागि गरिने प्रयासहरू एकपछि अर्को असफल भैरहनेछन्। केही वर्ष यतादेखि सरकारी तथा गैर सरकारी संस्थाहरूले दलितका विभिन्न मुद्दाहरू उठान गर्दै आएका र विकासका प्रयासहरू लक्षित गर्दै आएका पनि छन्। तर दलितहरू प्रतिको सामाजिक थिचोमिचो यथावत छ भन्ने कुरा हालसालै लाहानको चमारको घटना र अन्य घटनाले प्रमाणित गर्छ। त्यस्तै जग्गामा पहुँच र बँधुवा श्रम प्रणालीमा कतै सुधार भएको छनकै छैन।

हालसालै विकासको संवाहक "उपभोक्ता समूह" बारे मरिएको एक

अध्ययनले दलितहरू विकास-निर्माणका कामहरूमा सहभागी हुन नसकेको विषयलाई उजागर गरेको छ (बाकस २) । वास्तवमा त्यस्ता प्रयासमा सहभागि हुन चाहिने आधारभूत "चरित्र" दलितहरूमा छैन, ज-जसमा त्यो चरित्र छ, पहिले उनैले विकासका फल पोल्टामा हाल्ने नै भए । त्यस्तै सधैं वञ्चित दलितलाई विकासका काममा सहभागी हुनबाट कसरी रोकी राख्ने भन्नेमा समाजका विभिन्न तप्का प्रयत्नशील रहेकै छन् । यस्तो स्थितिमा परिवर्तन आउनु पर्छ ।

सारांश र सुझाव

सामाजिक रूपमा अपहेलित दलितहरू नीरक्षर तथा गरीव अन्य जातिका जनसंख्या भन्दा बढी थिचोमिचोमा पर्नु स्वाभाविक हो । "गरीव माथिका गरीव" भन्ने हुन्छ दलितहरूलाई । नेपालका कूल गरीवको संख्याको झण्डै एक तिहाई दलितहरू नै रहेका छन् । सामाजिक थिचोमिचोका कारण सरकारी तथा गैह्र सरकारी विकासका प्रयासहरूमा दलितहरू सहभागी पनि हुन सकिरहेका छैनन् । यो परिस्थितिमा गरीवि निवारणका प्रयासमा दलितहरूलाई लक्षित गर्नु र सामाजिक परिवेशमा आमूल परिवर्तनको लागि प्रयत्नरत रहनु आवश्यक छ ।

१.सामाजिक रूपमा स्थापित "छुवाछूत" को अन्त्य गर्न अभियानको आवश्यकता छ । "२००१" लाई "छुवाछूत" निर्मूल गर्ने वर्षको रूपमा मनाउन सरकारलाई राजी गराउनु पर्छ । त्यो वर्ष राज्यका वरिष्ट ओहोदाकादेखि जिल्लामा भएका सरकारी कर्मचारीहरूले पटक पटक हजारौंको संख्यामा दलितहरूसंग खानपान, उठबस गर्नु पर्दछ । सबै राजनीतिक पार्टीहरूले समाजका हरेक तप्कामा यो सामुदायिक "खानपान, उठबस" को कार्यक्रम संचालन गर्नु पर्दछ । यसले जातीय हिसाबले ठूलो/सानो भन्ने कुसंस्कारलाई धरासायी बनाउने छ । राज्य संयन्त्र संगसंगै नागरिक समाजले पनि छुवाछूत अन्त्यका लागि अगुवाई गर्नु पर्दछ ।

२. दलितहरूको आर्थिक उन्नतिको लागि उनीहरूको स्रोत साधनको पहुँच नितान्त आवश्यक छ । रोजगारी, जग्गाको पहुँच, तथा ऋण सुविधा सबै तर्फबाट दलितहरूलाई राहत चाहिएको छ । गरीवि निवारणका अलक्षित कार्यक्रममा दलितहरू समाहित हुन नसक्ने स्थिति छ । दलित कै लक्षित कार्यक्रमहरू दलितको अत्यधिक चाप भएका जिल्लाहरू र जिल्लाभित्र गाविसहरूमा संचालन गर्ने तर्फ दृढ सोंच बनाउनु आवश्यक छ ।

३. दलितहरू मध्ये पनि मधिसे दलित जो कूल दलित जनसंख्याको एक चौथाई छन्, शिक्षा तथा जग्गाको पहुँचको हिसाबले अति नै विपन्न छन् । मधिसे मूलका महिना दलितको स्थिति झनै नाजुक छ । तथापि मधिसे मूलका दलित केही जिल्लाहरूमा केन्द्रित भएकाले तिनको लागि विशेष कार्यक्रमहरू संचालन गर्न अलि सहज पनि छ । यस तर्फ खासगरी गैह्र सरकारी संस्थाहरूले विशेष पहल गर्नुपर्ने देखिन्छ ।

४. दलितहरूको लागि आरक्षणको कुरा गर्दा यत्रो ठूलो समूदायलाई कसरी समेट्ने भन्ने सोच्नु पर्दछ । सामाजिक रूपमा स्थापित छुवाछूत तथा विकराल विपन्नताको अन्त्यको लागि

बाकस २ : दलितहरूसम्म पुग्न सकिन्छ ?

इलामको साखेजुङ गाविसका तीन घटनाहरू

१. साँखेजुङका ५ सय ३१ घरपरिवार मध्ये ५५ परिवार दलित छन् । दलितहरू बीचको विपन्नता अन्त्य गर्न गाविसले प्रयास गर्ने निर्धो गऱ्यो । दलितहरूको आवश्यकता पहिचानको अध्ययन गरियो, तर उनीहरूले कुरा पुऱ्याएर भन्न नसक्ने देखियो । गाविसले घरवासकै समस्या जल्दोबल्दो हो भन्ने निर्क्यौल गऱ्यो र पाँच वर्षमा घरवास सुधार्ने कार्यक्रम बनायो । दलितहरूलाई कर्कटपाता दिने निर्णय गऱ्यो । केही परिवारले मात्र के कर्कटपाता पाएका थिए, गाविसका नेताहरू र "हुनेखाने" ले कार्यक्रमको धुँवाधार विरोध गरे । संविधानले सबैलाई समान व्यवहार गर्ने भनेको छ भन्ने तर्क अघि सारियो । कुनै जाति विशेषलाई मात्र सुविधा पुग्ने काम गर्न पाइदैन भनियो । गाविसले कार्यक्रम तुहायो ।

२. गाविस अध्यक्षले अर्को प्रयास थाले । दलितहरूलाई आय आर्जन कार्यक्रमको लागि संगठित गर्ने र अनुदानको व्यवस्था गर्ने । अनुदानको लागि गाविसको सिफारिस आवश्यक भयो । "मेचीहिल" ले अनुदान प्रदान गर्ने व्यवस्था भयो । यो अध्ययनको लागि चयन गरिएका ५ "उपभोक्ता समूह" मध्ये एक (महिला सृजना समूह) ले "मेचीहिल" सित दलितको आर्थिक उन्नतिको लागि, अनुदानको अनुरोध गऱ्यो । गाविसले सिफारिस गऱ्यो । रू. ६५,००० । अनुदान पनि आयो । समूहले बाखा पालन जस्ता कार्यक्रम मार्फत दलितसम्म कार्यक्रम लाने प्रणका साथ काम थाल्यो । समूहमा भने एकजना मात्र दलित छन्, अब समूहले समूहका सबै सदस्यको लागि रकम प्रयोग गर्ने निर्णय गऱ्यो । दलितको नामले पैसा आयो, एकजना मात्र दलित लाभान्वित भए । अनुदान दिनेले पनि चासो देखाएन, महिला सृजना समूहले पनि चासो देखाएन । गाविसले पटक-पटक सबै सित विरोध जनायो । कतै कसैले सुनेनन् । दलितको नाममा पैसा निकासा भए भै गयो, दलितले पाउन् नपाउन् कसको टाउको दुखाई ।

३. अर्को उदाहरण - गाविस र "मेचीहिल" को संयुक्त प्रयासमा "सुलभ शौचालय" कार्यक्रमको थालनी भयो । गाविसले शुरूमा दलित र अन्य विपन्न परिवारमा कार्यक्रम लाने सोंच राख्यो । स्थानीय स्वायत्त शासन कानून अनुसार कार्यक्रमको लागतको ४० प्रतिशत उपभोक्ताले बेहोर्ने र ६० प्रतिशत गाविस र "मेचीहिल" ले व्यहोर्ने कुरा मिल्यो । गरीब तथा स्रोत साधन नभएका दलित परिवारहरूले ४० प्रतिशत खर्च कहाँबाट जुटाउने? ५५ परिवार मध्ये ५ परिवारले मात्र "सुलभ शौचालय" लिन सके, अरूको लागि "वेल पाकेर कागलाई हर्ष न विस्मात" भयो । कार्यक्रम लिने क्षमता नै भएन ।

स्रोत : चापागाई तथा अरूहरू (२०००)

बाकस ३ : शाही सेनामा जातीय विभेद

"हामी समाजमा भन्दा सेनामा प्रवेश गरेपछि अपमानित हुने गरेका छौं", नाम नछाप्ने शर्तमा एक सैनिक अधिकृत भन्नुहुन्छ- "सेवामा पस्दादेखि नै तल्लो जाति भएकै कारण हामीले भेदभाव खेपिरहन् परेको छ ।"

... मेसमा खाना खान दिइदैन, कतिपय व्यारेकमा व्यारेकभित्र बस्न नदिई बाहिर छाप्रो हालेर बस्न लगाएका छन् ।

... सांसद लालबहादुर विश्वकर्मा ... "बेलाबेलामा म कहाँ सेनामा रहेका दलित भाइहरू उत्पीडनका कारण रून आउने गर्दछन् ।"

स्रोत : कान्तिपुर, असार २३, २०५७

आन्दोलन चाहिन्छ र राज्यको दायित्व निर्वाह । दलितहरू सामाजिक, आर्थिक संरचनामा भएका विकृतिहरूको शिकार भएका हुन् । छुवाछूत अन्त्य गर्ने कटिबद्ध आन्दोलन र दलित परिवारलाई जग्गा तथा रोजगारीको न्यायोचित अवसर प्रदान गरेर मात्र समस्याको दिगो समाधान सम्भव छ । तुलनात्मक रूपमा सन्तोषजनक परिस्थितिका दलिततर्फ मात्र कार्यक्रम तथा नीतिहरू उन्मुख रहिरहे भने ठूलो दूर्भाग्य हुनेछ ।

सन्दर्भ सामाग्रीहरू

इन्सेक, १९९८ वेस लायन सर्भे रिपोर्ट : अण्डरस्टाण्डीङ दलित अफ तराई, काठमाडौं ।

एन. एल. ए., २०५७, दैलेख जि.वि.स. : पञ्चवर्षीय योजना, राष्ट्रिय श्रम प्रतिष्ठान, काठमाडौं ।

कान्तिपुर (नेपाली दैनिक), असार २३, २०५७

केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०४९, काठमाडौं ।

चापागाई डि., बस्नेत वी, तथा साह वी., २०००, इन्टरफेश विटविन लोकल इलेक्टेड वडिज एण्ड युजर गुप्स् : इलाम, राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, काठमाडौं ।

रवर्टसन, ए. र मिश्र, एस. १९९७ : फोर्सड टुप्लो : वण्डेड लेवर इन नेपालस् एग्रिकल्चरल इकोनोमी । एन्टी स्लेभरी इन्टरनेशनल र इन्सेक, काठमाडौं ।

शर्मा, शिव १९९८, नेपालका दलित जातिहरूको संख्या र आर्थिक, सामाजिक स्थिति, ग्रीन्सोबाट आयोजित राष्ट्रिय सम्मेलनमा प्रस्तुत पत्र, जनवरी ४, १९९८, ठिमी भक्तपुर ।

स्थानीय विकास मन्त्रालय, २०५३ : उपेक्षित, उत्पीडित र दलित समुदाय उत्थान कार्यक्रम, २०५२ स्वशासन, वर्ष १, अंक १

क्षेत्री, ज्ञानु, १९९९, ए सोस्योलोजिकल एनालिसिस अफ द अकुपेशनल काष्ट ग्रुप्स इन द हिल्स अफ नेपाल ।

दलित सम्बन्धमा पार्टीहरूको धोली

नेपाली कांग्रेस

- दलित तथा उपेक्षित समुदायको उत्थानका निमित्त नेपाली कांग्रेसले आफ्नो स्थापनाकालदेखि नै सक्रिय जिम्मेवारी लिएको छ । यही जिम्मेवारीको अनुभूतिले गर्दा नेपाली कांग्रेसको अग्रसरतामा दलित वर्गको उत्थान र उनीहरूलाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याउने विशेष कार्यक्रमहरू विगतदेखि नै आएका छन् ।
- नेपाली कांग्रेसले राष्ट्रको राजनीतिक निर्णय प्रक्रियामा दलित वर्गको उचित प्रतिनिधित्व हुनुपर्छ र संसद् लगायत विभिन्न निकायहरूमा दलित वर्गको सहभागिता आवश्यक छ भन्ने महसुस गर्दै दलित र उपेक्षितहरूको समग्र विकास एवं प्रतिनिधित्वका लागि आगामी संसदमा विधेयक प्रस्तुत गर्नेछ र पार्टीका विभिन्न तहमा दलित र उपेक्षित वर्गको समुचित प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ ।
- नेपाली कांग्रेसले दलित वर्गको उत्थानका लागि एक स्वतन्त्र परिषद्को गठन गरी दलित वर्गको समस्या पहिचान गरी समाधान गर्ने, छात्रवृत्तिको प्रभावकारी व्यवस्था गर्ने, छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता र विस्तार गर्ने, परिषद्मा यथेष्ट साधन पहिचान गरी कोषको स्थापना गर्ने र यस वर्गमा रहेको सिप र ज्ञानलाई प्रयोगमा ल्याउने विभिन्न कार्यक्रम तत्काल घोषणा गर्ने लक्ष्य लिएको छ ।

नेकपा एमाले

- जाति, जनजाति, भाषा, धर्म तथा संस्कृतिका क्षेत्रमा रहेका सम्पूर्ण भेदभावहरू अन्त्य गरिनेछन्। सबै जाति, जनजाति, भाषा र धर्मावलम्बीहरूलाई समान अधिकार, अवसर र सुविधा प्राप्त हुने कानूनी व्यवस्था गरिनेछ । पिछडिएका जाति, जनजाति, भाषा र संस्कृतिको रक्षा एवं विकासको निम्ति विशेष व्यवस्था गरिनेछ ।
- राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान दिने विभिन्न जाति, जनजातिका व्यक्तित्वहरूको खोजी गरी उनीहरूको इतिहास लेखिनेछ । विभिन्न जाति-जनजाति, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण योगदान दिने व्यक्ति एवं संस्थालाई सम्मान गरिनेछ ।
- जाति, जनजाति, भाषा, धर्म, संस्कृतिको विकासका निम्ति तत्सम्बन्धी प्रतिष्ठानको स्थापना गरिनेछ ।
- विभिन्न जनजातिका विद्वान र विशिष्ट प्रतिभाहरूलाई सम्मान र प्रोत्साहन गरिनेछ ।
- अन्धविश्वास, छुवाछूत लगायतका सामाजिक कुप्रथाको अन्त्य गर्ने अभियान संचालन गरिनेछ ।

राप्रपा (थापा)

- समाजमा पिछडिएका अल्पसंख्यक र उत्पीडित वर्गको उत्थान, विकास एवं सम्मानलाई राप्रपाले उच्च प्राथमिकता दिंदै आएको छ । आगामी समयका निम्ति निम्न नीति र कार्यक्रम निर्धारण गरिएको छ ।
- परम्परागत सीप, व्यसाय र संस्कृतिको संरक्षण र विकासका लागि आर्थिक र सामाजिक कार्यक्रम गरिने छ । सीप र व्यवसाय विकास गर्न विना धितो ऋण उपलब्ध गराइने छ ।
- गीत, संगीत, कला र शिक्षाको लागि स्वदेश तथा विदेशमा तालिम तथा छात्रवृत्ति दिलाउने सरकारी तथा सामाजिक सेवामा प्राथमिकता दिइने छ ।
- पार्टीका सबै निकायमा प्रतिनिधित्वको व्यवस्था गरी राष्ट्रिय सभामा जनसंख्याको आधारमा प्रतिनिधित्व गराई उपेक्षित, उत्पीडित र दलित विकास समितिको अध्यक्ष पदमा दलित जातिको व्यक्तिलाई मनोनयन गर्ने नयाँ नीति लागू गरिनेछ ।

राप्रपा (चन्द)

- हाम्रो संविधानले प्रत्येकलाई समान अवसर प्रदान गरेको छ तर जबसम्म दलित, उत्पीडितहरूलाई अरूको समानतामा ल्याउने प्रावधानको व्यवस्था हुँदैन यो समान अवसरको प्रावधानबाट यिनीहरू कहिल्यै अगाडि बढ्न सक्दैनन्, विकास हुन सक्दैन । त्यसकारण यो वर्गको लागि संविधानमा संशोधन गरी केही निश्चित अवधिसम्म आरक्षणको व्यवस्था गरिनेछ ।
- दलित वर्गलाई राजनैतिक, आर्थिक, प्रशासनिक, सामाजिक, शैक्षिक क्षेत्रमा विशेष टेवा दिई राष्ट्र निर्माण र विकासको मूल प्रवाहमा प्रवाहित गर्न विशेष अवसर प्रदान गरी दलित छात्रहरूलाई कक्षा ५ सम्म खाजा भत्ता महिनाको रू. १०० ।- दिने तथा दलित वृद्धाहरूलाई महिनाको २०० ।- वृद्धा भत्ता दिने र तिनीहरूको उमेरको हद ६० वर्ष कायम गरिनेछ ।

नेपाल सद्भावना पार्टी

- समाजमा व्याप्त विकृति, कुरीति, छुवाछूत तथा भेदभावको अन्य भएको घोषणा गरिने छ ।

नेकपा माले

- दलित समूदायका निम्ति हरक्षेत्रमा आरक्षणको नीति अबलम्बन गरिने छ । बादी महिला मुक्तिका लागि तथा बाँधा प्रथाका रूपमा चालु हलिया प्रथा, डोली प्रथा, पउन्की (विष्ट कमाउने) प्रथा जस्ता कुप्रथाको अन्त्यका लागि कानूनी व्यवस्था गरिनेछ ।

(आम निर्वाचन २०५६ को चुनावी घोषणापत्रबाट)

दलित भएकै कारण धेरै दलितहरू शोषित भएका छन

– विश्वेन्द्र पासवान

० तपाईको आफ्नो व्यक्तिगत परिचय बताइ दिनुहुन्छ कि ?

- मेरो नाम विश्वेन्द्र पासवान हो । सिरहा जिल्लाको रामनगर मिर्चिया गाविस कटारी चौकमा मेरो घर छ । मेरो जन्म २०१८ सालमा भएको हो । मेरो तीन छोरा र एक छोरी छन् । मैले धरानबाट वि. एल. सम्मको अध्ययन पूरा गरेको छु । नेकपा (मसाल) बाट मेरो राजनैतिक जीवनको सुरुवात भएको थियो, पछि गोल्छे सार्कीको सम्पर्क र प्रेरणाबाट तत्कालीन मानेसंग मेरो सम्पर्क बढ्दै गयो । फलस्वरूप म राजनीतिमा पनि संलग्न हुँदै गएँ ।

० तपाईको पारिवारिक स्थिति के कस्तो छ ?

- हाम्रो परिवार सुकुम्बासी भने होइन । हाम्रो दुईचार धुर जग्गा र घर घडेरी छ । आय आर्जनको पेशा केही पनि छैन । खेतिपातीमा बटैया र गुजाराको लागि सानोतिनो व्यापार गर्दै हाम्रो समस्या टरेको छ । मिर्चिया कटारी चोकमा आमाबुबाले तरकारी र फलफुल बेचेर मलाई पढाउनु भएको हो । केही वर्ष अगाडिसम्म पनि मेरो बुबा यही पेशा गर्दै हुनुहुन्थ्यो ।

० तपाई यो दलित आन्दोलन र राजनैतिक आन्दोलनसंग कसरी संग-संगै संलग्न हुन पुग्नु भयो ?

- राजनैतिक रूपले सचेत नै भएर भनौं, म शिक्षक नहुँदा नहुँदै पनि २०४२ सालमा भएको शिक्षक आन्दोलनमा संलग्न भएँ । त्यो आन्दोलनमा लागे बापत तीन महिनाको जेल जीवन र यातना समेत मैले पाएको छु । दलित आन्दोलनमा विगत २०३९ साल देखि नै मेरो सक्रियता रहँदै आएको थियो । यसै क्रममा मैले र गोल्छे सार्की दुवै मिलेर ७५ जिल्लाको भ्रमण गर्दै त्यहाँका दलितहरूको बसोबासको अवस्था, भोजनको स्थिति, खानेपानी, शिक्षा, स्वास्थ्य, आर्थिक स्रोत र दैनिक जीवन आदिको बारेमा उनीहरूको समग्र अध्ययन गरेका छौं ।

० यसरी यो दलित आन्दोलनमा लाग्न कोबाट बढी प्रभावित हुनुभयो ?

- समग्रमा भन्नुपर्दा गोल्छे सार्की लगायतका अग्रज दलितहरूबाट र भीमराव अम्बेडकरका कृतिबाट म बढी प्रभावित भएको हुँ ।

० दलित भएकै कारण तपाईले व्यक्तिगत रूपमा भोग्नु परेका नमिठा घटनाहरू पनि छन् कि ?

- म दलित हुँ । दलित भएकै कारण समाजको जातीय भेदभावबाट म मात्र होइन देशका तमाम दलितहरू पीडित छन् । व्यक्तिगत रूपमा मलाई घटेका घटनाहरू धेरै छन् । मैले होटलमा मात्र होइन आफ्नै समकालिन शिक्षित र सचेत साथीहरूको घरमा समेत आफूले खाएको भाँडा आफैले माझेको छु । चुनाव प्रचारको क्रममा जाँदा आठवटा गाविसमा हामीलाई भाँडामा खाना नदिएर पातमा खान दिइयो । यसै जिल्लाको रामनगर गाविसको अध्यक्षले हामीलाई पातमा खान दिनु भयो, पानी खान माग्दा कल (धारा) मा पठाइयो । यस्ता खालका घटनाहरू हामी

दलितहरूसंग धेरै छन् ।

० तपाईले ७५ जिल्लाको भ्रमण गर्दा दलितहरूको अवस्था कस्तो पाउनु भयो ?

- मुलतः हामीले त्यो भ्रमण र अध्ययन पंचायत कालमा नै गरेका थियौं । खासगरी नेपालको पश्चिम क्षेत्र बैतडी, दार्चुला, हुम्ला, जुम्ला, मुगु, बझाम, डोल्पा, गोरखा आदि जिल्लामा परिश्चमका भट्टहरूले बढी दमन र शोषण गरेको पाइयो । पूर्वी नेपालमा सोलु, सिन्धुपाल्चोक, काठमाडौं र सिराहा, सप्तरी, इलाम, धनुषा, महोत्तरी, सर्लाही, उदयपुर आदि जिल्लाहरूमा हामीले चर्को दमन र भेदभाव पायौं ।

० यो दलित-दलित बीचको विभेद र श्रेणी विभाजनलाई तपाई के भन्नुहुन्छ ?

- हामी तिनै कुराहरूको अध्ययनको लागि पनि घुमेका थियौं । २०४६ साल भन्दा अगाडि यो श्रेणी विभाजन र भेदभाव बढी थियो । प्रजातन्त्रको आगमन पश्चात जब हामी उनीहरूको बीचमा पुग्यौं र चेतना फैलाउने काम गऱ्यौं त्यसपछि यो भेदभाव कम हुँदै र घट्दै गएको छ ।

० तपाईहरूलाई कुन कुन क्षेत्रमा बन्देज लगाइएको छ ?

- हामी अधिकांश दलितहरू हिन्दू नै हौं । हिन्दूहरूका देवदेवता र मन्दीरहरू जाँदा पनि एउटै छन् । हामीलाई ती देवता र मन्दिरहरूमा प्रवेश गर्न समेत रोक लगाइएको छ । हुन त मन्दीर प्रवेश गर्दैमा हामी दलितहरूको मुक्ति हुने त होइन तर पनि यस खालका प्रवृत्तिहरू नेपाली समाजमा विद्यमान छन् । हामीले दुहुँदा दुहुँदैको दुध चल्ने तर त्यो दुधमा एक थोपा पानी पऱ्यो भने नचल्ने यस्तो बनौठो नियम र प्रचलन छ । अरू छुवाछूत र भेदभावका कुरा त सबैलाई थाहा नै छ ।

० लाहानमा मानवता विरुद्धको जुन अमानवीय घटना घट्यो त्यो घटना कसरी घट्न पुग्यो संक्षेपमा बताइदिनु हुन्छ कि ?

- विगत २०५६ चैत ४ गते भूतपूर्व उद्योग राज्यमन्त्री पद्मनारायण चौधरीको घरमा भैंसीको एउटा पाडो मऱ्यो । त्यो मरेको पाडो फाल्नको लागि ५ गते लाहान-१ का चमारहरूलाई बोलाइयो । उक्त मरेको पाडो फाल्न चमारहरूले मानेनन् । यस घटनाभन्दा अगाडि नै हामी दलित जातिहरूले मरेको सिनो नखाने र नछुने निर्णय गरेका थियौं । त्यसैको फलस्वरूप चमारहरूले मरेको सिनो फाल्न मानेनन् । यसपछि चौधरीको प्रत्यक्ष निर्देशन र सहयोगमा पूर्णबहादुर खड्काको संयोजकत्वमा चमार वहिष्कार समिति गठन भयो । चैत ९ गतेदेखि कथित चमार वहिष्कारवालाले चमार जातिका विद्यार्थीलाई विद्यालयमा जान रोक लगाइयो र चमारहरूलाई धारा, कुवा, पोखरी, इनार, बाटो हिंड्न र पसलमा औषधि किन्न समेत दिइएन । यो अमानवीय पीडालाई खप्न नसकेर हामीले संयुक्त संघर्ष समिति बनायौं र संघर्षको आन्दोलनलाई अग्रगतिका साथ अगाडि बढायौं ।

० यो आन्दोलनमा अरू सामाजिक संघ संस्थाहरूको सहयोग र भूमिका के कस्तो पाउनु भयो ?

- हामीले यो आन्दोलनलाई अगाडि बढाउने क्रममा हामीप्रति सद्भाव राख्ने स्थानीय जनताको पूर्ण सहयोग र नैतिक समर्थन पायौं । यति मात्र होइन काठमाडौंबाट समेत इन्सेक लगायत विभिन्न मानवअधिकारकर्मीहरू, मित्रराष्ट्रका विद्वानहरूबाट समेत नैतिक समर्थन र सहयोग प्राप्त भयो । उहाँहरू यहाँसम्म आएर हाम्रो सभा, जुलुस र धर्नामा समेत सामेल हुनु भयो ।

० विगत ११ वर्षदेखि मानवअधिकार क्षेत्रमा कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले यो जातीय विभेद अन्त्यको लागि दलितहरूको बीचमा आफ्नो क्षेत्रबाट के जति सकेको, जुन काम गरेको छ त्यसलाई तपाईले कुन रूपमा हेर्नु भएको छ ?

- मानवअधिकार क्षेत्रमा कार्यरत इन्सेकलाई मैले विगत २०४९/५० सालदेखि नै नजिकबाट अध्ययन गर्ने मौका पाएको छु । इन्सेकले उतिखेर दलितहरूको सम्बन्धमा एउटा पोष्टर निकालेको थियो जसमा "श्रम चल्छ, सीप चल्छ, रगत चल्छ तर पानी किन चल्दैन" भनेर लेखिएको पोष्टरले हामीलाई यो आन्दोलनमा लाग्न प्रशस्त हौसला प्रदान गरेको थियो । र बहिले पनि इन्सेकका यस्ता कार्यक्रमहरूबाट हामी धेरै प्रभावित भएका छौं ।

(प्रस्तुति : आत्माराम शर्मा)

छुवाछूत विरूद्ध पाँच दशक लामो संघर्ष

- राजकुमार दिक्पाल

एकातिर राणा शासनको अन्त्यका लागि धनकुटामा जनमत तयार हुँदै थियो भने त्यहीं राणा विरोधी आन्दोलनको प्रवाहमा आफूलाई पनि समाहित बनाउन उहाँले चार आना (पच्चीस पैसा) तिरेर नेपाली कांग्रेसको सदस्यता लिनुभयो । त्यसबेला चार आना तिरेर सदस्यता लिने व्यक्तिलाई "चारआने" सदस्य भनिन्थ्यो ।

त्यसपछि उहाँ राणा विरोधी सशस्त्र संघर्षका लागि तालिममा जान लाग्दा आमाको मृत्युका साथै अन्य पारिवारिक कारणले तालिममा भाग लिन जान सक्नुभएन ।

धनकुटामा पनि राणा विरोधी आन्दोलनले सफलता पायो । त्यतिखेरको धनकुटा कांग्रेसमय थियो । यद्यपि नेपाली कांग्रेसले प्रजातन्त्र प्राप्तिपछि दलित प्रथा तथा उत्पीडित वर्गलाई समान व्यवहार गर्नु त कता हो कता उल्टै हेलाहोचो गर्न थालेपछि आफू पनि दलित समुदायकै भएकोले उहाँले नेपाली कांग्रेस परित्याग गर्नुभयो र प्रवेश गर्नुभयो- नेपाल कम्युनिष्ट पार्टीमा निम्न सुधार संघमार्फत् । यो २००८ सालको घटना हो ।

यसरी २००७ सालदेखि दलित र उत्पीडितहरूको पक्षमा संघर्ष गर्दै आउनु भएका भद्रमान घले अहिले पनि दलित तथा उत्पीडित वर्गको हितका खातिर क्रियाशील हुनुहुन्छ नेपाल कम्युनिष्ट पार्टी (एमाले) मार्फत् ।

१९८९ साल कार्तिक २५ गते जन्म भएका घलेको भनाइमा नेपाली कांग्रेस जातीय छुवाछूतको यति कट्टर बनेर निस्कियो कि त्यसबेलाका नेपाली कांग्रेस केन्द्रीय समितिका महामन्त्री धनमानसिंह परियारलाई समेत अपमान गरियो । त्यसमा परिवारको दोष यति मात्र थियो कि उहाँले जातीय छुवाछूत विरूद्ध कुरा उठाउनु भएको थियो । त्यसपछि कांग्रेसले परियारलाई अपमान गर्न थाल्यो र उहाँले पार्टी परित्याग गर्नुभयो ।

धनमानसिंह परियार नेपाली कांग्रेसमा अटाउन नसकेपछि यता धनकुटामा भद्रमान घले पनि कांग्रेसबाट टाढिनु भयो र नेपाल कम्युनिष्ट पार्टीतिर आकर्षित हुनु भयो । "मैले नेपाली कांग्रेस त्याग गर्नुको मुख्य कारण जातिभेद हो" घले प्रष्ट पार्नुहुन्छ ।

त्यतिखेर धनकुटामा नरबहादुर कुथुमी, निलम श्रेष्ठ, शिवकुमार श्रेष्ठ, भरतराज जोशी, यज्ञप्रकाश अधिकारी र जगन्नाथ पोखरेल उहाँका समकालिन हुनुहुन्थ्यो । उहाँहरूमध्ये घले र शिवकुमार श्रेष्ठ मात्र राजनीतिमा सक्रिय हुनुहुन्छ ।

घलेले हिरालाल विश्वकर्माहरूसित मिलेर २००८ सालमा धरानमा निम्न समाज सुधार संघ स्थापना गर्नु भएपछि धनकुटामा पनि त्यसको शाखा स्थापना गर्नुभयो । त्यसबेला धनकुटाको विहीबारे हाटमा दलितहरूलाई प्रवेश अनुमति थिएन र सो हाटमा दलितहरूले पनि किनमेल गर्न पाउनुपर्छ भनेर उहाँहरूले आवाज उठाउनुभयो । साथै, विद्यालयहरूमा पनि दलितहरूलाई प्रवेश निषेध थियो । विहीबारे हाट र विद्यालयहरूमा दलितहरूले प्रवेश पाउनु पर्छ भनेर निम्न समाज सुधार संघ मार्फत् उहाँहरूले तत्कालीन वडा हाकिमलाई निवेदन दिनुभयो र एक भव्य जनसभा गर्नुभयो ।

तर उक्त जनसभामा सरकारी हस्तक्षेप भयो । त्यतिखेर उहाँ लगायत हिरालाल विश्वकर्मा, रंगलाल सुन्दास, टेकबहादुर सुन्दास, चन्द्रबहादुर परियार, टंकबहादुर रणपहेली, पूर्णबहादुर रणपहेली लगायत् १५ जनालाई वारेण्ट काटियो । "त्यसबेला हामी सबैलाई कम्युनिष्टको आरोप लगाइएको थियो" उहाँ त्यसबेलाको घटना स्मरण गर्दै भन्नुहुन्छ ।

घले त्यतिखेर पार्टीले खटाएको हरेक मोर्चामा सक्रिय हुनुहुन्थ्यो र अहिले पनि उहाँमा त्यो जोश र जाँगर यथावतै छ । त्यसबेला चाहे कोशी सम्झौताको विरोधमा होस् या भारतमा अन्न निकासीको विरोधमा होस्, उहाँ त्यतिकै सक्रिय रहनुभयो ।

यसैगरी तिलकप्रसाद आचार्य, रामप्रसाद आचार्य जस्ता सामन्तका विरूद्ध चुङवाङमा उर्लेको किसान आन्दोलन र सान्नेको किसान आन्दोलन आदिमा उहाँ सक्रिय सहभागी हुनुभयो ।

त्यसबेला धनकुटा र तेह्रथुम एउटै जिल्लामा पर्थ्यो । र, २०३३ सालमा तेह्रथुममा सम्पन्न पार्टीको जिल्ला अधिवेशनले उहाँलाई पार्टीको सदस्यता दिने निर्णय गरेको थियो । उहाँको भनाइमा त्यसबेला पार्टी भूमिगत भएकोले अधिवेशन पनि भूमिगत रूपमा सम्पन्न भएको थियो ।

२०१४ सालमा उहाँलाई क्षयरोगले समात्यो र उपचारका लागि भारतको हिमाञ्चल प्रदेश जानुभयो । २०२२ सालमा धनकुटा फर्किदा पंचायत आइसकेको थियो र उहाँले आफ्नो राजनीतिक आस्थालाई कायमै राखेर बस्नुभयो ।

यसरी वामपन्थी विचारबाट दलित र उत्पीडित वर्गको हितका खातिर पाँच देशकदेखि सक्रिय रहँदै आउनु भएका घलेको परिवारले दलित भएकै कारण पटक-पटक अपमानित हुनु परेको छ ।

उहाँकी हजुरआमालाई कुनै एक ब्राह्मण महिलालाई पानी पिउन दिएकै आरोपमा राणा वडाहाकिमले जेल सजाय दिएका थिए । यतिमात्र होइन, सरकारी क्षेत्रबाट पटक-पटक अपमानित हुनु परेपछि एम. वी. वी. एस. पास गरेका उहाँका जेठा छोरा अहिले मुलुक छोडी साधु बनेर भारतको राजस्थानमा पुगेका छन् ।

कोलोम्बो योजना अन्तरगत दक्षिण भारतको जी. आर. कलेजबाट ७ वर्षको अध्ययनपछि दश उत्कृष्टमध्येको नम्बर ल्याएर एम. वी. वी. एस. उत्तीर्ण गरी ३ वर्ष वम्बइमा सर्जिकल तालिम गरी उहाँका छोरा काठमाडौं फर्केका थिए । र, वीर अस्पतालको अनुसन्धान विभागमा जागिर पाएका थिए । तर पछि दलित भएको थाहा भएपछि उनलाई हेला गर्न थालियो । र, विकट जिल्लाका स्वास्थ्य चौकीहरूमा उनलाई पठाउन थालिएपछि त्यो अपमान खप्न नसकेर २०५४ सालमा उनी साधु भेष धारण गरेर भारततिर लागे ।

"मैले यस्तो तीतो अनुभव बटुलेको छु, जसको कारण हो- हाम्रो समाजको पुरातन चिन्तन" घले बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ- "त्यसैले पूर्ण मानवअधिकार प्राप्तिको लागि अझै धेरै संघर्ष गर्नु छ ।"

हाल उहाँ नेकपा (एमाले) धनकुटा जिल्ला कमिटीको सल्लाहकार, जातीय मुक्ति समाजको जिल्ला अध्यक्ष तथा जिविस धनकुटाका सदस्य हुनुहुन्छ ।

डोम समुदाय र वालविवाह

- कृष्ण लामा

नेपालकै सबैभन्दा दलित, उत्पीडित र पिछडिएको डोम जातिको बसोबास अल्वसंख्यक रूपमा बारा जिल्लाको तराई क्षेत्रमा पनि छरिएर रहेको पाइन्छ । सीप, परिश्रम र इमान्दारिता हुँदाहुँदै पनि शिक्षा र चेतनाको अभावमा डोम समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था निकै दयनीय अवस्थामा गुज्रिरहेको पाइन्छ । स्थायी बसोबास, शिक्षा आर्जन र आफ्नो श्रम र सीपलाई व्यवसायीकरण गरी सम्बृद्ध जीवन यापन गर्ने विषयमा उदासिनता देखिने डोम समुदाय अन्य कारणहरूले भन्दा पनि आफ्नै परम्परागत प्रचलन र संस्कारका कारणले नै यसरी पिछडिनु परेको बताइन्छ । त्यस बाहेक हाम्रो सामाजिक जातीय विभेद सम्बन्धी व्यवस्थाले पनि उनीहरूलाई माथि उठ्न नसक्ने गरी थिचेको छ । अहिले पनि हाम्रो समाजका अधिकांश मानिसहरू उनीहरूलाई "तल्लो जाति, नीच, अछुत" भनेर हेलाँ होंचो गर्दछन् ।

डोम जातिको बसोबास खासगरी खोलाको बगर छेउ, जंगल किनार, सार्वजनिक चउर, गाउँको वस्तीभन्दा अगल-बगल रहेको पाइन्छ । एक सर्भेक्षण अनुसार बारा जिल्लामा डोम जातिको संख्या करीब ८,००० रहेको अनुमान गरिएको छ । यहाँको डोम जातिको मुख्य पेशा भनेको सुंगुर पाल्नु, बाँसका सामाग्रीहरू बुनेर बेच्नु रहेको छ । यहाँ अवस्थित डोम जातिहरूको करीब ५० प्रतिशतको स्थायी बसोबास नभै फिरन्ते जसरी घुम्ने गर्दछन् ।

डोम समुदायमा पुराना रीतिरिवाज र कुसंस्कार प्रतिको अन्धविश्वासका कारण त्यस्ता कुप्रथाहरू विद्यमान छन् जसले उनीहरूको जीवनस्तर सुधार्नमा बाधा पुऱ्याइरहेको पाइन्छ । यो समुदायमा व्याप्त कुप्रथाहरू मध्ये "वाल विवाह" पनि एउटा प्रमुख समस्याको रूपमा रहेको छ । मानवीय र सामाजिक कलंक मान्निने वाल विवाहलाई डोम समुदायले सहज र स्वभाविक रूपमा ग्रहण गर्दै आइरहेको छ । डोम समुदायमा सामान्यतया बालबच्चाहरूले आमाको दुध खान छाडेपछि उनीहरू विवाहको लागि योग्य भएको मानिन्छन् र उमेर पुगेपछि मात्र विवाह गर्ने कुरा उनीहरूको संस्कार विरोधी कुरा हो र उनीहरू त्यसको उल्लंघन गर्न पनि सक्दैनन् ।

वालविवाह सम्बन्धी समस्याले नेपालका अन्य दलित, उत्पीडित र पिछडिएका समुदायमा पनि घर नजमाएको त होइन, तर यो समस्या डोम जातिमा सबैभन्दा गम्भीर अनि ज्वाजल्यरूपमा रहँदै आएको पाइन्छ । डोम जातिको वालविवाहको धुप्रै उदाहरणहरू मध्ये केही प्रतिनिधिमुलक वालवाविवाहका घटनाहरू यस्ता रहेका छन्- दहियार गाविस वडा नं. ९ मा बसोबास गरेका २१ वर्षीय डोम जवाहिर माली र १९ वर्षीय मान्ति देवीकि छोरी सिमा देवी अहिले ३ वर्षकी छिन् । गत वर्ष मंसिर महिनामा सिमा देवी अढाई वर्षकी हुँदा गाउँकै ३ वर्षको विक्रम डोमसंग उनको विवाह भएको थियो । त्यस गाउँका अन्य डोमहरूभन्दा धनि मानिएकोले अढाई वर्षीय सिमाको विहेमा करीब ८० जना जति डोमहरू जन्तिको रूपमा आएका थिए । सिमाकै घरमा विवाह मण्डप खडा गरी जन्तीहरूले लगातार तीन दिन भोज भतेर खाएका थिए । केटीका बाबु जवाहिरका अनुसार छोरी सिमाको विवाहमा भोजभतेरमा मात्र सुंगुरको मासु, च्युरा आदि गरी २५ हजार रूपैयाँ सकिएको र केटालाई दहेज स्वरूप ५ हजार रूपैयाँ समेत दिएका थिए । जुन पैसा जवाहिरले सुंगुर र घरको अन्न बेचेर जम्मा गरेका थिए । सिमाकी आमा मान्ति देविसंग आफ्नो दुधे बालिकाको विवाह किन यसरी र यति चाँडो गरिदिएको भनी जिज्ञासा राख्दा आफ्नो बिवाह छोरी सीमाको भन्दा पनि कम उमेरमा भएको कटु तथ्य उनले व्यक्त गरिन् र के पनि थपिन् भने छोरीको विवाह ढिलो गर्न खोजे धेरै दाइजो दिनुपर्ने र केटो पनि पाउन नसक्ने समस्या आउन सक्छ ।

त्यस्तै वरियार गाविसका ४५ वर्षीय होचु डोमकी २ वर्षीय छोरी पार्वतीको पनि गत फागुनमा गाउँकै सोहन डोमको ४ वर्षीय छोरा खेदुसंग विवाह भएको थियो । पार्वतीको बाबुको भनाई अनुसार छोरीको विवाहको भोजमा तीनवटा सुंगुर काट्नु परेको र नगद दहेज स्वरूप १५ सय दिनु परेको थियो । त्यसैगरी, उत्तर झिकैटय गाविसका रामजी महराले आफ्नी कान्छी छोरी सकिलीदेवी ७ वर्षको भै विवाह गर्न ढिलो भएको हुँदा समाजमा इज्जत जानें डरले साइकल र घडी सम्धी समेतलाई किनी दिने वाचा गरी अस्थायी रूपमा काम गर्न भारतबाट आएका एक डोमका ६ वर्ष छोरा रामजनमसंग गत फागुनमा विहे गरी द्रिएको बताइएको छ ।

यसरी डोम समुदायमा कलंकको रूपमा रहेको वाल विवाहको घटनाहरू, वाल विवाहका गम्भीर र हृदयबिदारक घटनाहरू डोम जातिको घर-घरमा सुन्न पाइन्छ । डोम समुदायमा व्याप्त यस्ता मध्ययुगीन र वर्वर संस्कारको अन्त्य गर्न, रूढीवादी, पुरातनपन्थी र अन्धविश्वासको दल-दलमा जकडिएको वाल विवाहको समस्या क्रमशः समाधान गर्न देशमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू र राज्य स्वयंले प्याकेजको रूपमा डोम समुदायमा विशेष कार्यक्रमहरू संचालन गरिनु पर्ने अति आवश्यक देखिन्छ ।

लघुकथा

रामराज्यको कांढा

- विनय कसजू

रामको दरबारमा एक जना ब्राह्मण आफ्नो छोराको लास बोकेर विलाप गर्दै आए । यो के अनर्थ भयो ? रामराज्यमा बाबु ज्यूँदो छँदै छोराको मृत्यु हुँदैन भन्ने मान्यता कसरी तोड्दियो ?

कारण बुझ्न दूतलाई जारीगरे तैंडै । एक जना दूतले खबर ल्याया : दण्डक वनमा शम्बुक नाम गरेको शुद्रले तपस्या गरिरहेछ ।

शुद्रले तपस्या गर्ने ? कस्तो अचाम्ली यो ? कारण थाहा पाउने बित्तिकै राम दण्डक वनमा पुगे । उनले तपस्यामा लीन शम्बुकको बध गरे । ब्राह्मणको छोरा बाँच्यो । रामराज्यको मर्यादा रह्यो !

गाउँको पुरेत बाजे आफ्नो घरको आँगन कुल्चन खोज्ने दर्जीलाई अहिले पनि यो कथा फूलबुट्टा भर्दै सुनाउँछन् र आफ्नो व्यवहारको शास्त्रीय पुष्टयाइँ गर्न खोज्छन् ।

मानवअधिकार आयोग, कमैया मुक्ति र प्रकाश

– सुशील प्याकुरेल
सदस्य, राष्ट्रिय मानवअधिकार आयोग

आज अन्ततोगत्वा सरकारले कमैया मुक्तिको घोषणा गर्नै पन्यो, सौंकी तिर्नु नपर्ने भन्नै पन्यो । आज भन्दा ५० दिन अघि मानवअधिकार आयोगको गठन पनि भएरै छाड्यो । यी दुवै घटना हुँदा प्रकाश हामीसित विछडिएको आठ वर्ष पूरा/ भैसकेको छ । २०४९ साल साउन १६ गते श्रीलंकामा मानवअधिकार सम्बन्धी एउटा दक्षिण एशियाली बैठकमा भाग लिएर फर्कदा थाई विमान दुर्घटनामा परी प्रकाशको देहावसान भएको थियो ।

प्रकाश २०४० मा नेपालको पहिलो मानवअधिकार संस्था मानवअधिकार संरक्षण मंचको संस्थापक महासचिव भएदेखि लगातार मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा लाग्दा लाग्दै हामीसित सदाको लागि विदा लियो । मानवअधिकारको लडाईको १० वर्षमा प्रकाशले नेपाललाई मानवअधिकारको क्षेत्रमा सर्वथा नयाँ सोचमात्र दिएको छैन ऊ यस्तो मार्ग निर्देशक बन्यो कि अझै हामी लामो समयसम्म उसले देखाएको बाटोमा हिंड्नु पर्ने छ ।

प्रकाशको जीवन लिला समाप्त भएको आठ वर्षमा यस आन्दोलनमा धुप्रै नयाँ कार्यकर्ताहरूको प्रवेश भएको छ । मानवअधिकार आन्दोलनले ठूलो उपलब्धी पाएको छ । राष्ट्रिय जीवनमा यो शब्द सर्वाधिक बढी जनजिब्रोमा पुगेको छ । यी सबमा प्रकाशको योगदान सर्वाधिक महत्वपूर्ण छ ।

२०४८ सालमा पहिलो आमचुनाव हुनासाथै प्रकाशले भन्न थालेको थियो- "यदि मानवअधिकारको बारेमा राजनैतिक दलहरूमा चेतना दिन सकिएन, उनीहरूलाई यस प्रति संवेदनशील बनाउन सकिएन भने देशमा प्रजातन्त्रको राम्रो विकास हुन सक्दैन । यसले आधारभूत जनताको हित गर्न सक्दैन । मानवअधिकारको संस्कृतिको विकास गर्न राजनैतिक दलहरूलाई मानवअधिकारप्रति प्रतिबद्ध बनाउनु पर्छ ।" त्यसैले प्रकाशको विचारमा एउटा शक्तिशाली र सबै राजनैतिक दलहरूको स्वीकृतिमा एउटा सर्वपक्षीय आयोग बनाउनु पर्छ जस्ले मानवअधिकारको सम्बर्द्धनमा दलीय सीमा भन्दा माथि उठेर काम गर्न सकोस् ।

त्यसबेला मानवअधिकार आयोगबारे चर्चा भएको थिएन अझै भनुँ नेपालको मानवअधिकार आन्दोलन अनभिज्ञ थियो । १९९२ मा संयुक्त राष्ट्र संघले मानवअधिकार सम्बन्धी राष्ट्रिय संयन्त्र बनाउनु पर्ने प्रस्ताव पारित गरेको थियो तापनि हामीमा यसबारे

त्यति जानकारी थिएन ।

प्रकाशले उच्चस्तरीय संयन्त्र बनाउन संसदमा प्रस्ताव ल्याउने प्रयत्न गऱ्यो । उसले धेरै सांसदहरूसित कुरा गऱ्यो तर राजनैतिक दलहरूमा मानवअधिकारप्रतिको न्यून चेतनाले गर्दा प्रकाशको प्रयासले तुरून्त सकारात्मक परिणाम पाएन । तर पनि प्रकाशले प्रयास जारी राख्यो र त्यसबेला राष्ट्रिय सभामा नेकपा (एमाले) का सांसद सुभाषचन्द्र नेम्वाङ्गले एउटा उच्चस्तरीय मानवअधिकार आयोगको गठन गर्ने प्रस्ताव ल्याउनु भयो तर सत्ताधारी नेपाली कांग्रेसको त्यस्तो आयोग चाहिदैन भन्ने सोचले नेम्वाङ्गको सो प्रस्तावलाई पराजित गरायो ।

प्रकाशको देहावसान भयो तर प्रकाशको त्यो प्रयासलाई जारी राखे उसका अनुयायीहरूले । सुरूमा प्रकाशले स्थापना गरेको इन्सेकले सो प्रयासलाई जोडतोडका साथ उठाइ राख्यो भने पछि गएर सबै मानवअधिकार संस्थाहरू सक्रियतापूर्वक मानवअधिकार आयोगको स्थापनामा लागे । अन्ततोगत्वा २०५३ मा मानवअधिकार आयोग कानून बन्यो तर आयोग बन्न अर्को ४ वर्ष लाग्यो र आयोग बनाउन मानवअधिकार कार्यकर्ताले आमरण अनशनसम्मको संघर्ष गर्नु पऱ्यो । देश भरिका नागरिक समाजले आयोगको स्थापनाको लागि गरेको संघर्षको प्रतिफल २०५७ जेठमा मानवअधिकार आयोगको गठन भयो ।

प्रकाशले २०४७ मा प्रजातन्त्रको स्थापना हुनासाथै अब मानवअधिकार संस्थाहरूले जनताका आर्थिक, सामाजिक अधिकारको लागि संघर्ष गर्नुपर्छ भन्दै देशको सुदूर पश्चिममा रहेका कमैयाहरको पूर्ण मुक्तिको

प्रकाशको जीवन लिला समाप्त भएको आठ वर्षमा यस आन्दोलनमा थुप्रै नयाँ कार्यकर्ताहिरूको प्रवेश भएको छ । मानवअधिकार आन्दोलनले ठूलो उपलब्धी पाएको छ । राष्ट्रिय जीवनमा यो शब्द सर्वाधिक घढी जनजिभोमा पुगेको छ । यी सबमा प्रकाशको योगदान सर्वाधिक महत्वपूर्ण छ ।

लागि लाग्नुपर्ने बताउदै इन्सेकलाई त्यसतर्फ लगाउन थाल्यो । २०४८ सालमा प्रकाशको प्रत्यक्ष नेतृत्वमा इन्सेकले नेपालमा कमैया प्रथाको अध्ययन गऱ्यो । कमैया प्रथाभित्र बाँधा प्रणाली रहेको, सौंकी (ऋण) प्रथाले जनताको ठूलो हिस्सालाई पुस्तौंसम्म बाँधा राख्ने प्रचलन भएकोले त्यसको अन्त्य गर्नुपर्ने कुरा प्रकाशले अगाडि ल्यायो तर तत्कालीन अवस्थामा यस कुरालाई स्वीकार्ने संस्थाहरू त थिएनन नै, सरकार नेपालमा बाँधा श्रम प्रणाली रहेको स्वीकार्न समेत तयार थिएन । २०४९ सालमा इन्सेकले आफ्नो "कमैया प्रथाभित्र "बाँधा श्रम" भन्ने पुस्तक प्रकाशन गरेपछि यसबारे छलफल हुन थाल्यो र विस्तारै कतिपय राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको ध्यान यसप्रति आकर्षित भयो ।

२०४९ साल साउन १६ मा प्रकाशको देहावसान भएपछि पनि इन्सेकले प्रकाशले छोडेर गएको यस कामलाई अर्थात् सौंकी प्रथाभित्र जकडिएर बाँधा श्रम अन्तरगत बाँच्न विवश कमैयाको मुक्तिका लागि दृढतापूर्वक लागी रह्यो । लामो प्रयत्न पछि ०५१ सालमा गठित नेकपा (एमाले) सरकारले आफ्नो नीति कार्यक्रममा कमैया प्रथा बारे चासो देखायो र त्यसपछि बनेका सबै सरकारले यस बारेमा चर्चा गरे । कमैया मुक्ति अभियान, कमैया मुक्ति मंच, कमैया सरोकार समूह र पछि कमैया मुक्ति संघर्ष समिति जस्ता विभिन्न आन्दोलनहरूले गर्दा आज प्रकाशको देहावसान भएको दिन भन्दा १४ दिन अघि अन्तत्वोगत्वा सरकार कमैया मुक्तिको घोषणा गर्न बाध्य भयो । अन्तत्वोगत्वा पहिले कमैया प्रथालाई बाँधा श्रम भन्न हिचकिचाउने नेपाली कांग्रेसले नै यो प्रथा हटाउने घोषणा गर्ने ऐतिहासिक श्रेय प्राप्त गऱ्यो ।

यो वर्षको पहिलो चौमासिक भित्रै भएको यी दुई घटना मानवअधिकार आयोगको स्थापना र कमैया मुक्ति, प्रकाश काफ्लेको मार्ग निर्देशन र सोचका परिणाम हुन् भन्नमा कसैले संकोच गरी राख्नु पर्दैन ।

समाजमा समस्या छन्, सामाजिक आन्दोलन नै समस्याको समाधान हो तर समस्या पहिचान गर्ने र आन्दोलनको बाटो देखाउने व्यक्ति नै सामाजिक नेता बन्न सक्छ र प्रकाश त्यस्तै सामाजिक आन्दोलनको एउटा नेता हो ।

नेपाली जनताले पाएका यी दुई सफलताको अवसरमा प्रकाशप्रति हार्दिक श्रद्धाञ्जली ।

हालसम्म प्रकाश मानवअधिकार पुरस्कार प्राप्त गर्ने व्यक्तिहरू र समारोहका प्रमुख अतिथिहरू :

पुरस्कार प्राप्त व्यक्ति	साल	प्रमुख अतिथि
१) पत्रकार विनयकुमार कसजु, पाल्पा	०५१	- तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी
२) समाजसेवी गजेन्द्रबहादुर बस्नेत, विरगंज	०५२	- शिक्षक एवं प्रसिद्ध शिक्षाप्रेमी रामजीप्रसाद शर्मा
३) किसान नेता ऋषिराम चौधरी, दाङ	०५३	- वरिष्ठ वामपन्थी नेता तुल्सीलाल अमात्य
४) समाजसेवी दयावीर सिंह कंसाकार, काठमाण्डौ	०५४	- प्रजातान्त्रिक आन्दोलनकी योद्धा देवन्तकुमारी आचार्य
५) वरिष्ठ अधिवक्ता रमानन्दप्रसाद सिंह, सप्तरी	०५५	- पूर्व सभामुख दमननाथ ढुंगाना

कमैयाहरूको मुक्ति गीतमा प्रकाशको धुन

- सुवोधराज प्याकुरेल

२०५७ साउन २ गते कमैयाहरुको भीड रमाएर नाच्दै, गाउँदै थियो । अघिल्लो दिन बाँधा जीवनबाट मुक्तिको माग राखेर जुलुसमा हिंड्दा अपमानपूर्वक पुतलीसडकबाट पक्राउ गरेर जाकिएको पीडा उनीहरुमा थिएन । आज उनीहरुको अगाडि आकास मुक्त थियो । पृथ्वी मुक्त थियो । संसार मुक्त थियो । साँच्चै, जनआन्दोलनले निरंकुशता भत्काएको अनुभूतिले धपुक्क बलेको आन्दोलनकारीहरुको अनुहार जस्तै आज कमैया मुक्ति धपक्क बलेको छ । पुस्तौंको यातनाको वयान सुनाइने गीतका पंक्तिहरुले स्वतन्त्रताको प्रतिबद्धतालाई लछप्पै उरालेको छ । यो गीत, संगीत र मुक्तिको समवेतमा मैले एउटा व्याकुल धुनको अनुभूति गरेको छु । त्यो धुनले सम्पूर्ण वातावरण, सारा स्वर र संगीतलाई डोऱ्याइरहेको छ । पाक्कपुक्क परेको गाला, मोटो गर्धन, झुलिरहेको शरीर र सिट्टी बजाइरहेको, धुन बजाइरहेको बाक्ला ओठहरु ।

पश्चिम नेपालले नयाँ नेपालको इतिहासमा पहिलो पटक एउटा न्यायपूर्ण इतिहासको कोसेढुंगा स्थापित गरेको अनुभूति भएको छ । जनआन्दोलनको मार्गनिर्देशक सन्देशलाई संविधानमा अटल अभिलेखका रुपमा दर्ज गर्न निर्देशक सिद्धान्त बनाइयो । त्यो सिद्धान्तलाई सरकारहरुको मूल्यांकनको आधार बनाउन सकिएको छैन । यहाँनेर नेपालका मानव अधिकारकर्मीहरु गम्भीर हुनु पर्छ । जन आन्दोलनका कमाण्डर स्वर्गीय गणेशमान सिंहले आर्थिक क्रान्तिको लागि जनआन्दोलनको सफलताको लगत्तै सार्वजनिक आह्वान गर्न थाल्नु भयो । जननेता मदन भण्डारीले आर्थिक शोषण र त्यसको परिणति स्वरुप भइरहेका सामाजिक, सांस्कृतिक शोषणको केस्रा केस्रा केलाएर न्यायपूर्ण समाज स्थापनाको सन्देश दिन थाल्नु भयो । जनआन्दोलन पछिको एक वर्ष प्रकाशजीको लागि हुरी बतास जस्तो थियो । कहिले संविधान निर्माणको सवाल, कहिले वेपत्ता पारिएका मानिसहरु खोज्ने सवाल, कहिले मल्लिक आयोगको कामलाई सहज पार्ने सवाल । हरेक सवालहरु प्रकाशजीका लागि अहम् सवाल थिए । यी हरेक सवालमा अथक मानवअधिकार योद्धा प्रकाशलाई सशरीर र हातखुट्टा फैलाउँदै, टिप्दै, केलाउँदै, उड्दै गरेको भेटिन्थ्यो । बद्रीराम भण्डारीको जेल सुधारको आयोगलाई सहयोग गर्न नपाएकोमा चिन्ता र ओखलढुंगाका हराएका शहीदको चिन्ता, दुवैखाले सचेतन चिन्ता उहाँमा बराबर व्याप्त थियो ।

हामी एकअर्कालाई गुरु भनेर सम्बोधन गर्ने गर्थ्यौं । मेरो दाजुको अभिन्न मित्र भएता पनि उहाँ मप्रति पनि उत्तिकै सहज र मित्रवत् हुनुहुन्थ्यो । अहिले म सम्झिन्छु कि वास्तवमा उहाँ मेरो त गुरु नै हुनुभयो । एउटा लेख शुरु गरेर सरासर कहिले अन्त्य नगर्ने । कसकहाँ जाने टुंगो नगरी सरासर सडकमा लम्किने र जतापायो त्यतै गर्दा गर्दै कसैकहाँ पुगिदिने, घण्टौं बात मार्ने । त्यस्तो ल्याडफ्याड गुरु भित्र कसरी यतिका धेरै टुक्राहरु ! तर सबै अनमोल टुक्राहरु रहेछन् ।

२०४२-०४३ सालतिर उहाँ खुला संगठन बनाएर राजनीतिमा हात हाल्नु पर्छ र जन अधिकारको लडाइ लड्नु पर्छ भन्नुहुन्थ्यो । मानवअधिकारको विश्वव्यापी मान्यतालाई शासनप्रणालीको मूल आधार मानेर राजनीतिक गतिविधि गर्ने र प्रजातन्त्रको औचित्य साबित गर्ने कोसिस गर्नुपर्छ भनेर उहाँले टंकप्रसादजीदेखि मदन भण्डारीसम्म सारा नेतालाई घचघच्याउनु भयो ।

जनआन्दोलनको लगत्तै नेपालमा प्रचलित अन्यायपूर्ण परम्पराको रुपमा कमैया प्रथा भित्रको बाँधाश्रम प्रणाली र जातीय छुवाछूतको मामिलालाई उहाँले नजिकबाट अध्ययन गर्ने जमर्को गर्नुभयो । सुशील-प्रकाशको जोडी जब यो काममा जुट्यो हामी नेपालीको परम्परालाई धान्न थुप्रै वलिष्ठ धारेहातहरु उठे । विगत पाँच वर्ष यता तिनै विरोधका स्वरहरुले बाँधाश्रम प्रणालीको विरोध नगरी धर पाएनन् । कमैया प्रथाको विरोध गरेबापत, यो प्रथा छ भने बापत "नयाँ पसल खोल्ने, भर्खर प्रजातन्त्र आएकोमा त्यसलाई कमजोर पार्ने" भन्नेहरु बाँधाश्रमका विरोधी, कमैया प्रथा विरोधी आन्दोलनका सम्मानित नेता पनि बनेका छन् । आज तिनै सम्मानित व्यक्तित्वहरुको बोलवाला पनि छ । तर यो हुल र त्यो आवाजको किलिडमिलिडमा म गुरु प्रकाशको धुन सुनिरहेको छु ।

इन्सेकका कार्यकर्ताहरु जब कमैयाहरुको सर्भे गर्न मध्यरात तिर भर्खरै मालिकको काम सकेर बुकुरामा फर्किएका कमैयाकहाँ पुग्नु पर्थ्यो, कमैयाको कुरा गरेबापत मध्य वस्ती र बजारमा कुटाई खानु पर्थ्यो त्यो असहज बेलामा प्रकाशजी अटल बनेर यो काममा लाग्ने प्रेरणाको स्रोत बन्नु भयो । कमैया मुक्तिको मूल आधार भनेको उनीहरुको भूमि सम्बन्धी अधिकार नै हो तर जुनसुकै अधिकारका लागि पनि संगठित प्रयास चाहिन्छ भन्ने दृष्टिकोण प्रकाशजीको रह्यो ।

कुन्दनले मलाई आज सोध्यो- "सुशीलदाजु प्रकाश दाजुले कमैयाको बारेमा अध्ययन सुरु गर्दा यसरी कमैया मुक्तिको घोषणा हुनेछ भन्ने सोच्नु भएको थियो ?"

मैले भनें- थियो । उसले अपत्यारिलो आँखाले मलाई हेऱ्यो । हो, वास्तवमा यस्तो मुक्तिको घोषणाको मात्र कल्पना उहाँहरुले गर्नु भएको थिएन । आधारभूत तहका जनताको पक्षमा काम गर्ने पार्टीको सरकार र आफ्नो अधिकारका लागि संगठित तवरले अगाडि बढ्ने कमैयाहरुको संयुक्त प्रयासले बाँधा श्रमलाई समुल नष्ट गर्नेछ भन्ने विश्वास थियो । तर यो मुक्तिको घोषणा गर्न संसदमा स्थगन प्रस्ताव दर्ता गरेर भएपनि सरकारलाई बाध्य पार्ने प्रमुख प्रतिपक्ष र सौंकीको खारेजी गर्ने, कमैयालाई भूमि वितरण गर्ने, शिप सिकाउने प्रतिबद्धता सहित कमैया प्रथा अन्त्य गर्ने सरकार- को छ यहाँ आधारभूत तहका जनताको पक्षमा काम गर्ने ? सरकारले २०५६ माघ १ गते देखि घण्टाको रु. ७।५० न्यूनतम ज्याला तोक्यो । दैनिक १४ घण्टा काम गर्न बाध्य कमैयाले त्यो ज्याला नपाए कहाँ उजुरी गर्ने, उजुरीमा फैसला कसले दिने, के फैसला दिने ? केही पनि प्रष्ट नपारी सरकारले न्यूनतम् ज्याला तोक्यो । प्रतिपक्ष-सत्तापक्ष सबैको सर्वसम्मत स्वीकृतिले न्यूनतम् ज्याला तोकियो । कागजमा तोकिएको त्यो ज्याला कमैयाले पाएनन् । न्यूनतम् ज्यालाको लागि भएको आन्दोलन काठमाडौंको भद्रकालीको धर्नासम्म आइपुग्दा कमैयाको मुक्तिको घोषणा भयो । घोषणाको स्वागत गर्दै प्रमुख प्रतिपक्षले स्थगन प्रस्ताव फिर्ता लियो । न्यूनतम ज्याला तोक्दा कागजमा सहमति भए जस्तै मुक्तिको घोषणा गर्दा संसदको बोलीमा सहमति भयो । साउन २ गतेको यो घोषणाको लगत्तै कमैयाहरुलाई बुकुराबाट लघार्न थालिएको छ । शायद आफ्नो अधिकार बुझेको, बुझेको अधिकार लिन संगठित भएको र संगठित आन्दोलन हाँक्न आत्मनिर्भर एवं जुनसुकै त्यागका लागि तत्पर दासहरुको लस्कर व्युँतन बाँकी छ ।

मानव अधिकार र प्रकाश

– दशरथ बुढाथोकी

प्रकाश काप्ले हामीबाट अलग हुनु भएको ८ वर्ष पुरा भएर ९ वर्ष लागेछ। यस बीचमा धेरै वटा सरकार पनि बनिसक्यो । र प्रजातन्त्र आएको पनि १० वर्ष पुरा भएर ११ वर्षमा आफना कदम हरू चालिरहेको छ। यस दस वर्षमा के कति उपलब्धीहरू भए र हुनु पर्दथ्यो ? यो कुराको पनि लेखा जोखा गर्नु पर्ने भएको र पाएका उपलब्धीहरूको उपभोग गर्दै अन्य आवश्यक अधिकारहरूको प्राप्तीको लागी अगाडी बढनु र बढाउनु आजको आवश्यकता र समयको माग पनि हो र सबैको इच्छा पनि। र मानवअधिकार संस्थाहरूले जुन सोच र दृष्टिकोणले आफ्ना कार्यक्रमहरूलाई केन्द्रविन्दु बनाएर अभियानहरू संचालन गरे ती सोच र उद्देश्यहरू पुरा भए कि भएनन् भन्ने कुराको संस्थाहरूले मूल्यांकन गर्नुपर्छ।

नेपालको संदर्भमा मानवअधिकारको कुरा गर्दा वा मानवअधिकार आन्दोलनको सन्दर्भ कोट्याउंदा प्रकाश काफ्लेको नाम अग्रणी स्थानमा आउंछ।नेपालमा पहिलो र जेठो मानवअधिकार संस्था मानवअधिकार संरक्षण मञ्च हो र त्यसको महासचिव प्रकाश काफ्ले हुनहुन्थ्यो भन्ने कुरा मानवअधिकारप्रति थोरै पनि चासो राख्ने मान्छेलाई थाहा भै सकेको कुरा हो । पञ्चायती शासन व्यवस्थामा मानवअधिकारको काम गर्नु त्यति सजिलो थिएन । सांच्चै भन्ने हो भने प्रजातन्त्र पुनः स्थापना पश्चात पनि त्यति सहज र सरल छैन भन्ने कुरामा मानवअधिकार संस्थामा काम गर्ने मानव अधिकारकर्मीहरू भुक्त भोगी छन । त्यति अप्ठयारो काम हुंदा हुंदै पनि प्रकाश काफ्लेले त्यही क्षेत्र रोज्नु भयो र विभिन्न संस्थामा रहेर मानवअधिकारको कामलाई अगाडी बढाइरहनु भयो । मानवअधिकारको अभियानलाई अझ व्यवस्थित र सुदृढ बनाउन प्रकाश काफ्ले र सहयोद्धा शुसिल प्याकुरेलले "इन्सेक" नामक मानव अधिकार संस्था खोल्नु भयो । जन आन्दोलनको वेलामा विदेशमा गएर नेपालमा भैरहेको दमन र आन्दोलनको प्रचारका साथ प्रजातन्त्रको लडाइमा प्रजातन्त्र पक्षधरहरूको समर्थन जुटाउन जुन भूमिका प्रकाशले खेल्नु भयो, त्यो सबै प्रजातन्त्र प्रेमी र मानव अधिकार कार्यकर्ताहरूले सम्झिरहने छन् र सम्झनु पनि पर्छ ।

इन्सेकको स्थापना पश्चात प्रकाश काफ्लेसंग मैले केही समय मात्र निकट भएर काम गर्ने मौका पाएँ । तर छोटो समयमा नै सबैको मन जित्न सक्ने र खुला र खुलस्त व्यक्तिको रूपमा मैले उहाँलाई चिनें। ०४८ साल फागुनमा मलाई विराटनगरबाट बोलाइयो (गत्ते याद भएन) र सुदूर पश्चिमको क्षेत्रीय अधिकृत भएर काम गर्नुस् भन्नु भयो । मैले मेरो केही बाध्यता र कहिले पनि नगएको ठाउं,भाषा, संस्कार नमिल्ने हुनाले सुदूर पश्चिम जान्न भन्दा प्रकाश काफ्लेले नै त्यस क्षेत्रमा जान उत्साहित र प्रेरीत गर्नु भयो । त्यस्तो अप्ठयारो परिस्थितिसंग जुध्न सकेमा मात्र मान्छे स्वारिन्छ भनेर चुनौति स्विकार गर्न प्रेरित गर्नु भयो। फलस्वरूप मैले सुदूरपश्चिमाञ्चलमा निरन्तर ३ वर्ष भन्दा वढि बसेर इन्सेकको लक्ष्य र उद्देश्य पुरा गर्ने काम गरें ।

प्रकाश काफ्लेले मानवअधिकार शिक्षालाई ग्रामीण इलाकामा पुऱ्याउने उद्देश्य लिनु भएको थियो र कमैया प्रथा अनुसन्धानको थालनी लगायत केही कामको खाका तय गर्नु भएको थियो । त्यसै विचमा उहांको थाइ एयर वसको दुर्घटनामा निधन भयो । इन्सेकमा कार्यरत साथीहरूले एक पटक त निकै आत्तिनु पर्ने स्थिति आयो । नेतृत्वको अभाव पनि खट्कियो तर जुन सोच र दृष्टिकोण प्रकाशले लिनु भएको थियो तिनै सोचलाई शुसिल प्याकुरेलले अगाडी लिएर जानु भयो र आफु पनि सम्हालिदै हामीलाई हौसला प्रदान गर्दै अभियानलाई अगाडी बढाउनु भयो ।

प्रकाश काफ्लेले कमैया प्रथा विरोधी अभियान, मानवअधिकार शिक्षा ग्रामीण इलाकामा पुऱ्याउने र मानव अधिकार वर्ष पुस्तकको प्रकाशन जस्ता काम थालनी गरेर अधुरो छोड्नु भयो त्यसलाई मल-जल गर्ने र विभिन्न अप्ठ्यारा र कठिनाइका वावजुद अभियानलाई अगाडी बढाउने काममा सुशील प्याकुरेल लागी नै रहनु भयो। सांच्चै नै प्रकाशले जुन कमैयाको मुद्दा छनौट गर्नु भएको थियो त्यो मुद्दा नेपालको जल्दो बल्दो समस्या रहेछ भन्ने कुरा आज यस देशका राजनैतिक पार्टीले समेत स्विकार्नु पऱ्यो र सरकार कमैया प्रथा अन्त भएको घोषणा समेत गर्न बाध्य हुनु पऱ्यो ।

त्यस्तै अर्को महत्वपूर्ण विषय भनेको इन्सेकले निकालेको मा. अ. वर्ष पुस्तक हो। सन् १९९२ देखि मानव अधिकारका विभिन्न पक्षको वारेमा प्रकाश पार्दै मानव अधिकार उल्लंघनका घटनाहरूलाई उल्लेख गरी सरकारलाई जनताप्रति उत्तरदायी बनाउने, सचेतना जगाउने र मानवअधिकार उल्लंघनका घटनामा कमी ल्याउने उद्देश्यले प्रकाशन गरेको वर्ष पुस्तक सबै पक्षलाई घच्घच्याउने काममा सफल देखिन्छ। अहिले नेपालमा मानवअधिकार उल्लंघनका घटनाको बारेमा कसैले केही लेख्नु वा उल्लेख गर्नु परेमा मानवअधिकार वर्ष पुस्तकलाई विश्वसनीय श्रोतको रूपमा लिने गरेका छन्। अर्को महत्वपूर्ण विषयको रूपमा ग्रामीण इलाकामा मानवअधिकार शिक्षा कार्यक्रम रहेको छ । यो कार्यक्रमले जनतालाई सचेत र संगठित हुन सिकाएको छ र जनता आफ्नो अधिकार लिन सक्षम वन्दै गइरहेका छन्। सिराहाको चमारहरूले चलाएको आन्दोलन होस् वा सुदूरपश्चिम र मध्यपश्चिमका कमैयाहरूले मुक्तिको लागि गरेको आन्दोलन होस्- यही कुराको पुष्टि भएको छ।

अहिलेसम्मको नेतृत्वले थुप्रै समस्या र अप्ठ्यारोका बावजुद इन्सेकलाई यो सफलताको शिखरमा पुग्याएका छन् । त्यसको पछाडी हिजो प्रकाशको सोच ठीक थियो र ठीक ठाउँमा थियो भन्ने त प्रमाणित गर्छ नै साथै प्रकाश परिपक्व र दुरदर्शी थिए भन्ने कुरा प्रष्ट पार्छ। यसमा इन्सेक नेतृत्वको मात्र पहल र सक्रियताले इन्सेक यो ठाउँसम्म आएको छैन। इन्सेकमा कार्यरत साथीहरूको प्रतिबद्धता, प्रकाशले दिएको वैचारिक खुराक, जनताप्रतिको उत्तरदायित्वको बोध, संस्थाप्रतिको लगाव, त्याग आदीको कारणले इन्सेक आज मानवअधिकारको क्षेत्रमा अग्रणी स्थानमा छ भन्नु अत्युक्ति हुने छैन। यो आजको यथार्थ हो।

इन्सेकका अध्यक्ष सुशील प्याकुरेललाई मानवअधिकार आयोगको सदस्य सरकारले दया र माया गरेर बनाएको हैन, यो त मानव अधिकारको क्षेत्रमा पुऱ्याएको योगदान र ईन्सेकले संन्चालन गरेको अभियानको सफलताको प्रतिफल मात्र हो ।

आजको आवश्यकता भनेको जनतालाई केन्द्र विन्दु बनाएर मानवअधिकारको अभियानको लक्ष्य र उद्देश्य निर्धारण गरी अभियान संन्चालन गर्नु हो । प्रकाश सधै भन्ने गर्नुहुन्थ्यो- जबसम्म जनता सचेत, संगठित र जागरूक हुंदैनन् तबसम्म मानवअधिकार प्राप्त हुन सक्दैन। त्यसैले यसैलाई मूल मन्त्र बनाएर जनताको आन्दोलन अगाडी बढाउन इन्सेक सदैव सहयोगीको रूपमा सक्रिय हुन पर्छ । अनि मात्र प्रकाश काफ्लेप्रतिको साँचो श्रद्धाञ्जली हुन्छ र सपना साकार हुन्छ। वर्तमान नेतृत्वले प्रकाशका सोच र दृष्टिकोणलाई सफल बनाउन आफ्नो भूमिकालाई सशक्त, सक्रिय, र कार्यकर्तालाई काम गर्ने राम्रो वातावरण बनाउंदै, प्रेरित र उत्साहित गर्दै वैचारिक खुराक दिंदै अगाडी बढ्ने छ भन्ने आशा इन्सेक भित्रका कार्यकर्ता कर्मचारीले मात्र हैन इन्सेकका शुभचिन्तक र शुभेच्छुकले समेत गरेका छन्। र हामी पनि पूर्णतः विश्वस्त छौं । अनि मात्र इन्सेकले आफ्ना अभियानहरूलाई शसक्त र सुदृढ ढंगले अगाडी लान सक्छ। हाम्रो जनताप्रतिको काम नै प्रकाश प्रतिको साँचो श्रद्धाञ्जली हुनेछ। मानवअधिकार कार्यकर्ताको नजरमा प्रकाश सधै ज्वाजल्यमान ताराको रूपमा चम्की रहनु हुनेछ।

मानवअधिकार आन्दोलनका अग्रज प्रकाश

– राजनारायण नेपाली

साम्राज्यवादी मुलुक र त्यहाँका मानवअधिकारका व्याख्याताहरू न त कम्युनिष्ट देशमा मानवअधिकार हुन्छ, न त कम्युनिष्टहरू मानव अधिकारकर्मी हुन सक्छन् भन्ने हौवा फिजाइ रहन्थे । लामो समयदेखि नेपालभित्र प्रजातान्त्रिक आन्दोलन चलिरहेको थियो । उक्त आन्दोलनको मुख्य उद्देश्य नै राजनैतिक अधिकार प्राप्त गर्नु थियो । तीसको दशकमा नेपालको राजनैतिक आन्दोलनले गती लिइरहेको बेला २०४० सालमा नेपालमा साम्यवादप्रति आस्था राख्ने व्यक्तिहरूको पहलमा मानवअधिकार संरक्षण मंच नेपालको स्थापना भयो । मासमको स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्ति स्व. प्रकाश काफ्ले हुनुहुन्थ्यो । उहाँ मासमको संस्थापक महासचिव हुनुहुन्थ्यो । २०४९ साउन १६ सम्म उहाँ निरन्तर महासचिव रहनु भयो ।

मासममा रहेर मानवअधिकारको क्षेत्रमा काम गर्दै जाँदा उहाँ दक्षिण एशियाकै अग्रणी मानवअधिकारकर्मीको रूपमा स्थापित हुनु भयो । उहाँ जनताको संचेतनता र संगठित आवाज विना मानवअधिकारको सम्बर्द्धन गर्न संभव छैन भन्ने कुरामा दृढ हुनुहुन्थ्यो । तसर्थ मानवअधिकार आन्दोलन जनताको घर दैलोसम्म पुऱ्याउनु पर्दछ भन्ने सोचका साथ २०४६ को ऐतिहासिक जनआन्दोलन पश्चात् २०४५ सालमा स्थापित इन्सेकको कामलाई ग्रामीण समुदायसम्म पुऱ्याउने अठोट गर्नु भयो । २०४८ मा मध्य पश्चिम र सुदूर पश्चिमका ५ जिल्लामा दास प्रथाको अवशेषको रूपमा रहेको कमैया प्रथाको अन्त्यका लागि अनुसन्धान कार्यको थालनी गरियो । त्यसै वर्ष देशका २५ जिल्लामा मानवअधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रम संचालन गर्ने निधो गरियो । उक्त कार्यक्रम २०४९ वैशाखदेखि संचालन गरियो । कार्यक्रम संचालन गर्न काठमाडौंमा भएको ओरेन्टेशनमा साम्राज्यवादी मुलुकको मानव अधिकारका व्याख्याताहरूको कम्युनिष्टहरू मानवाधिकारकर्मी हुन सक्दैनन् भन्ने आरोपको ठीक विपरित उहाँले भन्नुभएको थियो- "साँचो अर्थमा सही मानवअधिकारकर्मी साम्यवादीहरु मात्र हुन्छन् भन्ने कुरा प्रमाणित गरेर देखाउनु पर्दछ ।" मानवअधिकार सम्बन्धी एक वार्षिक पुस्तक पनि निकाल्नु पर्दछ भन्ने सोच उहाँको थियो ।

माथि उल्लेखित केही कामहरुको उहाँले आफ्नै जीवनकालमा शुरूवात गर्नुभयो । तर मानवअधिकारसम्बन्धी वार्षिक पुस्तक निकाल्ने कामको शुरूवात उहाँले गर्नपाउनु भएन । किनभने २०४९ साउन १६ गते भएको थाई एयरवस दुर्घटनाले उहाँलाई हाम्रो बीचबाट टिपेर लग्यो । प्रकाश काफ्लेको अभावमा केही दिन इन्सेक अन्यौलमा रहे पनि पछि उहाँको सोचलाई सफलतामा पुऱ्याउन दत्तचित्तले लाग्यो । त्यसैवर्ष मानवअधिकार वर्ष पुस्तक १९९२ प्रकाशन गरी उहाँको स्मृति दिवसका दिन २०५० साउन १६ मा विमोचन गरियो । उक्त वर्ष पुस्तक हरेक वर्ष प्रकाशन हुँदै ८ अंक प्रकाशित भइसकेको छ ।

कमैया प्रथा पश्चिम नेपालका ५ जिल्लामा रहेको र ४० हजार कमैयाहरूलाई मुक्त गर्ने उद्देश्यका साथ शुरू गरिएको अनुसन्धान प्रतिवेदन प्रकाशित भएपछि त्यहाँ उहाँकै भावना अनुरूप इन्सेकले २०४९ देखि नै कमैया साक्षरता तथा सचेतन कार्यक्रम मार्फत् कमैयाहरूलाई संगठित गर्दै २०५२ सालमा कमैया मुक्ति मंचको गठन गऱ्यो । त्यसै मंचको पहलमा २०५२ पछि निरन्तर कमैया प्रथाको विरुद्ध आन्दोलन हुँदै गए । २०५७ वैशाख १९ गते कैलाली जिल्लाको गेटा गाविसका १९ जना कमैयाहरूले आफ्नो मालिकबाट मुक्ति पाउन उठाएको कदमको असर त्यस क्षेत्रका पाँच वटै जिल्लामा पर्न गयो । यसरी पाँच वटै जिल्लाबाट कमैयाहरु आन्दोलनमा उत्रिएका हुँदा २०५७ साउन २ गते श्री ५ को सरकार कमैयाहरूलाई मुक्ति दिने घोषणा गर्न बाध्य भयो । कमैया प्रथाको अन्त्य गर्ने कामको थालनी गर्ने प्रकाश आज हाम्रो सामु भइदिएको भए उहाँ कति खुशी हुनुहुन्थ्यो होला, अनुमान मात्र गर्न सकिन्छ ।

मानवअधिकारप्रति जनताको चासो हुनुपर्दछ नत्र मानवअधिकार टाठावाठा र बौद्धिक जगतको ओठेबोली मात्र हुन्छ भन्नु हुने प्रकाशले आफ्नै जीवन कालमा २५ जिल्लाबाट शुरूवात गर्नु भएको मानवअधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रम अहिले मानवअधिकार शिक्षा कार्यक्रमको नामले ५० जिल्लामा पुऱ्याउन इन्सेक सफल भएको छ । आज इन्सेकले संचालन गरेको मानवअधिकार शिक्षा कार्यक्रमको उपलब्धीस्वरुप देशका विभिन्न जिल्लाहरुमा दलित, उत्पीडितहरु पनि आफू माथि हुने शोषण दमनको विरूद्ध संगठित हुँदै सानातिना आन्दोलन उठाउन थालेका छन् । चमार जाति वहिष्कार विरूद्धको भरखरै लहानमा भएको संघर्ष एक महत्वपूर्ण आन्दोलन हो ।

यसरी प्रकाशले राजनैतिक तथा नागरिक अधिकार संगसंगै आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको आन्दोलन पनि अगाडि बढाउनु पर्दछ भन्ने अठोट गरी स्थापना गर्नु भएको अनौपचारिक क्षेत्र अनुसन्धान केन्द्र (इन्सेक) २०४८ मा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) भई आज १२ वर्षमा जनताको घर दैलोसम्म पुग्ने निरन्तर प्रयास गरिरहेको छ । आज इन्सेक मानवअधिकार संस्था, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय रूपमै परिचित हुन सकेको छ । प्रकाश काफ्लेको भावना अनुरूप इन्सेकले आफूलाई अघि बढाएकोले नै आज इन्सेकका तत्कालीन अध्यक्ष सुशील प्याकुरेल राष्ट्रिय मानवअधिकार आयोगको सदस्यमा मनोनित हुनु भएको छ । प्रकाश काफ्लेप्रतिको सच्चा श्रद्धाञ्जली भनेको मानवअधिकारलाई जनताको चासोको विषय बनाउनु पर्ने उहाँको सोचलाई निरन्तरता दिन सकियो भने मात्र हुनेछ ।

अन्तमा प्रकाश काफ्लेको आठौं स्मृति दिवसका बेला नतमस्तक हुँदै उहाँले देखाउनु भएको बाटोमा हामी सबै हिंड्न सक्षम हौं भन्ने कामना सहित हार्दिक श्रद्धाञ्जली !

घोषणा त भयो कार्यान्वयन कसरी ?

- कृष्ण गौतम

"मै ५० बरसक हुइँली, अत्रा बरा खुसी आजतक कभि निंहुइकेसेकली और मनइकलक ४६ सालम प्रजातन्त्र आइली हमर कमैया हुकन १० वरस पाछ, काल प्रजातन्त्र आइल, अब हमर सक्कु कमैया मुक्त हुइली" आफ्नै थारु भाषामा खुशी व्यक्ति गर्दै ५० माघी पार गरिसकेका कमैया परदेशु चौधरी साउन ३ गते काठमाडौंको भद्रकालीमा अरु कमैयासंगै नाँच्न खोजिरहेका थिए । यस्तै खुसीमा रमाइरहेका थिए कैलाली टिकापुरबाट राजधानी आइपुगेका कमैया युवक बाल किसन चौधरी पनि । उत्साहित बालकिसन ४ गते बिहान घर पुग्छन् त उनका मालिक वसन्त सुनारले घरमा ताल्वा लगाइदिएका हुन्छन्, परिवार बिचल्लीमा परेका हुन्छन्, मालिक बालकिसनलाई भन्न थाल्छन्- "तैंले ९ हजार सौंकी तिर्नु पर्छ । माघदेखि आजसम्मको ज्याला पनि पाउँदैनस्, तलाई म मेरो घरमा बस्न पनि दिंन्न जहाँ जाने होस् जा ।"

सरकारले साउन २ गते कमैया मुक्तिको घोषणा गरेपछि विजय उत्सव मनाएर घर फर्किएका बालकिसन आफ्नो चार जना परिवार सहित आश्रयका लागी टिकापुर स्थित इन्सेक आबद्ध संस्थाको कार्यालयमा पुगेका थिए । बालकिसनको जस्तै समस्या अन्य कमैया परिवारले पनि भोग्नु परिरहेको छ ।

श्री ५ को सरकारले २०५७ साउन २ गतेदेखि लागु हुने गरी कमैया बाँधा श्रमको मुक्तिको घोषणा गरेपछि अहिले राजनीतिक पार्टीहरु, मानवअधिकार संस्थाहरु तथा पेशागत ट्रेड युनियनहरु सो निर्णयको स्वागतमा वक्तव्य दिइरहेका छन् भने पत्रपत्रिकाहरु सोही विषयमा समाचार टिप्पणी र सम्पादकीयमा कमैया मुक्तिको विषयलाई प्रमुख स्थान दिइरहेका छन् ।

प्रतिनिधिसभाको चालु बैठकमा सार्वजनिक महत्वको वक्तव्य दिंदै भूमि सुधार तथा व्यवस्था मन्त्री सिद्धराज ओझाले कमैया मुक्ति सम्बन्धी मन्त्री परिषद्को निर्णय सदन समक्ष प्रस्तुत गर्नु भएको थियो । सुदूर तथा मध्य पश्चिम नेपालको कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङमा कमैया प्रथा रहेको थियो । श्री ५ को सरकारको उक्त निर्णयबाट दास प्रथाको अवशेष तथा वर्तमान समाजको कलंकको रुपमा रहँदै आएको बाँधा श्रमबाट करीब बयालीस हजार परिवारका झण्डै दुई लाख जनताले मुक्ति पाउने भएका छन् ।

के छ श्री ५ को सरकारको निर्णयमा ?

नेपाल अधिराज्यको संविधान, २०४७ तथा प्रचलित कानूनले मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरुद्ध काम गराउन पूर्णतः निषेध गरिएको र प्रचलित कानून मुलुकी ऐनको जीउ मास्ने बेच्नेको महलले त्यस्तो कुनै पनि कामकारवाहीलाई दण्डनीय समेत घोषित गर्दै तीन वर्षदेखि १० वर्षसम्मको कैदको सजाय हुने व्यवस्था भए पनि अधिराज्यका केही भागहरुमा कमैया प्रथाको नाममा आज पनि कमैयाको रुपमा असहाय तथा अशिक्षित श्रमिकहरुलाई काममा लगाई शोषण गर्ने सामन्ती परिपाटी कायमै रहेको छ । यसै सन्दर्भमा श्री ५ को सरकार मन्त्रिपरिषद्ले आजको मितिदेखि नेपाल अधिराज्यभर कुनै पनि क्षेत्र वा भागमा कमैयाको नामबाट प्रत्यक्ष वा अप्रत्यक्ष वा कुनै तरिकाले काममा लगाउन पूर्णत निषिद्ध र गैरकानूनी घोषित गरेको छ । कमैया श्रमिकका रुपमा काम गर्न बाध्य बनाएको व्यक्तिले आजकै मितिदेखि कमैया श्रमिकबाट स्वतः छुटकारा पाउने छ ।" कमैया बाँधा वा त्यस्तो कुनै पनि नामबाट लिखित वा मौखिक रुपमा प्रचलित कानून विपरित श्रम लिने, दिने कार्य निषेधित र दण्डनीय मानिनेछ । प्रचलित कानून विपरित साविकमा कुनै पनि कमैया वा निजको परिवारको कुनै सदस्यसंग श्रम गराउने वा त्यस्तै कुनै प्रयोजनका लागि कुनै सम्झौता लिखित गराएको भए सो समेत आजकै मितिदेखि अमान्य तथा दण्डनीय हुने कुरासमेत घोषणा गरेको छ ।" उक्त निर्णयमा स्पष्ट गरिएको छ ।

निर्णयमा भनिएको छ- कमैया श्रमबाट आजका मितिदेखि छुटकारा पाएको कमैया श्रमिकले ऋणदातालाई बाँकी रहेको कुनै पनि रकम तिर्न, बुझाउन पर्नेछैन । प्रचलित कानून तथा घोषित नीतिको विपरित कसैले काम गरे गराएमा कडा तथा प्रभावकारी कानूनी कार्वाहीसमेत गरिनेछ ।

कसरी उठ्यो कमैया मुक्तिको प्रश्न

वि.सं. १९८२ वैशाख १ गतेदेखि लागु हुने गरी तत्कालीन राणा प्रधानमन्त्री श्री ३ चन्द्रशमशेरले वि.सं. १९८१ मंसिरमा दासदासी प्रथाको मोचनको घोषणा गरेका थिए । तर अन्त्य गरिएको भनिएको सोही दास प्रथाको अवशेषको रुपमा पश्चिम नेपालका केही जिल्लाहरुमा कमैया समस्या रहँदै आइरहेको थियो । ३० वर्षे पंचायतमा कमैया सम्बन्धी कुनै मुद्दा नै बनेन । २०४६ सालको सफल जनआन्दोलन पछि स्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्था अन्तरगतको प्रथम आम निर्वाचनसम्म र त्यसको केही

फोटो : शशिराम तिवारी

पछिसम्म पनि कमैयाको वास्तविकतालाई सबैले स्वीकार गरेका थिएनन् । प्रजातन्त्रको पुनर्स्थापनापछि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरुलाई बढी महत्व दिदै आएको थियो । यही क्रममा इन्सेकले २०५० सालमा इन्सेकका तत्कालिन अध्यक्ष सुशील प्याकुरेलले यस प्रथाको अन्त्यको लागि सर्वोच्च अदालतमा मुद्दा दायर गर्नु भएको थियो । बाँधा श्रम प्रणली उन्मूलन गर्ने प्रयोजनको लागि कार्यपालिकालाई कानून बनाउन निर्देशन सहितको परमादेश जारी गरी पाउँ भनी दिइएको उक्त रिट २०५५ सालमा अदालतले खारेज गरेको थियो । तर अदालतले खारेज गरेको भए पनि सो रिटको सार्थकता र उक्त समस्या रहेको तथ्य हालको निर्णयले स्पष्ट भएको छ । यही अभियान अन्तरगत २०४८ सालमा कमैया प्रथाको बारेमा बर्दिया, कैलाली र कञ्चनपुरमा एक सर्भे गऱ्यो । उक्त अध्ययनको आधारमा नेपालमा कमैया प्रथाभित्र बाँधा पन कायम छ भन्ने पुष्टि भएको थियो । २०४९ सालमा इन्सेकद्वारा प्रकाशित गरिएको "नेपालमा कैया प्रथाभित्र बाँधा मजदूर" प्रतिवेदन कमैया र बाँधाश्रम क्षेत्रमा थप अनुसन्धान र अन्य कार्यहरुका लागि सरकारी तथा गैह्र सरकारी निकायको लागि आधार पुस्तक बन्न पुग्यो । र राजनीतिक पार्टीहरुले आफ्नो घोषणापत्र तथा सरकारले नीति तथा कार्यक्रममा कमैया प्रथा समाधान गर्ने प्रतिबद्धताहरु जाहेर गर्न थाले ।

मई दिवसको सार्थकता

अन्तर्राष्ट्रिय मई दिवसको अवसर पारेर २०५७ वैशाख १९ गते कैलालीको गेटा गाविस-६ का जमिन्दार पूर्व मन्त्री शिवराज पन्तको घरमा कमैया बसेका गोपाल चौधरी, ठग्गुराम चौधरी र बलबहादुर कुमाल लगायतका १९ जना कमैयाहरु कमैया मुक्तिको लागि उत्रिए । उनीहरुले बाँधाबाट मुक्ति, सौंकी मिनाहा, श्री ५ को सरकारले तोकेको न्यूनतम ज्याला पाउनु पर्ने, घरबासको व्यवस्था हुनुपर्ने र शान्ति सुरक्षा दिनु पर्ने आदि माग राखी दिएको निवेदन गेटा गाविस कार्यालयमा वैशाख २३ गते दर्ता भएपछि मानवअधिकार संस्थाहरुको सहयोगमा जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गर्न जाँदा तत्कालिन प्रमुख जिल्ला अधिकारी ताना गौतमले सहजै नलिएपछि जिल्ला प्रशासन कार्यालय अगाडि कमैयाहरुले धर्ना दिएपछि निवेदन दर्ता गरिएको थियो । त्यसपछि कैलालीको धनगढीमा कमैया सरोकार समूहको वैठकले कमैयाहरुको जुलुस, आमसभाहरु सम्पन्न भए । अन्य जिल्लामा कमैयाहरुले पनि न्यूनतम ज्यालाको लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन थाले । बाँके, बर्दिया, कैलाली, कंचनपुर र दाङमा गरी १ हजार ६ सय त्यस्ता

कमैया मुक्तिको घोषणा

प्रतिक्रिया

मानव सभ्यताको इतिहासमा नै कलंक सावित भएको कमैया प्रथा उन्मुलन भएको घोषणा गरिएको छ । बहुदलीय व्यवस्था प्राप्तिपछिका दश वर्षमा जनताको आन्दोलनबाट प्राप्त भएको यो एउटा महत्वपूर्ण र सकारात्मक उपलब्धी हो । नेकपा (एमाले) ले कमैयाको मुक्ति र बाँधा श्रमिकका लागि संचालन गरेको ऐतिहासिक संघर्षको प्रतिफल श्री ५ को सरकारले ढिलै भए पनि कमैया प्रथा उन्मूलनको घोषणा गरेर दास प्रथाकै जारी रूपमा रहेको कमैया प्रथालाई मुक्त गरेको घोषणा गरेको छ ।

... नेकपा (एमाले) स्थायी कमिटी सदस्य क. भरतमोहन अधिकारी तथा केन्द्रीय सदस्य क. सुरेन्द्र पाण्डेले कमैयाहरूको मुक्तिको माग गर्दै (संसदमा) स्थगन प्रस्ताव दर्ता गरेपछि सरकार आत्तिएर कमैया मुक्तिको घोषणा गर्न बाध्य भयो । यसअघि नेकपा (एमाले) को नेतृत्व रहेको सार्वजनिक लेखा समितिले माघ २८, २०५६ का दिन श्री ५ को सरकारलाई एउटा ऐतिहासिक निर्देशन दिदै नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३, मौलिक हकको धारा २० को १ मा मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विपरित काम गराउन निषेध गरिएको, मुलुकी ऐन जिउ मास्ने, बेच्ने महलले समेत यसलाई कैद सजाय क्षतिपूर्तिको व्यवस्था गरेको छ भन्दै कमैयालाई पूर्ण ऋणमुक्त गरिएको घोषणा गर्न निर्देशन दिएको थियो ।

आज आएर नेकपा (एमाले) को अभियानलाई कार्यरूप दिन सरकार बाध्य भएको छ । तर पनि सरकारले यस अभियानमा सहयोग गर्ने प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) र सार्वजनिक लेखा समितिलाई धन्यवाद दिन समेत कञ्जुस्याई मात्र होइन, सरकारी सूचना संयन्त्र एकलौटी रूपमा सरकारको दोहोरो भजन गाइरहेको देख्दा एमाले आश्चर्य चकित भएको छ ।

भीम आचार्य, सचिव
नेकपा (एमाले), केन्द्रीय कार्यालय

अत्यन्त कष्टकर जीवन बिताइरहेका कमैयाहरूको मुक्तिको घोषणा हुनुलाई ढिलै भए पनि एउटा अत्यन्त सकारात्मक उपलब्धीका रूपमा लिनु पर्दछ । अनेकिसंघ बिगत लामो समयदेखि कमैया मुक्तिको अभियानमा निरन्तर लागिरहेको थियो । यसै क्रममा बिगत केही समयदेखि संचालन गरिएको कमैया मुक्ति अभियानको संयुक्त संघर्ष समितिमा रही सक्रिय सहभागी भई यस अभियानको नेतृत्वकर्ता मध्येकै एक संगठनको रूपमा रहेर खेलेको भूमिकाको फलस्वरूप आज यो उपलब्धी सम्भव भएको छ । कमैया मुक्त हुनु आफैंमा एउटा उपलब्धी भए पनि मुक्तिपछि उनीहरूको जीवन निर्वाहलाई कसरी व्यवस्थित गर्ने भन्ने विषय अझ महत्वको रहेको छ । यसका लागि उच्चस्तरीय भूमिसुधार आयोगको सिफारिस अनुसार कमैयालाई गरिखान पुग्ने जमिन उपलब्ध गराएर मात्र उनीहरूको जीविकोपार्जनको समस्या समाधान हुने हुँदा यस विषयमा सरकार गम्भीर भई ठोस कार्यक्रमको घोषणा अबिलम्ब गर्न संघ जोडदार माग गर्दछ ।

केशव बडाल, अध्यक्ष
अखिल नेपाल किसान संघ

यसपटक राजनीतिक इच्छाशक्तिको प्रदर्शन गर्दै कमैया मुक्तिको लागि संसदमा स्थगन प्रस्ताव दर्ता गर्ने प्रमुख प्रतिपक्ष पार्टी नेकपा (एमाले), तत्कालै क्याबिनेटको वैठक बसी कमैया मुक्तिको निर्णय गर्ने सरकार र यो कदमको समर्थन जनाउने सबै दललाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । तर पनि, जमिन्दार तथा कमैया राख्ने मध्यम किसान समेतले घोषणा भएकै दिनबाट कमैयाको बबुरोमा ताल्चा लगाउन शुरू गरेका छन् । सडकमा लावारिस फ्याँक्ने दुष्प्रयासमा लागिसकेका छन् । ... यस्तो अवस्थामा, कतैबाट केही विकल्प प्राप्त नभए सडक र आन्दोलन नै कमैयाहरूको लागि एकमात्र विकल्प हुने पुग्छ । हाम्रो राज्यसत्ताले यसलाई गम्भीरतापूर्वक मनन् गरोस् र आफैंले मुक्त घोषणा गरेका कमैयाको जीवनलाई नियमित गर्ने व्यवहारिक निर्णय गरी आफ्ना सम्बद्ध निकायमार्फत् कार्यान्वयन गर्ने निर्देशन जारी गरोस् भन्ने हाम्रो जोडदार माग

छ। अब पनि पुनःस्थापनाको नाममा आकासे परिकल्पना र कथित सत्ता लिप्साको भूलभूलैयामा मात्र कमैयालाई नबाँधियोस्।

विष्णु रिमाल, महासचिव
नेपाल ट्रेड युनियन महासंघ (जिफण्ट)

श्री ५ को सरकारले २०५७ साल साउन २ गते सम्पूर्ण कमैयाहरु मुक्त भएको घोषणा गरेको छ। यही अधिवेशनमा बाँधा श्रमको उन्मूलन सम्बन्धी विधेयक प्रस्तुत गर्ने प्रतिबद्धता समेत प्रकट गरी कमैया ऋण मोचनको निम्ति छुट्याइएको रकम उनीहरुको सीप विकास कार्यक्रमका लागि खर्च गर्ने घोषणा गर्दै सम्पूर्ण कमैयाहरुमाथि थोपरिएको सौकी गैरकानूनी समेत घोषित गरिएकोमा हामी श्री५ को सरकारप्रति विशेष धन्यवाद प्रकट गर्दछौं।

यस अवसरमा हामी जुनसुकै बाधा अड्चनको सामना गरी आफ्नो मुक्ति आन्दोलनमा रत्तिभर नडगी सफलताको यो दिनलाई निम्त्याउने बाँधा कमैया दाजुभाई दिदी बहिनीहरुमा हार्दिक बधाई ज्ञापन गर्दछौं। साथै कमैया मुक्ति आन्दोलनलाई हरतरहले सघाउने, ट्रेडयुनियन, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु लगायत सम्बन्धित सबै संघ संस्था र प्रतिपक्षी राजनीतिक पार्टी खासगरी हरेक क्षण सर्वाधिक प्रभावशाली ऐक्यबद्धता प्रकट गर्ने प्रमुख प्रतिपक्षलाई धन्यवाद ज्ञापन गर्दछौं।

यो घोषणाले कमैयाहरुलाई दासताबाट मुक्त गर्ने इन्सेकको प्रथम चरणको आन्दोलन सफल भएको छ। दश वर्ष अघि इन्सेकले उजागर गरेको कमैया प्रथाभित्र रहेको बाँधा श्रमको समस्याको पूर्णतः निराकरण दिशामा अब नयाँ चुनौतिहरु देखा परेका छन्।

इन्सेक मुक्त कमैयाहरुको आवासको अधिकारको कदर गर्दै उनीहरुको पुनर्स्थापनाका लागि आवश्यक कदम चाल्न माग गर्दछ। यसका लागि आवश्यक पर्ने कानूनको निर्माण गरी जोताहाको जमिन माथिको अधिकार स्थापित गर्ने कमैयाहरुलाई उनीहरुले जोतेको जग्गाबाटै जोताहाको हक स्वरुप जग्गा उपलब्ध गराउनका लागि आवश्यक सबै प्रक्रिया पूरा गर्न समेत सरकार समक्ष माग गर्दछ।

सुबोधराज प्याकुरेल
महासचिव, इन्सेक

निवेदन दर्ता भए। त्यसपछि संगठित आन्दोलनले आजको रुप लिएको हो।

कमैया मुक्तिको घोषणाका पछाडि

गत वर्ष श्री ५ को सरकारले कमैया ऋण मोचन कार्यक्रम अन्तरगत कमैयाहरुले सौंकीको रुपमा तिर्नुपर्ने रकम तिरिदिने नीति प्रकाशमा ल्याएको थियो। त्यसको लगत्तै प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले देशमा विद्यमान कमैया प्रथाभित्र शोषित तथा उत्पीडित अवस्थामा बाँच्न विवश रहेका बाँधा मजदूरको मुक्ति र उनीहरुको मालिकलाई सौंकीको रुपमा तिर्नुपर्ने ऋण स्वतः मोचनका लागि घोषणा गर्न श्री ५ को सरकारलाई निर्देशन दिएको थियो।

यसैबीच कमैयाहरु पनि आन्दोलित भएर २०५६ असार २९ गते देखि राजधानीको भद्रकालीमा धर्ना दिन थाले। विभिन्न जिल्लाका करीब १५० जना कमैया राजधानी आइपुगेका थिए। कमैया समस्या तत्काल समाधान गरियोस् भन्दै प्रमुख प्रतिपक्ष नेकपा (एमाले) ले साउन २ गतेको लागि संसदमा स्थगन प्रस्ताव दर्ता गरायो। राष्ट्रिय, अन्तर्राष्ट्रिय मानवअधिकार संस्था कमैयाको आन्दोलनमा ऐक्यबद्धता प्रदर्शन गरिरहेकै बेला सरकारले कमैया मुक्तिको निर्णय गर्न बाध्य भयो। जसरी भएको भए पनि सरकारको यो निर्णय स्वागतयोग्य छ।

निर्णयभन्दा महत्व कार्यान्वयनको

श्री ५ को सरकारले कमैया मुक्तिको निम्ति गरेको निर्णय ऐतिहासिक, सहासिक र स्वागत योग्य भनेर सबै क्षेत्रबाट प्रशंसा गरिएको छ। तर सरकारले निर्णय गरेर दायित्व पूरा गरेको ठान्यो भने त्यो ठूलो भूल हुनेछ। दास प्रथाको अन्त्यको निर्णय त राणा कालमै भएको थियो र व्यवहारमा भने अन्त्य हुन नसकेको घटनाबाट पनि पाठ सिक्नु पर्ने हुन्छ। त्यसैले अहिले सबैको चासो कार्यान्वयन कसरी हुन्छ भन्ने कुरामा केन्द्रित हुन थालेको छ। पुस्तौंदेखि अर्काको घरमा बाँधा बस्न विवश हजारौं कमैयाहरु सरकारको निर्णयबाट स्वतन्त्र रुपले जिवन यापन गर्न पाउने भएपछि खुशी हुनु स्वभाविकै हो। तर टिकापुरका बालकिसनको जस्तो नियति भोग्नु पर्‍यो भने त्यो विडम्बना नै हुनेछ। श्री ५ को सरकारले सुकुम्बासी समस्या समाधान आयोग मार्फत् कमैया परिवारलाई जग्गाको व्यवस्था मिलाउने भने पनि आयोगको विगतको काम कार्वाही हेर्ने हो भने ढुक्क हुन मिल्ने अवस्था छैन। यसका लागि विशेष कार्यान्वयनको लागि संयन्त्रको निर्माण गरी अनुगमनको व्यवस्था तत्काल गरिनु पर्छ। कमैयाहरुलाई तत्कालै कामबाट हटाउने, जालि तमसुक बनाउने, बसिरहेको घरबाट निकाल्ने काम मालिकहरुले गर्न थालिसकेकाले समयमै उनीहरुको बास र रोजगारीको व्यवस्था मिलाउन सकियो भने मुक्ति अभिषाप हुन जाने छ र मुक्त कमैया फेरी फर्केर मालिकका घरमा शरण लिन पर्ने अवस्था नआओस् भन्नको लागि सरोकार वाला सबैको काँधमा थप जिम्मेवारी आएको छ।

धेरै लामो समयपछि सरकारले गरेको यस निर्णयले जुन महत्व राखेको छ त्यो महत्व त्यसको कार्यान्वयन पछिमात्र सिद्ध हुनेछ। यो कलंकलाई सरकारले जसरी अन्त्य गर्ने घोषणा गऱ्यो। त्यसरी नै यस सम्बन्धी स्पष्ट कानून पनि निर्माण गरिहाल्नु जरुरी छ। त्यसरी नै अहिलेको मुक्तिको घोषणासंगै बसोबासको समस्याले पीडित कमैयाहरुका लागि वैकल्पिक व्यवस्था गरिनु पर्छ। त्यसरी नै मुक्त कमैयाहरुलाई मोहियानी हक कायम गरी उनीहरुलाई घर घडेरी उपलब्ध गराउन सके यस घोषणा वा निर्णयले सार्थकता पाउनेछ।

जेलभित्र बलात्कृत मानवअधिकार

– प्रकाश ज्वाला

"राजनैतिक आस्थाका बन्दीहरूलाई जेलबाट छोड्ने वित्तिकै प्रहरीको कब्जामा लिएर राज्यद्वारा वेपत्ता पारिन्छ । म स्वयंलाई एक महिना जति सिंहदरबार, डिल्लीबजार, मंगलबजार लगायतका ठाउँहरूमा घुमाएर मानसिक र शारीरिक यातना दिइयो र अहिले फेरी यसै कारागारमा ल्याइएको छ"- यो भनाइ हो ललितपुर घर भई हाल माओवादीको आरोपमा केन्द्रीय महिला कारागारमा थुनिएकी स्नातक तहकी विद्यार्थी शोभा खनालको । शान्ति सुरक्षामा थुनिएकी खनाल अगाडि भन्छिन्- "कारागारको अवस्था ज्यादै दयनीय छ । हामी माओवादीको आरोपमा थुनिएका ९ जना मध्ये ७ जना विद्यार्थी छौं । हामीलाई "क" श्रेणीको सिदा दिइनु पर्ने तर दिइएको छैन । जेलभित्र शिक्षकको व्यवस्था गरी अध्यापनको काम गराइनु पर्ने आवश्यकता छ । भवन जीर्ण छन् ।" उनको आक्रोश थियो- "म जस्तै जेल बाहिर लिइएका २ जना राजबन्दीहरू सिन्धुलीकी सावित्री पाण्डे र झापाकी सम्झना अधिकारीलाई अहिलेसम्म वेपत्ता पारिएको छ । उनीहरूको स्थितिका बारेमा सरकारद्वारा स्पष्ट पारिनु पर्छ ।"

राजनैतिक आस्थाको बन्दीको रूपमा केन्द्रीय कारागारमा राखिएकी जाजरकोठकी सत्या पहाडीको भनाई यस्तो छ- "कारागारमा पत्रपत्रिकाको सुविधा दिइएको छैन । आफ्नो नाता पर्ने दाजुले ल्याएका पुस्तक पत्रिका समेत प्राप्त भएनन् । बजारमा विक्री वितरण हुने पुस्तक पत्रिका समेत पढ्न नपाउनु मानवअधिकारको हनन होइन र ! हामी पनि नागरिक हौं भने प्रेस स्वतन्त्रताको उपभोग गर्न किन नपाउने ?" सत्या पहाडीलाई पश्चिममा पक्राउ गरी धेरै समय वेपत्ता बनाएर हाल राज्य विप्लव सहितको लागू पदार्थ ओसार पसार मुद्दा लगाएर केन्द्रीय कारागारमा राखिएको छ । गोरखा घर भएकी आस्थाकी बन्दी रिता ढकालको भनाई थियो- "मुद्दा हाम्रो पक्षमा फैसला हुनासाथ रिहा गरिने नाममा सरकारद्वारा वेपत्ता पारिदै आएको छ ।"

माथिका भनाइ केन्द्रीय महिला कारागारमा माओवादीको नाममा थुनिएका राजनीतिक आस्थाका महिला बन्दीहरूका हुन् । गत जेठमा प्रतिनिधि सभा राज्य व्यवस्था समितिको एक टोली केन्द्रीय कारागार निरीक्षण भ्रमणमा गएको बेला उनीहरूले निरीक्षण टोली समक्ष उपरोक्त अभिव्यक्ति दिएका हुन् । केन्द्रीय महिला कारागारमा रहेका ८३ जना बन्दीहरू मध्ये ९ जना आस्थका बन्दी छन् भने ४ जना बालबालिका छन् । आस्थाका बन्दीहरूलाई राज्य विप्लव, शान्ति सुरक्षा, चरेश गाँजा जस्ता लागू पदार्थ, हातहतियार खरखजाना आदि मुद्दाहरू लगाइएको छ । उनीहरू सत्या पहाडी, शोभा खनाल, रिता ढकाल सहित काभ्रेकी लक्ष्मी मोक्तान, सरिता लामा, ललितपुरकी डोल्पा गोले, सानु वाइवा, गोरखाकी विमला भट्ट र काभ्रेकी कल्पना थापा हुन् । उनीहरू कक्षा ८ देखि स्नातक तहसम्मका विद्यार्थी हुन् । राज्य व्यवस्था समितिको भ्रमण टोली त्यहाँ जाने जानकारी समेत उनीहरूलाई दिइएन छ । उनीहरू आफ्नो आस्थामा दृढ देखिन्थे भने निर्धक्क रूपमा आफ्ना विचार व्यक्त गर्थे । उनीहरूको सामूहिक गुनासो थियो- "हामीलाई झुठो मुद्दामा फसाइएको छ । पत्रपत्रिका उपलब्ध गराइनु पर्छ । राजबन्दीसंग अरू बन्दीले बोल्दा धम्काउने, पिट्ने गरिन्छ । हामीले जेल प्रशासन समक्ष प्रस्तुत गरेका मागहरू पूरा नभएकोले छिटै पूरा गरियोस् ।"

म संग ती आस्थाका बन्दीहरूको अनुरोध यस्तो थियो- "सर, तपाईले हाम्रो आस्था र हाम्रा अभिव्यक्तिहरू जस्ताको तस्तै प्रकाशित गरिदिनु होला ।"

महिला कारागारको यो अवस्थाले देश भरिका कारागारहरूको झल्को दिन्छ । त्यहाँका भवनहरू अत्यन्त जीर्ण छन् । छानाबाट पानी चुहिन्छ, कतिखेर भत्किने हो कुनै निश्चितता छैन । पानी र चर्पीको राम्रो व्यवस्था छैन । यतिसम्म कि महिला कारागारका भवन भित्र रूख-विरूवा उम्रिएका छन् । एउटा पिपलको रूख त ठूलै भैसकेको रहेछ । कोठाहरू अँध्यारा, साना र साँगुरा छन् । कोचाकोच गरेर बस्नु पर्ने अवस्था छ । मानसिक विरामी र अन्य विरामीलाई संगै राखिंदो रहेछ ।

हामी महिला कारागारभित्र पस्नासाथ महिला बन्दीद्वारा पुस्तकालयमा स्वागत गरी सकेपछि जेलर रामेश्वर धिमिरेको सहयोगमा तनहुँ दमौली घर भई चेलीबेटी वेचविखन मुद्दामा जेल परेकी चौकीदार निर्मला लामाले त्यहाँको अवस्थाको बारे जानकारी दिंदै भनिन्- "हाम्रा समस्या प्रशस्त छन् । केटी बेच्ने, लागू औषधी कारोबार, सुन तस्करी र करणी यी चार मुद्दाका बन्दीहरूलाई सजायँ छुटको व्यवस्था छैन । त्यो हुनु पर्ने हो । पानीको आपूर्ति ठीकै छ तर हामीले नियमानुसार सुकुल र पछ्यौरा पाएनौं । चामल कुहेको पाइन्छ भने कपडा निम्न क्वालिटीको दिइन्छ ।" "१० हातको धोति र डेढ मिटरको चोलो पाउँछौं" भन्दै नमूनाको रूपमा कपडा समेत देखाइन् र भनिन- "जेलरले नियममा छैन, जे छ त्यही दिन्छौं भन्छन् ।" पढाइको बारेमा प्रश्न गर्दा उनी भन्छिन्- "स्कूलको व्यवस्था छैन, त्यो व्यवस्था हुनु पर्ने हो । एउटा पुस्तकालय छ, थोरै मात्र किताब छन् ।" त्यहाँ उपचारको राम्रो व्यवस्था रहेनछ । कहिले काहीं नर्सहरू आउँछन् । मानसिक रोगी ७ जना रहेछन् ।

केही गैर सरकारी संस्थाहरूले साक्षरता कक्षा चलाउने र केहीले प्रवचनहरू दिने गर्दै आएको पाइयो । त्यहाँ तीन वर्षदेखि कारखाना बन्द छ । केही हाते तानहरू राखेका देखियो । सबैको एउटै माग उद्योग संचालन गरिनु पर्ने रहेको छ । त्यहाँ दिर्घरोगी ३/४ जना रहेछन् । "हामी कतिपयलाई बदमाशी नगरेर पछि झुठा मुद्दा लगाइएको छ, कतिपय परिबन्दमा परेका छौं, मूठो (पैसा) बुझाउनेहरू बद्मासी गरेर पनि बाहिर छन्" । तारा थापा भन्छिन्-

"भन्ने वित्तिकै अस्पताल जान पाइदैन, गाडी भाडा आफैं तिर्नु पर्छ । चर्पीमा धारा राख्नु जरूरी छ ।" बन्दीहरूको गुनासो यस्तै छ । सावित्री चौधरी भन्ने सुनसरीकी महिला बन्दी आफ्नो रोदन यसरी व्यक्त गर्छिन्- "म आठ वर्षदेखि जेलमा छु । मलाई चौकीदारहरूले पिर्दछन् ।" त्यसरी नै कतिपय महिला बन्दीहरू भन्छन्- "अहिले जेलर आएदेखि दुःख दिन थालेका छन्, पछ्यौरा पनि दिएका छैनन् । हामीलाई हतकडी लगाउने गरिन्छ । आफन्तसंग भेटघाट गर्न दिंइदैन ।" काभ्रेकी गंगालक्ष्मी आफ्ना चार वटा बच्चा भएको र उनीहरूले रासन नपाएको गुनासो गर्छिन् ।

जेलभित्र महंगी ज्यादै बढिरहेको छ । बजारमा ६ रूपैयाँ पर्ने साबुन यहाँ ८ रूपैयाँ पर्छ । राजबन्दीसंग अन्य बन्दीहरू बोल्दा, बस्दा धम्क्याउने र कुटपिट गर्ने गरिन्छ । पंचायत कालमा हामी जेलमा बस्दा अन्य बन्दीहरू हामीसंग बस्दा, भेट्दा, कुरा गर्दा कुट्ने, नेल हतकडी लगाउने गरिन्थ्यो । त्यस्तै सम्झना दिलायो, महिला कारागारको भ्रमणले ।

सोही दिन हामीबाट केन्द्रीय कारागारको पुरूष कक्ष निरीक्षण गर्ने काम पनि भयो । त्यहाँ जम्मा ७ सय १४ जना बन्दी रहेछन् । कैदी बन्दीहरूको समूहलाई राज्य व्यवस्था समितिका सभापतिले छोटकरीमा सम्बोधन गर्दै भन्नुभयो- "हाम्रो समिति अन्तरगत कारागार पनि पर्छ । समितिले पहिले अध्ययन गरेर पहिचान गरेका समस्याहरू सरकारलाई सुझावको रूपमा दिइयो । त्यसमध्ये केही मात्र पूरा भए भने अधिकांश कार्यान्वयन गरिएन । जेलको अध्ययन गरेर हामी फेरी सरकारलाई दबाब सहित सुझाव दिने छौं ।" त्यहाँका बन्दी/कैदीहरूले आर्थिक, भौतिक, कानूनी र अन्य समस्याहरू समेटेर मागपत्रको रूपमा अध्ययन टोलीलाई ज्ञापन पत्र दिए । भोला सापकोटा, रामभक्त पौड्याल, वीर बहादुर के.सी. सहितका राजनीतिक आस्थाका बन्दीहरूले आफ्ना कुरा भ्रमण टोली समक्ष प्रस्तुत गरेका थिए । उनीहरूको मागहरू ०५६ मंसिर ६ गते कारागार प्रशासनलाई बुझाइएको थियो । प्रशासनले बन्दीहरूका मागहरूप्रति वास्ता नगरेपछि कैदी बन्दीहरूको तर्फबाट पौष १ गतेसम्म माग पूरा नभए पौष २ देखि आन्दोलन गर्ने अल्टिमेटम दिइयो । त्यसपछि मंसिर २९ गते सहायक जेलर चुडामणि शर्मा र बन्दीहरू बीच वार्ता भई माग पूरा गर्ने सहमति भएको थियो । तर अहिलेसम्म पनि माग पूरा भएको छैन ।

हामी भद्रबन्दी गृहमा पुग्दा कैदी बन्दीहरू उत्साहित भएर जम्मा भएका थिए । त्यहाँ जम्मा ४ सय ५९ जना मध्ये १९ जना राजनैतिक आस्थाका बन्दी थिए । त्यहाँ बन्दीहरूले आफ्ना समस्याहरू बारे समितिलाई जानकारी दिएका थिए ।

त्यसै दिन हामी धुलिखेल कारागारको अध्ययन गर्न धुलिखेल पुगेका थियौं । तीन ब्लकमा विभाजित धुलिखेल कारागारमा कर्तव्य ज्यान मुद्दाका २७, जीउ मास्ने बेच्नेमा ५, चोरीमा २, डाँकामा ४, ठगीमा १, करणीमा १, खरखजानामा १२, सार्वजनिक अपराधमा ४ र मानसिक रोगी २२ गरी जम्मा ७८ जना बन्दीहरू रहेका छन् । कारागारको भौतिक अवस्था बारे चौकीदार अजय गौतम भन्छन्- "बेरोजगारी समस्या छ । प्राविको शिक्षक दरबन्दी र साक्षरता कक्षा उपलब्ध हुनु पर्ने छ । बन्दीहरू भवनको क्षमता भन्दा बढी रहेका छन् । ६१ जनाको क्षमता भएकोमा ७८ जना छन् । रासन, कपडा र पानीको असुविधा छैन । तर स्वास्थ्य उपचारको समस्या छ ।"

माओवादीको आरोपमा थुनिएका काभ्रे फलामेटारका इन्द्रबहादुर थिङ समस्याहरूलाई सुत्रबद्ध गर्छन् र भन्छन्- "हाम्रा मुख्य समस्याहरू हुन्- स्वास्थ्य, शिक्षा र रोजगारी" । उनी अगाडि भन्छन्- "कारागारमा मानसिक रोगी धेरै छन् । राजनैतिक आस्थाका बन्दी १२ जना छौं (एउटा ब्लकमा) । हामीलाई हातहतियार खरखजाना, कर्तव्य ज्यान, सार्वजनिक, आगलागी, डाँका जस्ता मुद्दा लगाइएको छ । हामी संविधान र कानूनको परिधि भित्र रहेर शान्तिपूर्वक सामान्य जीवन विताउन चाहन्छौं । तर सरकारले छोडेको छैन ।" अरू भन्दा अगुवा देखिने इन्द्रबहादुर सबैको प्रतिनिधित्व गर्दै आफ्नो विचार व्यक्त गर्दछन् । लखनपुर, रामेछापका कृष्ण ढुंगेल पुस्तकालय नाम मात्रको रहेको, खेलकुदका सामानहरू चेस र क्यारेम बाहेक अरू नभएको गुनासो गर्छन् । काभ्रेको धुलिखेल जेलमा आस्थाको बन्दीको रूपमा इन्द्रबहादुर थिङ, कृष्ण ढुंगेल, कृष्णकुमार भण्डारी, दुर्गा सिं तामाङ, राजु रायमाझी, बहादुर सिंह लामा, कान्छामान लामा (रक्तिम), अनिल कुमार लामा, निलबहादुर राना, बद्री भन्ने हिरा सञ्जेल (मकवानपुर), चलाख सिं दोङ आदि रहेका छन् । उनीहरू मध्ये सबभन्दा लामो समय जेल बसेका पाका व्यक्ति चलाख सिंह दोङले बैंक लुटेको मुद्दामा सफाई पाएका छन्, ज्यान मार्ने उद्योग मुद्दा चलिरहेको छ । उनी जनमोर्चाबाट गाविस अध्यक्ष उठेर हारेका रहेछन् । उनी बाहिर जान चाहन्छन् । तर ..... ।

धुलिखेल जेलमा बन्दीहरूले औंल्याए झैं शिक्षाको सुविधा उपलब्ध गराउनु पर्ने, नियमित रूपमा चिकित्सक र औषधिको सेवा प्रदान गरिनु पर्ने, उत्पादनमूलक कामको व्यवस्था गरिनु पर्ने देखिन्छ । अनावश्यक रूपमा थुनिएका व्यक्तिहरूलाई रिहाई गर्नु पनि जरूरी रहेछ ।

नेपालका जेलहरूको अवस्था निकै नाजुक छ । सुधार गर्नु पर्ने कुराहरू धेरै छन् । केन्द्रीय कारागार र अन्य कारागारहरूको स्थितिबाट जेलमा धेरै असुविधाहरू रहेको र ती असुविधा हटाउन सम्बन्धित पक्षको ध्यान जानु जरूरी छ । मुख्य रूपमा आर्थिक, भौतिक र कानूनी पक्षसंग सम्बन्धित समस्याहरू जटिल रहेको देखिन्छ । कैदी बन्दीहरूले अहिले पाई आएको सिदा रकम पहिलेको तुलनामा धेरै भएता पनि अहिलेको चर्को महंगीको अवस्थामा उक्त सिदा रकम न्यून रहेको छ । सिदा रकममा वृद्धि हुनु पर्ने माग बन्दीहरूको छ । केन्द्रीय कागारमा रहेको कारखानामा काम गर्ने मजदूरहरूको ज्याला निकै कम छ । कम्तिमा ती मजदूरहरूको ज्याला दर श्री ५ को सरकारले निर्धाराण गरेको न्यूनतम ज्याला दर अनुरूप निर्धारण गर्नुपर्ने आवश्यकता छ । बन्दीहरूलाई कुहेको, निम्न गुणस्तरको चामल उपलब्ध गराउने गरेको देखिन्छ । उनीहरूलाई गुणस्तरयुक्त चामल दिइनु आवश्यक छ । आस्थाका बन्दीहरूले "क" श्रेणीको सिदा पाउने माग गरेका छन् । त्यो नाजायज माग होइन ।

कारागारको लागि खट्किएको एउटा समस्या गाडीको हो । कैदी बन्दीहरू विरामी हुँदा अस्पताल लान-ल्याउन र अदालत लान-ल्याउन गाडीको जरूरत हुन्छ । त्यति धेरै थुनुवा भएको केन्द्रीय कारागारमा समेत एउटा गाडी नहुनु विडम्बना नै मान्नु पर्छ । विरामीहरूले ट्याक्सी भाडा समेत आफैले तिर्नु पर्ने अवस्था छ । त्यसकारण कारागारमा गाडीको व्यवस्था गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु जरूरी छ । अर्कोतिर विरामी थुनुवाले विरामी भए पछि तुरून्त रकम नपाउने समस्या छ । त्यसकारण विरामी हुनासाथ उपचार खर्चको अग्रीम रकम

उपलब्ध गराउनु पर्ने देखिन्छ ।

कैदी बन्दीहरूले भोग्दै आएको अर्को समस्या हो- कपडाको । उनीहरूले जाडोको लागि पाउनु पर्ने लगाउने कपडा र सिरक डस्नाहरू कारागार नियमावली अनुसार कार्तिकमा पाउनु पर्ने हो तर उनीहरूलाई जाडो गैसकेपछि फागुन/चैतमा मात्र उपलब्ध गराइन्छ । त्यसमा पनि ठग्ने काम गरिन्छ । अर्कोतिर नयाँ बन्दी जेल जाने वित्तिकै ओढ्ने बिछ्याउने कपडा उपलब्ध गराउने व्यवस्था हुनु आवश्यक छ । जेलमा मौसम अनुसारको कपडा सिलाइको लागि दिइने ज्यालादर बजारको प्रचलित दरभन्दा न्यून रहेकोले सो दर बढाउनु आवश्यक देखिन्छ ।

केन्द्रीय कारागार लगायत देशका विभिन्न कारागारहरूमा भवन पुराना भएकोले नयाँ निर्माण गरिनु पर्ने वा मर्मत गरिनु पर्ने, खानेपानीको असुविधा भएकोले स्वच्छ सुलभ खानेपानी आपूर्ति गरिनु पर्ने, चर्पीको उचित व्यवस्था गरिनु पर्ने, घरेलु उद्योग संचालनमा ध्यान दिइनु पर्ने, पढाइको उचित व्यवस्था मिलाइनु पर्ने अवस्था छ । केन्द्रीय कारागारमा विद्युत तारहरू पुराना भई टुटेका, मक्किएका हुँदा नयाँ तार फेर्न आवश्यक छ ।

अस्पतालमा थुप्रै दीर्घ रोगीहरू छन् । उनीहरूको लागि कि त घरका मान्छेले वा आफै निजी खर्चमा उपचार गर्न पाउने व्यवस्था हुनुपर्ने, कि भने सरकारले उपचार गर्नुपर्ने देखिन्छ । नियमित रूपमा बन्दीहरूको स्वास्थ्य जाँच गर्ने र आवश्यक औषधि उपचारको सुलभ व्यवस्था हुनुपर्छ । जेलमा अन्य बन्दी र मानसिक विरामी बन्दीहरूलाई संगै राख्नु अमानवीय कार्य हो । यस्तो कार्य तुरून्त रोक्नु जरूरी छ ।

कारागारको लागि एउटा संवेदनशील समस्या केटाकेटीको पनि छ । देश भरिमा अहिले आश्रित ९७ र कानूनी सजाय भोगिरहेका १४ गरी जम्मा १११ जना केटाकेटीहरू बन्दी अवस्थामा छन् । ७ वर्ष मुनिका बालबालिकाको सुविधा ज्यादै न्यून छ । केटाकेटीले दैनिक सिदा रकम २ रूपैयाँ देखि ५ रूपैयाँसम्म मात्र पाउँछन् । त्यसबाट उनीहरूको खर्च चल्न गाह्रो पर्छ । उनीहरूको लागि सुविधा बढाउनु ज्यादै जरूरी छ । अर्कोतिर, केटाकेटीहरू पढ्ने सुविधाबाट वंचित छन् । कम्तिमा आश्रित केटाकेटीहरूले आफ्नो खर्चले कारागार नजिकको विद्यालयमा पढ्न पाउने व्यवस्था हुनै पर्ने देखिन्छ ।

जेलका समस्याहरू केलाउँदा कानूनी पक्षसंग सम्बन्धित समस्याहरू पनि निकै जटिल रहेका छन् । ती समस्याको समाधानमा समेत सम्बन्धित पक्षको ध्यान जाओस् भन्ने उद्देश्यले यहाँ उल्लेख गर्नु आवश्यक ठानिएको छ । पहिलो समस्या पुर्पक्षमा रहेका थुनुवा बन्दीहरूको सरूवा सम्बन्धी छ । थुनुवा बन्दीहरूलाई अदालतले पुर्पक्षको लागि पायक पर्ने कारागारमा राखेको हुन्छ तर जेल प्रशासनले जथाभावी सरूवा गरेको पायन्छ । कतिसम्म भने अदालतले मुद्दाको सूचना तामेल गरिसकेका थुनुवा बन्दीहरूलाई समेत सर्वोच्च अदालतको नियमावली २०४९ नियम ३२, उपनियम १ विपरित सरूवा गर्ने गरिन्छ । त्यस्तो अवस्थामा बन्दीले अदालतमा गएर आफूलाई लागेका अभियोगहरूको सम्बन्धमा प्रतिवाद गर्न पाउने संवैधानिक हकबाट वंचित हुनु परेको छ । यसबाट संविधानको धारा १४ ले व्यवस्था गरेको फौजदारी न्याय सम्बन्धी हकको समेत उल्लंघन हुन गएको छ । त्यसकारण यस्तो कार्य रोकिनु पर्छ ।

दोस्रो समस्या ६ महिना पुर्पक्ष अवधि पुगेका बन्दीहरूको हो । कारागार ऐन २०१९ को दफा १८ उपदफा २ मा पुर्पक्षमा थुनिएका थुनुवा सम्बन्धमा निज कारागार भित्र थुनिएको ६ महिनासम्म कैद म्याद ठोकिएको रहेनछ वा निजलाई थुनाबाट मुक्त गर्ने आदेश पनि रहेनछ भने सो ६ महिना नाघेको ३ दिनभित्र जेलरले सो सम्बन्धी सबै खोली त्यस्तो थुनुवालाई थुन्न आदेश दिने अदालतको पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन गर्नुपर्छ भन्ने व्यवस्था छ तर कारागार प्रशासनबाट यसको कार्यान्वयन भएको छैन, यसतर्फ ध्यान जानु जरूरी छ ।

तेस्रो, कारागार ऐन २०१९ को दफा १८ उपदफा ४ मा पुनरावेदन अदालतका न्यायाधीशले प्रत्येक वर्ष कम्तिमा १/१ पटक कारागार निरीक्षण गर्नुपर्ने व्यवस्था छ तर यसको कार्यान्वयन गराउने तर्फ कसैको ध्यान गएको देखिदैन । चौथो, जेलमा रहेका असहाय कैदी बन्दीहरूको कानूनी सहायताको लागि अदालतहरूमा व्यवस्था गरिएका वैतनिक वकिलहरूबाट असहाय र गरीबहरूले सेवा पाएको देखिदैन । यस व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आवश्यक देखिन्छ । प्रतिबन्धित चार किसिमका मुद्दाहरू चेलिबेटी वेचविखन, लागू औषध, सुन तस्करी र करणीका बन्दीहरूले पनि ५०प्रतिशत कैद भुक्तान गरेपछि रिहा हुन पाउने सुविधा पाउनु पर्छ भन्ने माग गरेको पाइन्छ । तर अहिले नियमानुसार ५० प्रतिशत कैद भुक्तान गरेका कैदीहरूले समेत सरल तरिकाले उक्त सुविधा उपभोग गर्न पाएका छैनन् ।

कारागार सम्बन्धी ऐन कानूनहरू ज्यादै पुराना छन् । तिनीहरूलाई समयानुकूल परिवर्तन गरिनु आवश्यक छ भने अर्कोतिर वहालवाला कानूनको पूर्ण पालना गर्ने कुरामा समेत कडाई हुनु जरूरी छ ।

कारागारभित्रका समस्या प्रशस्त छन् । बन्दीहरू ठूलो मंगीको मारमा परेको चर्चा पहिले नै गरिसकिएको छ । जेलभित्र सहकारिताको विकास गरेमा बन्दीहरूलाई केही राहत हुने देखिन्छ । समय समयमा बन्दीहरूलाई कुटपिट गर्ने र पैसा ठग्ने काम समेत हुने गर्छ । यसको लागि आन्तरिक प्रशासनलाई व्यवस्थित गर्नु जरूरी छ ।

केन्द्रीय कारागर, भद्रगोल जेल र धुलिखेल कारागारको स्थलगत अध्ययन भ्रमणबाट देश भरिका कारागारहरूको वास्तविक तस्वीर स्पष्ट रूपमा देखिन्छ । सबैको आँखा पुग्ने राजधानी र राजधानी नजिकका जेलहरूको अवस्था त यति दयनीय छ भने दूर दराजका जेलहरूको अवस्था कस्तो होला सहजै अनुमान गर्न सकिन्छ । प्रजातन्त्र आइसकेपछि जेलहरूले सुधारको अपेक्षा गरेका थिए । तर तिनै जेलहरूमा वर्षौं बिताएका नेताहरू अहिले कुर्चीमा बसेर सत्ताको स्वाद लिइरहेका छन्, प्रजातन्त्र र मानवअधिकारका लामा लामा भाषण छाँटिरहेका छन् तर आफ्नो जग, आफ्नो धरातल बिर्सेका छन् । उनीहरूले जेलको बारेमा सोच्ने फुर्सद पनि पाएका छैनन् । वर्तमान युगमा जेललाई बन्दीहरूलाई सताउने थलो अर्थात् यातना गृहको रूपमा भन्दा "सुधार गृह" को रूपमा हेरिन्छ । तर हाम्रो देशका कारागारहरूको अवस्था निकै सोचनीय छ । वास्तविक मानवअधिकारको उल्लंघन जेलभित्र छ । जेलको अवस्था हेरी हाम्रो प्रजातन्त्र र कानूनी राज लाजले निहुरिई रहेको भान हुन्छ । प्रजातन्त्रको भावना र मर्म चिथोरिएको तस्वीर दिन्छन्- हाम्रा जेलहरूले । त्यसैले भन्न कर लाग्छ- प्रजातन्त्रमा जेलभित्रको मानवअधिकार ठाडै, हाकाहाकी बलात्कृत भएको छ ।

पाँचकटिया हत्याकाण्ड : स्थलगत रिपोर्ट

– राजुकुमार शाक्य

ढिमे गाविस १ इलाका प्रहरी कार्यालय पाँच कटियामा माओवादी र प्रहरीबीच भएको दोहोरो भिडन्तमा परी प्र. स. नि. हरिबहादुर शाही, प्र. ह. फुलानाथ आचार्य, प्र. ह. गोपीचन्द खड्का, प्र. ह. टंकबहादुर थापा, प्र. ह. रणबहादुर अधिकारी, प्र. ज. कर्णबहादुर वम, प्र. ह. विरेन्द्रबहादुर रोकाया, प्र. ज. दिपेन्द्र भट्ट, प्र. ज. मदन चन्द, प्र. ज. नरबहादुर बलाएर, प्र. ज. प्रेमसिंह भण्डारीलगायत् सोही ठाउँका वर्ष ३५ का छविलाल वली, वर्ष १२ की द्रोपती वली, वर्ष ६ का दले वली, वर्ष १० का जिते वली, ढिमे ३ पिप्से निवासी वर्ष ४५ कि धनरूपा सिंह, वर्ष ३ का कमल सिंह, वर्ष ६ की मिरा सिंहको वम प्रहार तथा गोली लागी हत्या भएको छ भने माओवादीतर्फ प्रहरीले चलाएको गोलीबाट महेन्द्र (घर रूकुम-हुकाम) को हत्या भएको छ, अर्का १ जनाको नाम हालसम्म थाहा हुन सकेको छैन। जेठ २६ गते बिहान ९ बजेतिर प्र. नि. नवराज पौडेललाई स्वलंगा-६ तातोपानीमा माओवादीद्वारा गोली हानी हत्या गरिएको छ।

घटना क्रमानुसार

२०५७ जेठ २५ गते राती ७.३० बजेदेखि माओवादी अस्थायी कम्पनी (पहिलो र नयाँ नामाकरण) ले पुरै चौकीलाई घेरा बन्दी गरी ८ बजेसम्म लगातारूपमा प्रहरीलाई जनताको हत्या नगर्न र हतियारसहित आत्म समर्पण गर्न तथा जनतालाई घरभित्र रही बस्न अनुरोध गरेका थिए।

८ बजे राती प्रहरीले आत्म समर्पण नगरेपछि माओवादीद्वारा चारैतर्फबाट चौकीलाई निशाना बनाई फायरिङ्ग गरी त्यसको जवाफी हमलामा प्रहरीले पनि गोली चलाए। दुवैतर्फबीच दोहोरो चर्को भिडन्त हुने क्रममा चौकीभित्र रहेका प्र. ह. (मेजर) टंक थापा इलाका प्रहरी कार्यालयको परिसरभित्र गोली लागि ढले। त्यसपछि लगातारूपमा गोलीले प्रहरीको हत्या हुन थाल्यो र प्रहरीको भागाभाग हुन थाल्यो। उक्त भिडन्तमा ११ जना प्रहरीको घटना स्थलमै हत्या भयो। लगातार ३ घण्टासम्मको लडाईमा राती ११ बजे माओवादीहरू चौकीलाई आफ्नो कब्जामा लिन सफल भएका थिए।

तत्पश्चात् माओवादीद्वारा गाउँलेका घर-घरमा प्रहरीको खोजी तलासी गर्न थालियो। सोही क्रममा छविलाल वली (मृतक) को घरमा प्रहरीको एम्बुस टोली नामको प्रहरी ड)फा बस्दै आइरहेको गाउँले बताउँछन्। माओवादीले घरको कोठा खोल्न लगाए। ढोका खोलेपछि प्रहरीद्वारा गोली चलाइयो र माओवादी कार्यकर्ता महेन्द्रको हत्या भयो। त्यतिबेला माओवादी समूहको भागा भाग सुरू भएपछि सोही मौका छोपी उक्त घरमा रहेका प्रहरी भाग्न सफल भएका थिए। पछि माओवादीद्वारा प्रहरी त्यही घरमा छन् भन्ने मनसायले घरभित्र वम ब्लाष्ट गरी घर नै उडाई दिएको एक माओवादी सुत्र जानकारी गराउँछन्।

सोही घरमा रहेका स्थानीय जनता धनरूपा सिंह, कमल सिंह छविलाल वली, जिते वली, मिरा सिंह, दुरपति वली, दले वली र रनबहादु सिंह उक्त घरमा पुरिए। तत्पश्चात् माओवादीद्वारा करिव साढे १ बजे उद्धार कार्य गर्न थालियो र जिवित रनबहादुर सिंह मृत अवस्थामा रहेका मिरा सिंह, दलै वली, दुरपति वलीलाई घर बाहिर निकालियो भने अन्य ४ जनालाई उद्धार गर्न नसकेको कुरा घाइते रनबहादुर सिंह बताउँछन्। सोही घटनामा घाइते भई अशक्त अवस्थामा रहेका ५ जना प्रहरीमध्ये पदमबहादुर मजगाईको पेट र लिङ्गमा गोली लागेको, लभबहादुर कार्कीको नाक र कानमा, साईला रिजालको दायाँ र बायाँ खुट्टामा, अर्जुनकुमार चौधरीको बायाँ खुट्टामा गोली लागि घाइते अवस्थामा थिए भने सुरेश पाण्डे सामान्य चोटपटकमा रहेको अवस्थामा माओवादीद्वारा बयान लिई छोडेको माओवादी सुत्र बताउँछ।

घाइते प्रहरीहरू ८० घण्टासम्म विना उपचार स्थानीय गाउँलेको सहयोगमा सोही ठाउँमा शक्तिबहादुर खत्रीको घरमा सकुसल रहेका थिए। सोही क्रममा स्थानीय बासिन्दा शान्तबहादुर वि.क.को टाउकोमा छर्रा लागी सामान्य घाइते भएका थिए भने पदमबहादुर सिंह, बलबहादुर खत्री र तिलकबहादुर खत्रीको घर चर्केको छ भने शक्तिबहादुर खत्रीको घरमा रहेको भैंसी गोली लागेर मरेको थियो।

बाहुनथान घटना

स्वलंगा बजारदेखि २ घण्टा टाढा रहेको स्वलंगा-६ बाहुन थानमा जेठ २६ गते बिहान ८ बजे ई: प्र. का. पाँच कटियाबाट भाग्न सफल ७ जना प्रहरी र बाटो कुरी बसेका करिव ८० देखि १०० सम्मका माओवादीबीच १५/२० मिनेट दोहोरो गोली हानाहान भएको थियो। उक्त घटनामा कुनै पनि पक्षलाई क्षति पुगेन र प्रहरीहरू स-कुशल जि. प्र. का. मा पुगेको प्रहरीले बताएको छ। त्यसको केही समय पछाडि २ जना नाम थाहा हुन नसकेका प्रहरीलाई घेराबन्दी गरी एक जनालाई घाइते बनाई आत्मसमर्पण गराई हतियार लिई छाडेको माओवादी पक्षले बताएको छ।

तातोपानी हत्याकाण्ड

जेठ २५ गते राती ११ बजे आफू जि. प्र. का. मा जाने कुरा बताएर पाँच कटियामा रहेका घाइते प्रहरीसँग विदा लिई हिँडेका प्र. नि. नवराज पौडेल

बिहान १० बजेतिर खलंगा-६ तर्फ हिडिंरहेको अवस्थामा गाउँलेहरूले उक्त बाटोमा प्रहरी र माओवादीबीच भिडन्त भएको र माओवादीहरू उक्त स्थानमै रहेको बताउँदै उक्त बाटो नजान पौडेललाई बारम्बार अनुरोध गरिरहेका थिए। प्र. नि. पौडेल एक्लै एक पिस्तोल र एक संचार सेटका साथ थिए भनि गाउँलेहरू बताउँछन्। तर, उनले मानेनन्। उनी गाउँदेखि केही टाढा तातोपानीतर्फ हिंडिरहेको अवस्थामा माओवादीको एक जथाले घेरेको र घेराबन्दी पछि केही माओवादीद्वारा आत्म समर्पण गर्न भनिएको तर आत्म समर्पण गर्नु अघि प्र. नि. पौडेलले गोली चलाई १ जना माओवादी कार्यकर्तालाई घाइते बनाएपछि माओवादी पक्ष पनि गोली चलाउन बाध्य भयो र माओवादीले चलाएको गोलीबाट पौडेलको मृत्यु भएको कुरा माओवादी पक्षले बताएको छ। तर उनलाई घेराबन्दी गरी निन्दनीय र अमानवीय व्यवहारले गोली तथा धारिलो हतियार खुकुरीले घाँटी सेरी, हात-खुट्टा टुक्रा-टुक्रा पारी हत्या गरी छाडेको प्रहरी पक्षले बताएको छ।

गाउँले पदमबहादुर सिंहको भनाइ

माओवादीद्वारा हामीलाई घरभित्र बस्न र बत्ती नबाल्न भनियो। त्यसपछि माइक लगाई माओवादीहरू बोल्न थाले र केही समयपछि गोलीहरू बर्सन थाले, घरहरू थर्कन थाले र हाम्रो जीवन आजसम्म रैछ भन्ने लाग्यो लडाई बन्द भएपछि माओवादीको एक हुल आई घरको ढोका खोल्न लगाए। घरभित्र प्रहरी छन् कि भनी कोठाहरू हेर्न थाले। प्रहरी नभएपछि फर्केर गए। बिहान थाहा भयो छविलालको सबै परिवार खत्तम भयो। म पनि हेर्न गएँ। यो दुःखलाग्दो घटना बारेमा माओवादीले पनि अलि हेरविचार गर्नुपर्ने थियो।

स्थानीय बासिन्दा तिलकबहादुर खत्रीको भनाइ

हामी खाना खान थालेका थियौं। एक्कासी गोली चल्यो। शुरूमा कसले गोली चलायो हामीलाई केही थाहा भएन। प्रायःजसो बन्दुक, राईफलभन्दा ठूलो स्वरले बम नै पड्किन्थे। यो दुवैतर्फबाट भएको हुनुपर्छ।

घटनाका सम्बन्धमा प्रतिक्रिया

कर्णबहादुर थापा, ढिमे गाविस अध्यक्ष

यो दुःखपूर्ण घटनाले प्रहरीहरू जनताको सुरक्षाको निम्ति बस्नु स्वभाविकै हो र माओवादी प्रहरीबीच ठाउँठाउँमा भिडन्त भई नै रहेका छन् तर, कमै मात्रामा सर्वसाधारणको हत्या भएको थियो। यहाँ अन्जान र अज्ञान बच्चाहरूको हत्या हुनुले दुःखपूर्ण घटना भएको छ। कसैको सन्तान नै मासिएको छ। जनता भनेका सबैका निम्ति हुन्। यस घटनामा माओवादी पक्षले गलत गरे जस्तो लाग्छ। विगतका दिनमा यो चौकीबाटै धेरै जनालाई वेपत्ता पार्ने र हत्या गर्ने काम भएको थियो। अब आइन्दा दुवै पक्षबाट यस्ता गल्ती कार्य नहुन् र दुवैले सच्याउँदै जानुपर्छ। सरकारले वार्ताको वातावरण तयार नपारी हिंसाको बदलामा हिंसा रोजेर निर्दोष जनता र प्रहरीको हत्या गर्ने, हत्या हुने काम गरेको छ। यस्ता खाले जघन्य अपराधका घटना हुन नदिन वार्ताको वातावरण तत्काल तयार पार्नु पर्छ।

अच्छुतप्रसाद शर्मा, ने. रा. शि. सं. जि. क. सचिव

अब प्रहरी नगिच बसेर सुरक्षा हुन्छ भन्ने जनताको सोच गलत सावित भएको छ। सर्वसाधारण जनता मारिनु गलत कार्य नै हो। ५/१० वर्षका बच्चाहरू कसैका समर्थक र कसैका दुश्मन हुन सक्दैनन्। त्यसैले उक्त घटना गराउने व्यक्ति वा समूहले गलत गरेका छन्। पहिले प्रहरीको व्यवहार जे जस्तो भए तापनि हाल प्रहरीबाट सर्वसाधारणलाई कुनै दुःख दिने काम भएको छैन। विगत वर्षहरूमा यही अवस्था रहेको भए जनता गलत बाटोतिर लाग्ने थिएनन्।

यमबहादुर खत्री, ने. का. जि. का. स. उपसभापति

यो घटना दुःखद घटना हो। यस्तो घटना दोहोरिन दिनु हुँदैन। यो सरकार वा घटना घटाउनेले फर्केर सोच्नु पर्ने हुन्छ। एक त यो गरीब मुलुकमा नै यस्तो युद्ध हुनुहुँदैनथ्यो। युद्ध सुरू भए यता सरकारले यसलाई हतियारले दबाउने नीति लियो। वार्ताको वातावरण तयार पारिएन। हिंसाले देश विकराल स्थितिमा जान्छ भन्ने कुरा सरकारले सोच्न सकेन। सत्ता प्राप्त हतियारबाट हुँदैन, हिंसालाई रोक्न सरकारले दमनबाट पनि हुँदैन, हिंसा र दमन नचलेको भए सायद निर्दोष जनता आज मारिने थिएनन्। सरकारले दबाएरै छाड्छु भन्दा पनि तत्काल वार्ताको वातावरण तयार पारिनुपर्छ। हाल यो घटना पछि प्रहरीहरू संयमित भई हिडेकाले राम्रो कार्य गरिका छन्। विगत समयमा प्रहरीले जति उद्दण्डता देखाए पनि हाल प्रहरीले त्यस्तो कुनै गलत कार्य गरेका छैनन्।

बेदराज सिंह, ने. वि. सं. जि. का. अध्यक्ष

यस दुःखद घटनाले पाठ सिकाएको छ- हिंसा वा प्रति हिंसा दुवैबाट हुनु हुँदैन। माओवादीहरू राजनीति गर्न चाहन्छन् भने जनतामाझ प्रस्तुत हुनुपर्दछ। प्रहरीले पनि संविधान र कानून बमोजिम कार्य गर्नु पर्छ। हत्या र हिंसाले जनतालाई नै असर गर्दछ। हाल प्रहरी माथिल्लो निकायको निर्देशनअनुसार कार्य गरिरहेका छैनन् र अत्याचार मच्चाई रहेका छन् र दोषीलाई कारवाही गर्नु पर्नेमा निर्दोषलाई कारवाही भइरहेको छ। यो समस्या सरकारले वार्ताद्वारा नै समाधान गर्नु पर्दछ। यसको अर्को विकल्प छैन। पाँच कटीया घटना अमानवीय तरिकाले घटाइएको घटना हो।

निरज आचार्य, प्र. रा. यू. सं. के. स.

पाँच कटियामा घटाएको घटनाले मलाई गम्भिर तुल्याएको छ। त्यो घटना अत्यन्त निन्दनीय छ। घरमा बसिरहेका ३ वर्षदेखि १२ वर्षमित्रका ५ जना अबोध बालबालिका र २ जना सर्वसाधारणको पासविक हत्या भएको छ। यसले आन्दोलनकारी समूहलाई फाइदा गरेको छैन, अझ बदनाम पारेको छ। त्यो घटनाले दुवैतर्फ ठूलै जनधनको क्षति पुगेको छ। वास्तवमा जनता हरेक बस्तुको नयाँ ढंगबाट विकास र निर्माण गर्न चाहन्छन्। तर विनाशका पक्षमा मने जनताहरू छैनन्। यदि उनीहरू राजनीतिक पार्टी हुन मने, राजनीतिको संस्था हुन मने राजनीतिक ढंगबाट जानुपर्छ।समस्याहरूको निश्कर्ष राजनीतिकरूपबाट नै निस्कने हुन्छ।

करवीर शाही, ने. क. पा. (एमाले जि. क. स.

यो दुःखद र निन्दनीय घटना हो। एकातिर माओवादीहरू जेनेभा कन्भेन्सनको कुरा उठाइरहेका छन् भने अर्कोतर्फ त्यसको उल्टो दिशातर्फ माओवादीहरू गइरहेका छन्। मान्छेलाई बन्दी बनाएपछि मारिनु जेनेभा कन्भेन्सन विपरित होइन र? अर्कोतर्फ घरभित्र बसेका मानिसलाई खोजविनको विषय नबनाई हत्या गरिनु राम्रो होइन। नाबालकहरू के बुर्जुवा वर्गका हुन् त ? वार्ताको कुरा हाल माओवादीले आ)नो गल्तीलाई ढाक छोप गर्न र ओझेलमा पार्न अपनाइएको साजिस हो। प्रहरीको व्यवहार हाललाई समग्र रूपमा राम्रो छ। तर, उनीहरू अन्ततः थकित भइसकेका छन्।

घटनाको सम्बन्धमा माओवादीको धारणा

हामीले चलाएको युद्ध जनतालाई सस्वाप पार्न होइन। पाँच कटियामा केही निर्दोष जनता मारिएका छन्। त्यस विषयमा पार्टीले भोलि बोल्ने छ। त्यसमा हामी दुःख प्रकट गर्दछौं। यस घटनाले हामीलाई थप पाठ सिकाएको छ। घटना हुनु अघि केही जनतालाई हामीले सू-सुचित गरिसकेका थियौं।

नोट :

ईलाका प्रहरी कार्यालय र प्रतिक्षालय ध्वस्त भइसकेको छ भने छविलाल वली बस्ने घर ध्वस्त भई छविलाल वली र उनका छोरा जिते वलीको लाश फेला पर्न सकेको थिएन। बाँकी लाश माओवादीले फेला पारी एकै खाल्डोमा हाली जलाई दिएका थिए।

सच्याइएको

गतांकमा प्रकाशित आयोगका अध्यक्ष र सदस्यहरूको संक्षिप्त परिचय मा २०४१ मा स्थापना भएको मानवअधिकार संरक्षण मचमा सुशील प्याकुरेलले लामो समयसम्म केन्द्रीय सदस्यमा रही काम गर्नु भएको हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

– सम्पादक

अध्ययनशील साहित्यकारका मनपर्ने लेखकहरू

– राजव

"तपाईलाई मनपर्ने साहित्यकार कुन कुन हुन् ?" नेपाली साहित्यको अन्तर्वार्ता फाँटको यो शाश्वत प्रश्न मलाई पनि सोधिएको थियो । यही प्रश्न कुनै समय नेपालका प्रथम दाढीवाल कवि लेखनाथ पौडेललाई पनि सोधिएको थियो । महाकवि देवकोटालाई पनि सोधिएको थियो । भीमनिधि तिवारीलाई पनि सोधिएको थियो । भवानी भिक्षुलाई पनि सोधिएको थियो । अस्ति स्वर्ग सिधार्नु पूर्व विजय मल्ललाई पनि सोधिएको थियो । भरखरै गोविन्दबहादुर मल्ल गोठालेलाई पनि सोधिएको रहेछ । दौलतविक्रम विष्टलाई सोधिएको रहेछ । यसरी कत्तिलाई सोधिएको रहेछ । कत्तिलाई सोधिने छ- "तपाईलाई मनपर्ने साहित्यकार कुन कुन हुन् ?"

तर मलाई पनि सोधिएको यही प्रश्नको उत्तरमा म मौन भएको थिएँ । किनभने त्यसबेलासम्म मैले आफूलाई मनपर्ने साहित्यकारहरूको पुस्तक पढ्न पाइसकेको थिइन । किनभने तिनको पुस्तक मैले किन्न सकेको थिइन । यसउसले तिनको पुस्तक मेरो घरमा अहिलेसम्म रहन पाएको छैन । र, मेरो घरमा भएका अन्य पुस्तकहरू मलाई मनपर्ने साहित्यकारका परेनन् । वास्तवमा ती पुस्तक मैले किन्न परेका पुस्तक पनि हैनन् । किनभने ती पुस्तक मैले तिनकै लेखकबाट फोकटमा सादर पाएको हुँ । यसरी प्राप्त हुन सकेको भए म तिनलाई अवश्य पढ्ने थिएँ । फलतः म पनि उपरोक्त प्रश्नको उत्तरमा तिनको नाम क्रमशः उल्लेख गर्न अवश्य सक्ने थिएँ । फोकटमा उपलब्ध हुन नसकेकै कारण मैले भानुभक्त, लेखनाथ, लक्ष्मीप्रसाद, गोपाल प्रसाद, भूपि, विजय मल्ल, गोठाले, वी.पी., ध्रुवचन्द्र, ईश्वरवल्लभ, मोदनाथ आदि आफूलाई मनपर्ने लेखक, कविका पुस्तक हालसम्म पढ्न पाइन । यसले गर्दा मलाई सोधिएको त्यो शाश्वत प्रश्न "तपाईलाई मनपर्ने साहित्यकारहरू कुन कुन हुन् ?" को जवाफ मैले दिइन । तर, कुनै एक पटक दिन बाध्य भएपछि मैले भनेको थिएँ- "मलाई मनपर्ने लेखक जन्मन बाँकी छ ।"

यस दृष्टिमा म इमान्दार हुँ । किनभने पढ्दै नपढी मनपर्ने साहित्यकारहरूको नाम उल्लेख गर्ने चालु कर्म मैले गरिन । तर, यो शाश्वत कर्म नगर्दा मलाई धेरैले हयाए । र, हयाउँदै तिनले मलाई उपदेश पनि दिए- "हेर्नुस् देशविदेशका राम्रा राम्रा साहित्यकारहरूलाई पढ्नुपर्छ ..." ।

"अनि चोर्न सकिन्छ" एकाएक मेरो मुखबाट फुत्त निस्क्यो ।

"हैन पढेपछि राम्रो लेखनको ज्ञान हुन्छ, साहित्यको "ट्रेन" थाहा हुन्छ .... ।"

तिनको यो पछिल्लो ज्ञान हुने कुरो स्वीकारेर पनि पुस्तक किन्न प्रेरित हुन नसक्दा म त्यो ज्ञान हुने अवसरबाट चाहिं आजसम्म वंचित भइरहेको छु । मलाई विश्व साहित्यको ज्यौं जेने, क्यामु, बेकेट, थ्रण्टन वाइल्डर, मैथ्यू अर्नाल्ड त के आफ्नै देशका देवकोटा, रिमाल, गोठाले, भिक्षु, दौलत, कोइराला, आदिको पनि ज्ञान हुन सकेको छैन । त्यसकारण नेपाली साहित्यको त्यो शाश्वत प्रश्न "तपाईलाई मनपर्ने साहित्यकार कुन कुन हुन् ?" को जवाफमा म अरूझैं "मलाई स्वदेशका देवकोटा, रिमाल, भूपि, गोठाले र विदेशका ब्रेख्त, नेस्दा, पाज, मार्खेज, बोर्खेज, फैज, जाफरी" मनपर्छ भन्न सक्दिन । र, म अध्ययन गर्न बाँकी नै छ भन्ने आत्मसत्य ओकल्न बाध्य हुन्छु ।

तर सबै म जस्ता हुँदैनन् । किनभने आजकाल नेपाली साहित्यमा देखिने धेरै अध्ययनशील छन् । ती अध्ययनशील छन् भन्ने कुरो तिनले उल्लेख गरेका तिनका मनपर्ने साहित्यकारहरूको सूचीले नै जनाउँछ । यस्तै केही अध्ययनशील साहित्यकारहरूसंग भएको मेरो बेलाबखतको वार्ताको नमूना अब प्रस्तुत गर्दछु-

मैले इट्स र किट्स मन पराउने भन्ने मानिंदै आएको एक भयानक कविसंग सोधेको थिएँ-

"तपाईलाई इट्सको कुन कुन कृति मन पर्‍यो

जवाफमा उनले भनेका थिए- "कृतिको नाम त बिर्सें तर जुन पढेको थिएँ, त्यो औधी राम्रो लागेको थियो ।"

अनि मैले फेरि थप सोधेको थिएँ- "त्यो राम्रो लागेको कुरो के थियो त ?"

"अहिले म ठ्याक्कै भन्न त सक्दिन, किनभने बिर्सिसकें, तर त्यसमा उहाँको भाषा, शैली, रस, चिन्तन आदि एकदम राम्रो थियो ।"

यस पश्चात मलाई उहाँसंग अरू बढी कुरा गर्नु पर्लाजस्तो लागेन । किनभने त्यति वार्ताबाटै उहाँको अध्ययनको गम्भीरता हात लागिहाल्यो ।

यस्तै चौपट गम्भीर अध्ययनका अर्का किट्स र इट्सप्रेमीसंग मैले सोधें- "हाइपेरियन भन्ने काव्य किट्सको हो कि इट्सको हो दाजु ? म त एकदम भ्रममा परें, त्यसकारण दाइसंग सोधेको ...." यसको जवाफमा मलाई दाजुबाट हाइपेरियन इट्सको हो भन्ने ज्ञान प्राप्त भयो । यस्तै काउन्टलेस क्याथलिन किट्सको कृति हो भन्ने पनि उहाँले नै स्मरण गराउनु भयो । त्यसपछि मैले उहाँलाई नै सोधेको थिएँ-

"इट्सको पूरा नाउँ के होला दाजु ?"

उहाँले भन्नुभएको थियो-

"जोन इट्स"

अनि सोधेको थिएँ-

"किट्सको पूरा नाम चाहिं के होला त दाजु ?"

"वीलियम वट्लर किट्स"

" ए sss ... "

अध्ययन यस्तै गम्भीर भएका अमेरिकी लेखक विलियम सरोयाँ मनपराउने एक खारिएका नेपाली लेखकसंग मैले सोधें-

"तपाईले भनेपछि मलाई पनि अध्ययन गर्न मन लाग्यो, कुन देशका रहेछन् विलियम सरोयाँ ?"

उनले फुत्त भने-

"फ्रेञ्च लेखक हुन्"

मैले सोधें-

"सार्त्रका समकालिन हुन कि क्या हो ?"

उनले त्यसैगरी भने-

"हो ... सार्त्र र उनी फाँस्वाँ दि डेला क्याफेमा सधैं साँझ कफी पिउँथे ... ।"

" ए sss ..."

नेपाली साहित्यका यस्तै एक ब्रेख्त प्रेमीसंग मैले सोधें-

"ब्रेख्तको कुन नाटक राम्रो होला ?"

"वेटिङ्ग फर गोदो"

"अनि उनको कविता संग्रह कुन राम्रो होला ?"

"ककेसियन चकसर्कल पढ्नुस्, त्यसमा ब्रेख्तको सर्वश्रेष्ठ कविताहरू संकलित छन् ।"

"अहिले उनी जीवितै छन् कि ?"

"कहाँ ? ... उनको मृत्यु त इ. सं. १८५९ मा नै भएको हो नि ?"

"ए sss उनी उन्नाइसौं शताब्दीका लेखक हुन् कि क्या हो ?"

"हो त "

" ए sss ....."

उहाँको यी कुराहरूले उहाँ कुन हदसम्मको ब्रेख्तप्रेमी हुनुहुन्छ भन्ने मनोरञ्जन गराउँछ । नेपालमा यस्ता मनोरञ्जक लेखक धेरै नभए पनि केही हुनुहुन्छ । विशेष गरी पट्यार लागेको बेलामा म उहाँहरूसंग भेट्ने गर्छु । उपरोक्तानुसारको कुरा गरेर मनोरञ्जन प्राप्त गर्ने गर्छु । यसका लागि शुरूमा उहाँहरूसंग सोध्ने गर्छु- "यहाँलाई मनपर्ने स्वदेशी विदेशी लेखक कुन कुन हुन् ?"

का.जि.का.द.नं. २१ ४९ ५०

२०५७ साल साउन २ गते ससदबाट

कमैया राख्न नपाउने घोषणा भयो।

- जस्ले कमैया राख्छ, त्यसलाई १० वर्षसम्म कैद सजायँ हुन्छ।
- सोकी तिनु पर्दैन।
- कम्तीमा दिनको ६०।– र घण्टाको साढ सात रुपैयाका दरले ज्याला लिनुपर्छ।
- अहिलेसम्म काम गरेको हर्जाना माग्न पाइन्छ।
- बुकुरा जमिन्दारले नै दिनु पर्छ।

कमैयाको थात-वासको जिम्मा सरकारले लिनुपर्छ।

कमैया सरोकार समूह